# नेपाल एकीकरणमा बडामहाराजा श्री ५ पृथ्वीनारायण शाहको देन



नेपाल प्राचीनकाल देखि नै विशाल रहेको तथ्य इतिहासले प्रमाणित गरेको छ । यद्यपि नेपालको प्रामाणिक इतिहास अहिले भन्दा १५०० वर्षअघिदेखि अर्थात लिच्छविकालदेखि पाइन्छ । लिच्छविकालका अभिलेखहरू र तत्कालीक अरू ऐतिहासिक प्रमाणबाट प्राचीनकालमा नेपालराज्य ठूलो थियो भन्ने कुरा सिद्ध भइसकेको छ । लिच्छविकालपछि नेपालराज्यको त्यो अवस्था रहेन र नेपालराज्य क्रमशः टुक्रिदै गयो । विक्रमको बाह्रौं शताब्दीमा नेपालको केन्द्रका शासनको अधिकार लमजुङसम्म रहेको पाइन्छ भने विक्रमको चौधौं शताब्दीमा केन्द्रका शासकले नुवाकोटसम्म आफ्नो राज्य पुग्नु पनि गौरव गर्नुपर्ने विषय हुन आयो । राजा यक्ष मल्लको मृत्युपछि नेपाल मण्डल तीन राज्यमा विभक्त हुन पुग्यो । यसैगरी पूर्व र पश्चिममा पनि टुक्रिदै नयाँ-नयाँ राज्य देखिन थाले । यही क्रमले पूर्व र पश्चिम सबैतिर गरी विक्रमको अठारौं शताब्दीको पूर्वार्द्धमा नेपालभित्र नै ५२ वटा भन्दा बढि  राज्यहरू खडा हुन आए ।[1]

१ महेशराज पन्त, "वि.सं. १८७१-७२ को नेपाल-अंग्रेज युद्धमा नेपालले हार्नुको एउटा ठूलो कारण", *पूर्णिमा,* अंक १, (२०२१), पृ.३१ ।



यस बेला दक्षिणतिर भारतमा मुगल साम्राज्य क्रमैसँग अस्ताउँदै थियो भने अंग्रेज इष्ट इण्डिया कम्पनीका व्यापारीहरूको चकचकी भने क्रमशः बढ्दै गएको थियो । यस अवस्थामा धेरै दिनसम्म नेपालको अवस्था पूर्ववत् रहनसक्ने कुरा थिएन । यसरी टुक्रिएर छिन्नभिन्न अवस्थामा पुगेको नेपालको एकीकरणको आरम्भ श्री ५ पृथ्वीनारायण शाहबाट भयो भन्ने कुरा त प्रसिद्धै छ । पृथ्वीनारायणको यस कार्यबाटनै नेपालको अस्तित्व रहन गएको हो । यसरी नेपाल र पृथ्वीनारायण शाह पर्यायवाची शब्द बन्न गएका छन् । गोरखामा लिच्छविकालका दुईवटा शिलालेख पाइएका छन् । राजा शिवदेव (द्वितीय) का ती शिलालेखबाट लिच्छविकालदेखिनै गोरखाको विशिष्ट स्थान रहेको बुझिन्छ । नेपालको धेरै भू-भागमा र कुमाउँ गढवालमा तथा पश्चिमी भोटमा समेत आफ्ना राज्य फैलाउन सफल भएका सिंजाका मल्लहरूको शासनअन्तर्गत केही काल गोरखा पनि रहेको थियो । सिंजाका मल्लहरूको राज्य टुक्रिएपछि गोरखा कुनै बेला यक्ष मल्लको शासनअन्तर्गत र कुनै बेला पाल्पाका राजा मुकुन्द सेनको शासनअन्तर्गत पनि रहेको थियो ।

लमजुङका राजा यशोब्रम्हा शाहका छोरा राजकुमार द्रव्य शाहले वि.सं. १६१६ मा गोरखामा अधिकार जमाइ स्वतन्त्र राज्य स्थापना गरेदेखि नै गोरखाको लमजुङसँग झगडा सुरू भइहाल्यो । द्रव्य शाहद्धारा नयाँ आर्जिएको स्वतन्त्र राज्य गोरखामा मेरो अधिकार हुनुपर्छ भन्ने लमजुङका राजा नरहरि शाहको भनाइलाई द्रव्य शाहले स्वीकार नगरेका हुनाले यो झगडा बढ्दै गयो । गोरखालाई हात लाउन लमजुङेहरूद्धारा बारम्बार कोसिस भइरहेको हुनाले गोरखालीहरूले कहिले पनि निःशङ्क भएर बस्न पाएनन् । बाबु द्रव्य शाहले स्थापना गरेको गोरखाराज्यलाई पूर्ण शाहले केही विस्तार गरे ।[2]

२ *ऐजन,* पृ. ३१-३३ ।

राजा पूर्ण शाहका छोरा राजा राम शाहले पूर्व तथा उत्तरतिर आफ्नो राज्यको धेरै विस्तार गरी गोरखालाई बलियो बनाए । राम शाहले पाटनका राजा सिद्धिनरसिंह मल्लसँग सम्बन्ध जोडेको वर्णन वंशावलीमा पाइन्छ । वंशावलीमा राजा डम्बर शाहले राज्यविस्तार गर्न सकेको वर्णन पाइँदैन । तापनि काठमाडौंका राजा प्रताप मल्लले वि.सं. १७०५ मा कृष्णदेवलमा राखेको शिलालेखमा सिद्धिनरसिंह मल्लको सहायताको लागि हात्तिसमेत लिएर आएका डम्बर शाहलाई हराएको वर्णन गरेकोले डम्बर शाहले बाबुको बिंडो थामेको देखिन्छ । यसरी द्रव्य शाहका नाति तथा पनातिले पूर्वतिरको अभियान जारी राखेका थिए भन्ने स्पष्ट हुन्छ ।

डम्बर शाहका नाति राजा रूद्र शाहको पालामा वि.सं. १७२८ मा पाटन र भक्तपुरसहित गोरखा पनि मकवानपुरमा लड्न गएको वर्णन मल्लकालका ठ्यासफुमा पाइन्छ ।[3] रूद्र शाहका छोरा राजा पृथ्वीपति शाहले आफ्नो राज्य बढाउने अभियान त चालु गर्न सकेनन र उनले आफ्नो लामो राज्यकालमा धेरै वर्ष लमजुङेहरूबाट च्यापिएर रहनुपऱ्यो । तर उनले आफ्नो पुर्वजहरूको पुर्वतिर बढ्ने अभियानमा एउटा ठूलो परिवर्तन ल्याए, त्यो हो मल्ल राजाहरूसँग मितेरी लाउने तथा भेटघाट गर्ने काम । पृथ्वीपति शाहले वि.सं. १७३५ मा हनुमानढोका राजदरबारको मोहनचोकमा ललितपुर र भक्तपुरका भारदारका समक्ष काठमाडौंका राजा नृपेन्द्र मल्लसँग मितेरी लाएको वर्णन नेपाल भाषामा लेखिएको तात्कालीन टिपोटमा पाइन्छ ।[4] त्यसैगरी वि.सं. १७४२ मा पनि पृथ्वीपति शाहले नेपालखाल्डोको यात्रा गरी मोहनचोकमा काठमाडौंका राजा पार्थिवेन्द्र मल्ल

३ *ऐजन*।

४ *ऐजन*।



तथा भक्तपुरका राजा जितामित्र मल्लसँग भेटेको बयान पाइन्छ । सोही वर्णनमा ललितपुर एक्लो पऱ्यो भन्ने उल्लेख पनि छ । यसरी डम्बर शाहको पालामा मित्र भएको ललितपुर पृथ्वीपति शाहको पालामा शत्रु भएको देखिन्छ भने डम्बर शाहको पालामा शत्रुको रूपमा रहेको कान्तिपुर भने पृथ्वीपति शाहको पालामा मित्रको रूपमा रहेको देखिन आएको छ । यी वर्णन र ठ्यासफुमा लेखिएका गोरखाले एक पक्षको विरूद्ध अर्को पक्षसँग मिली काम गरेको अरू वर्णनबाट गोरखाले मल्ल राज्यमा आफ्नो प्रभाव जमाउन गर्दै आएको कुटनैतिक चालवाजी पृथ्वीपति शाहको पालामा पनि चालु देखिन्छ ।

पृथ्वीपति शाहका नाति राजा नरभुपाल शाहको समयमा पनि नेपालखाल्डोका राज्यहरूले परम्परामा गरेको युद्धमा एक पक्षसँग मिली गोरखाले भाग लिनेकुरा यथावत् जारी रह्यो । यो कुरा वंशावली तथा भक्तपुरका राजा रणजित मल्लले भक्तपुर राजदरबार, ठिमी, नकदेशमा राखेका ताम्रपत्रहरूबाट बुझिन्छ । नेपालखाल्डोको राजकाजमा कहिले कुनै राज्यको, कहिले कुनै राज्यको पक्ष लिएर हात हाल्दै आएका गोरखालीहरूले ती राज्यका कमजोरी थाहा पाएका हुनाले नरभुपाल शाहको समयमा नुवाकोटमा आक्रमण गरी त्यसलाई आफ्नो अधिकारमा ल्याउन खोजे । तर योजनाबद्ध रूपमा काम नभएकोले त्यस युद्धमा गोरखालीहरूको हार भयो र त्यस घटनाबाट खिन्न भएका नरभुपाल शाह विक्षिप्तजस्ता हुन पुगे भन्ने वर्णन वंशावलीमा पाइन्छ ।[5]

वि.सं. १७७९ पौष २७ गते जन्मेका पृथ्वीनारायण शाहले गोरखालीहरूले पूर्वतिर बढ्न गरेको यस

५ *ऐजन*।

कोशिषको बारेमा सानैदेखि नै सुन्दै आएका थिए । पश्चिमतिरबाट आफ्नो राज्यको रक्षा गर्नु र पुर्वतिर राज्य बढाउँदै जानु द्रव्य शाहको समयदेखि गोरखालीहरूको नीति जस्तै भएको थियो । स्वयं पृथ्वीनारायण शाहले पनि नुवाकोटमा आक्रमण गर्न जानुभन्दा अगाडि चेपेघाट्मा राजा रिपुमर्दन शाहसँग गरेको सन्धि यस प्रसँगमा स्मरणीय छ । पृथ्वीनारायण शाहको पहिलो विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको थियो । यस सम्बन्धले दाम्पत्य सुखको अनुभव गर्न त दिएन । तर पृथ्वीनारायण शाहलाई गोरखाको एउटा सामान्य राजाको रूपमा मात्र होइन कि टुक्रदै गई आफ्नो अस्तित्वको अज्ञानले गर्दा विलिन हुन लागिसकेको नेपाल राष्ट्रलाई पुनः विदेशीहरूसँग टक्कर लिन सक्ने राष्ट्रको रूपमा परिणत गर्ने युगपुरूषको रूपमा चिनाउन यस विवाहको ठूलो महत्व छ ।

पृथ्वीनारायण शाह आफ्नी विवाहिता पत्नीलाई आफ्नो राज्य गोरखामा ल्याउन मकवानपुर पुगेका थिए । पृथ्वीनारायणका जेठान दिग्बन्धन सेन अलि घमण्डी थिए । मकवानपुर राज्यमा तराईको प्रदेशपनि भएकोले त्यहाँबाट हुने आयले गर्दा मकवानपुरे सेनहरू अलि मात्तिएका थिए । यही सुरमा पृथ्वीनारायणलाई सानो तथा निर्धन राज्य गोरखाको युवराज सम्झी दिग्बन्धन सेनले हेप्न खोज्दा स्वाभिमानी पृथ्वीनारायणलाई त्यो सह्य भएन र उनी दुलही नलिई रित्तै हात गोरखा फर्के । यसको साथै उनको हृदयमा क्रोधाग्नि बन्न थाल्छ र यी मकवानपुरीहरूलाई कसरी सिध्याउने भन्ने सोचाइँमा उनी लाग्छन् । त्यहाँबाट आफ्नो राज्य गोरखा फर्कदा बाटोमा पर्न आएको चन्द्रागिरीबाट नेपालखाल्डोका तीन शहर काठमाडौ, पाटन र भक्तपुरको झलक देख्न पाएका पृथ्वीनारायण शाह ती राज्यको समृद्धिबाट प्रभावित भै यिनलाई जिती आफ्नो राज्यमा मिलाउने सपना देखे ।



वि.सं. १७९९ पौष २५ गते बाबु नरभुपाल शाहको मृत्यु भएपछि पृथ्वीनारायण शाह गोरखाको राजा भए । यसपछि आफ्ना बाबुको इच्छा तथा आफ्नो पनि योजनाभित्र परेको नुवाकोटमा पृथ्वीनारायण शाहले आक्रमण गरे । तर योजनाबद्ध रूपमा काम नभएकोले यस युद्धमा पराजय भयो र जसरी नरभुपाल शाहको समयमा गोरखालीहरूले नुवाकोटबाट फर्किनुपर्‍यो, त्यसैगरी यसबेला पनि हार खाएर फर्किन गोरखालीहरू बाध्य भए । नुवाकोटको पहिलो युद्धमा पराजयका अनुभव गरेपछि पृथ्वीनारायण शाह यस विषयमा गहिरिएर सोच्न बाध्य भए । यसपछि उनी काशीतिर लागे र त्यहाँ भारतको तात्कालीक परिस्थितिको अध्ययनको साथसाथै केही शस्त्र सँग्रह गरी उनी गोरखा फर्के । त्यसपछि योजनाबद्ध रूपमा नुवाकोटमा आक्रमण भयो र वि.सं. १८०१ आश्विन १५ गते नुवाकोटमा गोरखालीहरूको प्रवेश भयो । यसै घटनाबाट नेपाल एकीकरणको श्रीगणेश भयो ।[6] वास्तवमा बडामहाराजा पृथ्वीनारायण शाह एक कुशल सिपाही र सेनापति नै थिए । किनभने उनले नुवाकोट विजय हमलामा र कीर्तिपुरको हमलामा समेत आफैले सेनाको नेतृत्व गरी युद्ध लडेका थिए ।

नुवाकोटको विजयपछि नेपालखाल्डोबाट कुती तथा केरूङ भई चल्ने भोटसँगका प्रमुख दुई वाणिज्यमार्गमध्ये एउटा केरूङपट्टिको व्यापार पृथ्वीनारायणको हातमा पर्‍यो । भोटतिरको व्यापार केही चलेपछि गोरखाराज्यको समृद्धि पनि केही बढ्यो तथा गोरखालीहरू अलि बढी शक्तिशाली हुँदै गए । नुवाकोट विजय भएको २/३ वर्षभित्रमा पृथ्वीनारायण शाह नेपाल खाल्डोभित्रका विभिन्न ठाउंमा आफ्नो अधिकार जमाउन सफल भए तर चांडै नै ती ठाउंबाट गोरखालीहरू धपाईए पनि । यताबाट गोरखालीहरूलाई पहाडी प्रदेशलाई आफ्नो कब्जामा नल्याई मैदानी भागमा आक्रमण गर्दा फाइदा नहुने अनुभव हुन्छ । यसपछि नेपालखाल्डोका

६ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ३१ ।

चारैतिरका थुम्काहरूमा आफ्नो अधिकार जमाउने रणनीतिमा पृथ्वीनारायण शाह लागे । यसैको फलस्वरूप वि.सं. १८११ श्रावण २१ गते नालदुम (हालको नगरकोट) कब्जा गरे । यसपछि खासा र कुतीपट्टिको वाणिज्यमार्ग पनि पृथ्वीनारायण शाहको हातमा पऱ्यो ।

नेपालखाल्डोका चारैतिरका थुम्काहरूमा आफ्नो कब्जा जमाउने यस रणनीतिमा पूर्णरूपमा सफल भएपछि नेपालखाल्डोका भित्री भागका अग्ला ठाउंहरूमा आफ्नो अधिकार जमाउनेतिर पृथ्वीनारायण शाहको ध्यान गयो । यसै प्रसँगमा वि.सं. १८१४ जेष्ठ १९ गते पाटन राज्यअन्तर्गत रहेका कीर्तिपुरमा आक्रमण भयो । परन्तु: सो क्षेत्र अग्लो ठाउंमा परेको र सो क्षेत्र पाटनको अम्बलमा परे तापनि कीर्तिपुर गुम्यो भने हामीलाई पनि खतरा हुन्छ भनेर नेपालखाल्डोका अरू मल्ल राजाहरूलाई पनि विचार आएकोले तीनओटा मल्ल राजाहरू (काठमाडौंका जयप्रकाश मल्ल, भक्तपुरका रणजित मल्ल तथा पाटनका राज्यप्रकाश मल्ल) का सेनासँग पृथ्वीनारायणको सेनाको केही लागेन र यस युद्धमा पराजित भई गोरखालीहरूले पछि हटे । पृथ्वीनारायण शाहको सुरूदेखिका अनुभवी सहयोगी कालु पाण्डेको यसै युद्धमा मृत्यु भयो ।[७] कालु पाण्डेको मृत्यु भई कीर्तिपुरमा नराम्रोसँग हार भएकोले गोरखालीहरूको विजय यात्रा केही काल रोकियो ।

---

७ शिवप्रसाद शर्मा र अन्य, *नेपालको सैनिक इतिहास,* (काठमाडौं : शाही नेपाली जंगी अड्डा, २०४९), पृ. ४५० । तुलसीराम वैद्य, *पृथ्वीनारायण शाह : दी फाउण्डर अफ मोडर्न नेपाल,* (नयाँ दिल्ली : अनमोल पब्लिकेशन, सन् १९९३), पृ. १५० ।



कीर्तिपुरमा भएको हारबाट अनुभव प्राप्त गरी क्रमशः शक्तिसञ्चय गर्दै गोरखालीहरू अघि बढ्दै रहे । यसरी वि.सं. १८१९ सम्ममा नेपालखाल्डोको तीन मल्ल राजाहरूका धेरै क्षेत्र आफ्नो कब्जामा ल्याउन गोरखालीहरू सफल भए । पृथ्वीनारायणको आफ्नो जेठान दिग्बन्धन सेनसँग सुरूमै खटपट भएको कुरा माथि परिसकेको छ । यसो भएतापनि पृथ्वीनारायणका ससुरा हेमकर्ण सेन बांचुन्जेलसम्म यसले उति उग्ररूप लिएन । वि.सं. १८१६ मा हेमकर्ण सेनको मृत्यु भएपछि दिग्बन्धन सेन मकवानपुरका राजा भए । पृथ्वीनारायण शाहले पछिपछि नेपालखाल्डोलाई घेर्ने नीति अवलम्बन गर्दै जादां बाहिरबाट यहाँ आवश्यक चिज आउनै नदिने नीति लिए । नेपालखाल्डोको दक्षिणतिर पृथ्वीनारायण शाहको विरोधी शासन (मकवानपुर) रहिरहेकोले केही मात्रामा भएपनि यहाँबाट आवश्यक चीज भित्री नै रहेको थियो । यही दृष्टिकोणबाट नेपालखाल्डोको नाकाबन्दी अझ कस्ने विचारले पृथ्वीनारायण शाह मकवानपुरमा आक्रमण गरे । विलासले गर्दा जर्जर भइसकेका मकवानीहरू गोरखालीहरूको अगाडि अड्न सकेनन र एक झमटमा भनेजस्तो मकवानपुर गोरखामा मिल्न गयो । यसरी वि.सं. १८१९ भाद्र ९ गते मकवानपुर तदानुसार २१ अगस्त १७६२ मा पृथ्वीनारायणको कब्जामा आयो ।[8]

मकवानपुरका सेन राजाहरूको भारतका नवाबहरूसँग पहिलेदेखि नै विशेष सम्बन्ध थियो । त्यसैले मकवानपुरमा पृथ्वीनारायणको कब्जा भएपछि केही मकवानीहरू बंगालका नवाब मीरकासिमकहाँ फिराद गर्न पुगे । मीरकासिम अंग्रेजहरूका विरोधी थिए भने अंग्रेजहरूको प्रवेश हुन नसक्ने दुर्गम पहाडी क्षेत्रमा अधिकार जमाउने सुरमा उनी थिए । यसकारण मकवानीहरूको निमन्त्रणाले उत्सुक भएका मीरकासिमको सेनापति

---

८ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ५२ ।

गुरगीन खाँ ठूलो सैन्य दल लिएर नेपाली भू-भागमा आक्रमण गर्न आए । तर पृथ्वीनारायणको सेनाको अगाडि पहाडी क्षेत्रको ज्ञान नभएका मीरकासिमका सेनाको केही लागेन र करिब ५०० नाल हतियार र २ वटा तोप लगायत आफ्ना धेरै मानिस र सामग्रीहरू गुमाएर हिड्न उनीहरू बाध्य भए । यस लडाइको फलस्वरूप पृथ्वीनारायणको सेना बन्दुकले बढी सुसज्जित हुन पुग्छ भने नेपाली जात त्यति निर्बलियो होइन भन्ने कुरा पनि संसारकोअगाडि प्रत्यक्ष हुन पुग्छ । तिनै हतियारबाट नेपाली सेनामा पहिलो पटक ५ वटा कम्पनी खडा भएका थिए ।[९] यसपछि गोरखालीहरूको बल निकै बढ्यो । नेपालखाल्डो वरिपरिका प्रदेशहरू जित्दै, आफ्नो नाकाबन्दीको नीति लागु गर्दै पृथ्वीनारायण शाह अगाडि बढिरहे । पृथ्वीनारायण शाहको विजयले ति स्थानका बासिन्दाहरूले अझ होलो र सजिलो अनुभव गर्ने हुनाले उनको विजयले क्रमशः स्थायी रूप लिदै गयो ।

वि.सं. १८२२ चैत्र ३ गते कीर्तिपुर विजय भएपछि पृथ्वीनारायण शाहको नेपालखाल्डो भित्रकै महत्वपूर्ण अग्लो ठाउंमा कब्जा भएकोले गोरखालीहरूको बल अझ बढ्यो । गोरखालीहरूले आफुलाई प्रतिदिन च्याप्दै ल्याएकोले जयप्रकाश मल्ल अंग्रेजहरूलाई यहाँ ल्याउन पाए त गोरखालीहरू धपाउन सकिन्छ भन्ने आशमा थिए । यता अंग्रेजहरू पनि पृथ्वीनारायणको सेनाद्धारा मीरकासिमको पराजय भएपछि पृथ्वीनारायणको शक्तिद्धारा सशंकित भएका थिए र यस शक्तिलाई कलिलै अवस्थामा निमोठ्न उनीहरू उत्सुक थिए । यसैले पृथ्वीनारायण शाहलाई गिराउनु जयप्रकाश आदि मल्ल राजा र अंग्रेज दुवैथरीको अभिष्ट भएकोले अंग्रेजहरू नेपालभित्र आए । पहिले त अंग्रेजहरू तराईमा खुरूखुरूअगाडि बढे । तर पहाड उक्लन लागेपछि सिन्धुलीमाढी भन्दाअगाडी पौवागढीमा पृथ्वीनारायण शाहको सेनाद्धारा अकस्मात् आक्रमण हुँदा अंग्रेजी सेना सम्हालिन सकेनन् र हातहतियार

---

९ *ऐजन*, पृ. ४ ।



छोडी कुलेलम ठोके । वि.सं. १८२४ मा भएको यस युद्धपछि पृथ्वीनारायणको प्रतिष्ठा अझ बढ्यो । यसपछि नेपालखाल्डोका राजा जयप्रकाश र अरू मल्ल राजाहरू अझै हतासिए ।

पृथ्वीनारायण शाहको नाकाबन्दी कसिंदै गयो नेपाल खाल्डोका तीनै शहरमा । तर अझ पनि किल्लाको रूपमा रहेको काठमाडौं शहर हात पार्न पृथ्वीनारायण शाह सफल हुन सकेनन । आखिरमा वि.सं. १८२५ आश्विन १३ गते पृथ्वीनारायण शाह काठमाडौं नगरमा प्रवेश गर्न सफल भए । त्यस दिन इन्द्रजात्राको उत्सव चलिरहेको थियो । त्यसैले शहरका ढोकाहरूमा सुरक्षाको त्यति राम्रो प्रबन्ध थिएन । केही समय युद्ध लडि जयप्रकाश मल्ल तलेजुमा बारूद छरि आफ्ना केही सैनिकसाथ पाटनतिर भागे ।[१०] विजयी गोरखाली सेनाको नगरमा प्रवेश भयो । पृथ्वीनारायणको आज्ञाले कुमारीको यात्रा यथावत् चलिरहयो । खालि राजगद्दीमा जयप्रकाशको ठाउंमा पृथ्वीनारायण बसे । अन्तर यति नै हुन्छ । तलेजुमा छरिएको बारूद पड्किंदा सेनापति तुलाराम पाण्डे घाइते भए र पछि मृत्यु भयो । यसरी वि.सं. १८०१ आश्विन १५ गते नुवाकोटमा प्रवेश गर्न सफल भएका पृथ्वीनारायण शाह २४ वर्षसम्मको निरन्तर परिश्रमपछि धेरै धनजनको क्षति सहेर नुवाकोटभन्दा ७ कोस पर पूर्वदक्षिणमा रहको काठमाडौं शहर हस्तगत गर्न सफल भए । त्यस भन्दा अगाडी वि.सं. १८०३ देखि १८२५ असोज १५ गतेको विहानसम्म पृथ्वीनारायण शाहले आफ्नो Tactical Capital (युद्धकालिन राजधानी) काठमाडौंको पश्चिममा रहेको दहचोक डांडोलाई बनाएका थिए । यही डाडोमा बसेर उनले नुवाकोट पूर्व टिष्टासम्मको युद्ध सञ्चालन गरेका थिए । दहचोक इलाका सैनिक इतिहासमा धेरै महत्वपूर्ण छ । तर यसको इतिहास खोतल्न सकिएको छैन ।

---

१० पन्त, पादटिप्पणी संख्या १, पृ. ३३ ।

जयप्रकाश मल्ल पाटन पुगेपछि त्याहांका राजा तेजनरसिंह मल्ल हड्बडाए । दुवै राजा वि.सं. १८२५ आश्विन २० गते भक्तपुरको राजा रणजित मल्लको शरणमा गए । रणजित मल्लले शरणको मरण गर्दैनन् । काठमाडौं जितेपछि नजिकै रहेको पाटन पनि आफ्नो हातमा पार्ने उद्योगमा पृथ्वीनारायण शाह लागे । पाटनमा सक्रिय भइ शासन गर्ने ६ थरी प्रधानहरू पृथ्वीनारायणको शरणमा जानु ठिक ठान्छन् र काठमाडौं जितेको ११ दिनपछि वि.सं. १८२५ आश्विन २४ गते विनायुद्ध नै पाटन पृथ्वीनारायणको अधिकारमा आयो ।[11] पृथ्वीनारायण शाह यसरी पूर्वतिर बढ्न क्रमशः सफल हुँदै गए पनि पश्चिमबाट लमजुङको नेतृत्वमा चौबीस राज्यहरूबाट बराबर गोरखामा आक्रमण भई नै रहयो र कहिलेकहीं त गोरखा राज्य थाम्न नै धौ-धौ पर्‍यो । "सिमाना जोडिएको राज्य शत्रुराज्य हुन्छ, शत्रुराज्यको सिमाना जोडिएको राज्यचाहिं मित्रराज्य हुन्छ" भन्ने कौटिल्यको सिद्धान्तअनुसार पृथ्वीनारायण पनि चौबीसेभन्दा पर रहेका बाइसेहरूलाई आफ्नो मित्र बनाउन पुगे । उनको यो नीति सफल हुन्छ पनि । यस नीतिको सफल कार्यान्वयनको लागि पृथ्वीनारायण जाजरकोटसँग मीत्रता बांध्छन् भने सल्यानी राजा कृष्ण शाहका छोरा राजकुमार रणभीम शाहसँग आफ्नी छोरी राजकुमारी विलासवतीको विवाह वि.सं. १८२३ मा गरिदिए । जाजरकोट तथा सल्यानसँगको यस सम्बन्धले पृथ्वीनारायणको समयमा चौबीसेहरूलाई गोरखातिर बढ्न रोक्ने काममा मात्र होइन कि पृथ्वीनारायण पछि श्री ५ रणबहादुर शाहको राज्यकालमा राजकुमार बहादुर शाहको नायकत्वमा पश्चिमविजयको जो ठूलो अभियान सुरू भयो, त्यसमा पनि मद्दत गरेको थियो ।

११ *ऐजन* ।



यसरी काठमाडौं र पाटनको विजयपछि लगत्तै पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गरेनन् । यसो नगर्नाका विभिन्न कारणमध्ये भक्तपुरका राजा रणजित मल्ल पृथ्वीनारायणका मीतबाबा हुनु पनि एउटा थियो । रणजित मल्लका छोरा वीरनरसिंहसँग पृथ्वीनारायण शाहले मीत लाएका थिए ।[12] यसैले पृथ्वीनारायण शाह आफ्ना मीतबाबा रणजित मल्ललाई पटाउने दाउमा लागे । तर पृथ्वीनारायण शाहको यो नीति सफल हुंदैन र आखिरमा पृथ्वीनारायण शाह भक्तपुरमा आक्रमण गर्न बाध्य भए । तीन दिनसम्मको घमासान युद्धपछि वि.सं. १८२६ मार्ग १ गते भक्तपुरमा पृथ्वीनारायण शाहको विजय भयो ।[13] नेपालखाल्डोका तीन शहरमा सबभन्दा बढि धनजनको क्षति भक्तपुरमा प्रवेश गर्दा नै भयो । त्यस युद्धमा कान्तिपुरबाट भागेर आएका जयप्रकाश मल्ल गोरखाली सैन्यको गोलीले घाइते भए उनको उपचार गरियो । तर उनी नबाँच्ने ठहरिएपछि आफ्नो इच्छाअनुसार पृथ्वीनारायणको आज्ञाले पशुपति आर्यघाट पुऱ्याइए । वि.सं. १८२६ मार्ग ७ गते जयप्रकाश मल्लको आर्यघाटमा मृत्यु भयो । पृथ्वीनारायणको आज्ञाले जयप्रकाशको प्रतिवर्ष सरकारी कोषबाट श्राद्ध गराउने काम सुरू भयो । सो काम प्रतिवर्ष नेपाल सरकार कौसी तोशाखानामा ठेकिएको दरबन्दी अनुसार हुन्छ ।[14] यस कामबाट पृथ्वीनारायणको उदारता झल्किछ । बाह्र हजार घर भएको गोरखाका राजा पृथ्वीनारायण शाहले आफूभन्दा शक्तिशाली तथा ठूला विभिन्न राज्यलाई जित्न सक्नुमा उनको सैनिक शक्तिमात्र कारण थिएन भन्ने स्पष्ट छ । यस्तै काम गरेर पृथ्वीनारायण शाहले दुनियाँको मन जितेका थिए । पृथ्वीनारायण शाहले कुनै ठाउंमा पनि विजय प्राप्त गर्नासाथ त्यहांका देवदेवता, धार्मिक र साँस्कृतिक मान्यताहरूको रक्षा गर्ने तथा

१२ *ऐजन*, पृ. ३३-३४ ।

१३ *ऐजन* ।

१४ *ऐजन* ।

स्थानीय व्यक्तिहरूलाई कुनै कष्ट नदिई दुनियांलाई अनुकूल पारेका थिए । उनको विजय स्थायी हुनुमा यो एउटा प्रबल कारणको रूपमा रहेको छ ।

आफ्ना मीतबाबु रणजित मल्ललाई पृथ्वीनारायण शाहले आफ्नो इच्छा सोद्धा रणजित मल्ल काशीवासको इच्छा प्रकट गरेकाले उनलाई काशीवास पठाए । वि.सं. १८२६ माघे सङ्क्रान्तिका दिन काशी हिंडेका रणजित मल्ल भारत पुगेपछि केही काल पृथ्वीनारायण शाहको विरूद्धमा चली आफ्नो इच्छा नपुग्दै वि.सं. १८२८ जेष्ठ १३ गते काशीमै स्वर्गे भए ।[15] पाटनका राजा तेजनरसिंह मल्ल चाहिं झ्यालखानामा राखिए र त्यही नै उनको मृत्यु भयो । त्यसपछि पृथ्वीनारायण शाह आफ्नो राज्यभन्दा पश्चिमपट्ट रहेका लमजुङ आदि राज्य विजय गर्ने काममा लागे । सुरूमा उनलाई यस काममा सफलता प्राप्त हुन्छ । तर चांडै नै चौबीसेहरूको सँगठित सैन्यबलको अगाडि गोरखालीहरूको केही लाग्दैन । सिन्धुपाल्चोकको साँगाचोकको लडाइँमा वीरगति पाएका शिवरामसिंह बस्न्यातका माहिला छोरा केहरसिंह बस्न्यात यस युद्धमा वीरगति पाउंछन् भने कीर्तिपुरको युद्धमा वीरगति पाएका कालु पाण्डेका जेठा छोरा वंशराज पाण्डे चाहिं शत्रुसैन्यको हातमा बन्दी बन्न बाध्य भए ।[16] यसरी नराम्रोसँग हार खाएर गोरखाली सैन्य गोरखा फर्कन बाध्य भए । पश्चिम विजय गर्न जाँदा भएको कटु अनुभवबाट शिक्षा पाएका पृथ्वीनारायण शाह यसपछि पूर्वको अभियानमा लागे । पृथ्वीनारायण शाहका कुशल सेनानायकद्धारा हांकिएको फौज चाडैं नै पूर्वका चौदण्डी र विजयपुर दुई सेनराज्य हस्तगत गर्न सफल

---

१५ *ऐजन* ।

१६ हनुमानसिंह बस्न्यात तथा पुर्णमानसिंह बस्न्यात, *श्रीपाली बस्न्यात परिचय,* (काठमाडौ : श्रीपाली बस्न्यात समाज, २०५८), पृ. २६-२७ ।



भयो । यसरी नेपालको सिमाना सुखिम (सिक्किम) सँग जोडिन पुग्यो ।

गोर्खा र लम्जुङबीचको चेपे नदीभन्दा पूर्व र हाल सिक्कीमको टिष्टा नदि पश्चिमसम्मको भू-भागको एकीकरण सकिएको थियो । यसको केही कालपछि पश्चिमपट्टि फेरि राज्यविस्तार गर्ने विचार लिएर पृथ्वीनारायण शाह नुवाकोट पुगे । नुवाकोटमै पृथ्वीनारायण शाहको पश्चिमविजयको योजना बन्यो । पृथ्वीनारायणका मामाले गरूड भनिएको लमजुङ आदि पश्चिमी राज्य जितेर आफ्नो राज्यमा मिलाउने पृथ्वीनारायणको इच्छा पूरा हुन सकेन । त्यतिखेर नै पृथ्वीनारायण शाह कडा रोगबाट थलिए । आफ्नो अन्त्य अवस्था नजिकै आएको अनुभव पृथ्वीनारायणलाई भयो । तर उनी धैर्यशाली भएकाले त्यति आत्तिदैनन् र आफ्ना भारदारहरूलाई बोलाएर उपदेश दिए । त्यस उपदेशमा उनी आफ्नो जीवनमा घटेका महत्वपुर्ण घटनाको साथै आफूलाई के गरूला भन्ने लागेको थियो भन्ने कुरा बताए यस नेपाल राष्ट्रले आफ्नो अस्तित्व राख्ने हो भने कुन नीतिको अवलम्बन गर्नुपर्छ भन्ने कुरामा विस्तृत प्रकाश पारेका थिए । आखिरमा वि.सं. १८३१ माघ १ गते ५२ बर्षको उमेरमा नुवाकोटको देवीघाटमा पृथ्वीनारायण शाहको स्वर्गवास भयो ।

## कुटनीति तथा रणनीति

नेपाल "दुई ढुङ्गाबीचको तरूल" भनेर पृथ्वीनारायण शाहको उपदेशले नेपालले सधै चीन जस्तो उत्तरी शक्ति र दक्षिणको भारतसँग सन्तुलित र व्यवहारिक सम्बन्ध कायम गर्नुपर्दछ भन्ने उपदेश दिएको छ । आजपनि हामी चीन र भारतबीच "समदुरी" को कुटनीतिक धार समाइरहेका छौं । कौटिल्यको साम, दाम, दण्ड र भेदको नीतिलाई कुशलतापूर्वक पृथ्वीनारायण शाहद्धारा पहल गरिएको थियो भने समयचक्रअनुसार ती सबै

नीतिको संयुक्त प्रयास पनि एकैचोटि राज्यमाथि गरिएको पनि पाइन्छ । जस्तो मल्ल राज्यहरू तथा चौवीसे राज्यहरूमध्ये कतिसँग त्यस्तो प्रयास भएको थियो । पृथ्वीनारायण शाहद्धारा पूर्वका राज्यहरूमाथि विजय प्राप्त गर्ने क्रममा पश्चिमका चौवीसे र बाइसे राज्यहरूसँग शान्ति-सम्झौता-सन्धी-आर्थिक प्रलोभन आदि नीतिहरू अवलम्बन गरिएको थियो । अर्कोतिर मल्ल राज्यहरूलाई जीत्ने उद्देश्यले दक्षिणबाट अंग्रेज शासक र उत्तरतिरबाट तिब्बती शक्तिले कुनै बाधा विरोध वा हस्तक्षेप नगरोस् भनेर उनीहरूलाई सम्झौताद्धारा तटस्थ गरिएको थियो । त्यस्तै काठमाडौं हान्दा पश्चिमका शक्तिशाली राज्यहरू लमजुङ र तनहुँलाई पनि निष्कृय पारिएको थियो । त्यसैगरी तीन मल्ल राज्यहरूलाई विजय गर्ने नीतिअनुसार तीनै राज्यहरूलाई साम, दाम, दण्ड र भेद नीतिद्धारा परस्पर विरोधी र कमजोर बनाई उनीहरूलाई क्रमशः परास्त गरिएको थियो ।

त्यस बखतको गोर्खाराज्य एक नवोदित सानो र कमजोर राज्य देखिन्थ्यो । जनशक्ति र आर्थिक शक्तिको दृष्टिले गोर्खा राज्य झनै कमजोर देखिन्थ्यो । त्यस्तोबेला पनि पृथ्वीनारायण शाहबाट बाइसे-चौबीसे राज्यहरूमाथि विजय प्राप्त गरी एक शक्तिशाली एकीकृत राज्य खडा गर्ने अभियान आर्थिक सशक्तिकरण विना सम्भव थिएन । राष्ट्रिय ढुकुटीको सम्बृद्धिको निम्ति पृथ्वीनारायण शाहबाट आन्तरिक बन्दव्यवसाय, उद्योग, व्यापार आदिको समुचित व्यवस्था भएको कुरा हामी उनको उपदेश र इतिहासबाट थाहा पाउन सक्दछौं । साथै आर्थिक शक्ति सञ्चय गरेपछि राष्ट्रको सुरक्षा तथा एकीकरणको निम्ति आवश्यक आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले पृथ्वीनारायण शाहबाट सर्वप्रथम गोर्खा राज्यदेखि पूर्वको राज्यहरू र तिनमा पनि पहिलेको काटमाडौं उपत्यका विजय गर्ने लक्ष्य राखी तदनुरूप अभियान चालेको थिए । एकातिर तिब्बतसँग सम्झौता गरी व्यापारका व्यवस्था अर्कातिर मल्ल राज्यहरूलाई घेर्ने महत्वपूर्ण नाकाहरूको कब्जा र त्यसपछि उपत्यकाका तीन राज्यहरूमाथि विजय प्राप्त गर्ने अभियान पृथ्वीनारायण शाहका दुरदर्शी आर्थिक रणनीति थिए ।



पृथ्वीनारायण शाहको आर्थिक रणनीति नै भावी सैनिक तथा राजनैतिक एकीकरणको मेरूदण्ड थियो । उनको एकीकरण विजयको रणनीतिमा पहिले पूर्वतिर विजय गरी पछि पश्चिममाथि विजय अभियान सञ्चालन गर्नु थियो । पूर्वतर्फ अघि बढ्दा पश्चिमका बलिया चौविसे राज्यहरूलाई गोरखामाथि आक्रमणबाट रोक्ने दाउले उनीहरू कसैलाई सम्झौताद्धारा र कसैलाई आर्थिक सहयोग तथा प्रोत्साहन समेत गरेको पाइन्छ । यहाँसम्म कि कान्तिपुर विजय गर्नुअघि एकचोटि कान्तिपुर राज्यसँग मिली संयुक्त सिक्का बनाउने र तिब्बतसँग व्यापार गर्ने सफल कार्य समेत भएको थियो ।

पृथ्वीनारायण शाहलाई राष्ट्रनिर्माण र एकीकरणको अभियान यात्रामा लाग्दा सर्वप्रथम एक कुशल, कुशाग्र र दुरदर्शी प्रशासनिक रणनीतिकारको रूपमा इतिहासले सावित गरेको पाइन्छ । राष्ट्रिय एकीकरणको अभियान चाल्नुभन्दा पहिले त्यसको पूर्व तयारीको रूपमा केही पूर्वाधारहरू तयार गर्नु आवश्यक थियो । त्यसैले पृथ्वीनारायण शाहबाट सर्वप्रथम प्रशासनिक एकीकरण तथा सवलीकरणको सुत्रपात भयो । साथै आफ्नो पुराना र अन्य भारदारहरूलाई पनि एकीकृत र सँगठित गरी सबैलाई यथोचित दायित्व प्रेरणा र प्रोत्साहन दिई राष्ट्रिय अभियान र सशक्त शासन व्यवस्था कायम गर्नमा ऐतिहासिक भूमिका खेलियो । पृथ्वीनारायण शाहबाट देशका जनता, साहुमहाजन, कृषक, भलादमी सबैलाई एक सुत्रमा समेटी राष्ट्रको एकीकृत शक्ति र सँगठन तयार पारेर मात्र राष्ट्रिय एकीकरणको विशाल अभियान थालिएको पाइन्छ । यो चानचुने कुरो थिएन । यो त एक कुशल शासकमा विशेष रूपले हुनुपर्ने कुशाग्र, दुरदर्शी परिणाम थियो । यसैको बलबुतामा वास्तविक राष्ट्रिय रणनीतिको उदय हुन सक्यो, जसको परिणामस्वरूप त्यसताका एक नवोदित तथा कमजोर गोरखा राज्य कालान्तरमा साम्राज्यशाली, शक्ति सम्पन्न, नेपाल अधिराज्यको रूपमा उदियमान हुन सक्यो ।

सैनिक आँखाबाट केलाउँदा पृथ्वीनारायण शाहको सबैभन्दा महत्वपूर्ण पक्ष सैनिक रणनीति नै हो । गोरखा जस्तो सानो भुरे राज्यबाट सुरू गरेर एक विशाल नेपाल राष्ट्र सैनिक बाहुवलको आडमा खडा गर्नु सानो कुरा थिएन । विश्वमा विरलै पाइने यस्ता उदाहरणहरू छन् । रणनीतिक आधारमा त पृथ्वीनारायण शाहलाई हाम्रो परम्परामा कौटिल्य, चीनका महान पौराणिक रणनीतिकार सुन जु, इटालीका मेकावेली, जर्मनीको विस्मार्क आदिको संयुक्त रूपलाई हेर्न सकिन्छ । कहिंकहि त पृथ्वीनारायण शाहलाई अझै अग्रणि नायकको रूपमा पनि पाइन्छ । नेपोलियनले १९ औं शताब्दीको सुरूतिर भनेका थिए-"सेना विना न त राज्यको राजनैतिक स्वतन्त्रता न नागरिक स्वतन्त्रता नै रहन्छ ।" नेपालमा पृथ्वीनारायण शाहले त्यो अगावै १८ औं शताब्दीको पूर्वाद्धमा नै त्यस सुत्रलाई कार्यान्वयनमा उतारेको पाइन्छ । पृथ्वीनारायण शाहबाट एकीकरणको लागि सैनिक रणनीतिको अठोट गर्दा रणनीतिलाई समय र परिस्थिति उपयोग गर्ने कलाको रूपमा प्रयोग भएको पाइन्छ । सैनिक रूपले उपत्यका जित्नको निम्ति हतियार र अर्थमात्र होइन, पृथ्वीनारायण शाहको त्यस्तो नीति कुटनीति पनि त्यतिकै सफल थियो । पृथ्वीनारायण शाहबाट पर्याप्त रूपमा अनुशरण र कार्यान्वयन भएको थियो । प्रथमतः चौविसे राज्यहरूलाई सैनिक रूपले गोर्खामाथि नखनिउन भनी तटस्थ राख्ने काम गरियो भने अर्कोतिर तिब्बत र अंग्रेजअर्न्तगतको भारतलाई पनि त्यस्तै तटस्थ पारिएको थियो । मल्ल राज्य जित्नको लागि चारैतिरका पहाडी गढहरूमाथि आधिपत्य प्राप्त गर्नु पर्दथ्यो । त्यसको निम्ति पहिले नुवाकोट कब्जा गर्नुपर्दथ्यो । ती सबै कार्यहरू कुशलता र बहादुरीका साथ समयमै पूरा गरी पृथ्वीनारायण शाहबाट नेपाल मण्डलका तीन मल्ल राज्यहरूमाथि आर्थिक नाकाबन्दी गरी उनीहरूमाथि सैनिक विजय प्राप्त गर्ने काम भएको थियो । त्यतिखेरको युद्धकलालाई हाल २१ औं शताब्दिको युद्धकलासँग दाज्दा पनि हाल भएका लडाईंका सिद्धान्त र युद्धकला भन्दा कम छैनन् । जसको लागि राजा पृथ्वीनारायण शाहले पहिलो पटक विजय



प्राप्त गरेका नुवाकोटको हमलामा प्रयोग भएका युद्धकलालाई सैनिक रणनीतिसँग विश्लेषण गर्नको लागि यहाँ प्रस्तुत गरिएको छ ।

नेपालको एकीकरण र नेपाली सेनाको इतिहासमा नुवाकोटको तेस्रो हमलाको (नरभुपाल शाहको पालाको १ पटक र उनको पालाको २ पटक गरी) ठूलो महत्व छ । यसको सफलताको लागि सैन्य सँगठन, हतियारको व्यवस्था तथा सैनिक तालिमको समेत थालनी भई यहाँदेखि नै नेपाली सेनाको सँगठनात्मक रूपले जन्म भएको मान्न सकिन्छ भने नेपाल एकीकरणको शिलान्यास पनि यहीबाट भएको थियो । साच्चै भन्ने हो भने राजा पृथ्वीनारायण शाह, नेपाली सेना र नुवाकोटको विजयलाई सैनिक तथा राष्ट्रिय इतिहासबाट समेत महत्वपूर्ण रहेको कुरा निर्विवाद छ । यस हमलाबाट नै नेपालमा सेना र हतियारको विकास भएको थियो । तेस्रो पटकको हमलामा जानुअघि पृथ्वीनारायणशाहले हमलाको लागि व्यवस्थापकिय तयारी गरी धेरै सावधानी अपनाएका थिए ।

खेतालारूपी सैन्यको सट्टा सँगठनात्मक रूपरेखाबाट सेनाको तत्कालिन अत्याधुनिक हतियार व्यवस्था गर्नु, खुकुरी, तरबार, खुँडा, भाला जस्ता अस्त्रले मात्र नुवाकोटको विजय हुने नठानी विदेशबाट बन्दुक र बन्दुक चलाउने र बनाउने व्यक्तिहरूसमेत झिकाई शस्त्रबाट गरिने युद्धकलाको थालनी गर्नु, दुई-दुई पटकसमेत मार खाइसकेका सेनाहरूको मनोबलसमेत बुझेर सैनिक युद्धविद्या सिकाइ, पेशागत तालिम दिने कामको शुरूवात गर्नु, सेना र भारदारको मनसायअनुसार सबैले रूचाएको सेनानायकको नियुक्ति गर्नु तथा हमलामा बढेको बेला छिमेकी शत्रुराज्य लम्जुङले गोर्खामाथि हमला नगरोस् भन्नाखातिर लम्जुङलाई यथास्थितीमा राख्न कालु

पाण्डेमार्फत गोर्खा र लम्जुङबीच धर्मपत्र बनाई सही गर्नु अति दुरदर्शी पहल थियो ।[17] त्यसको साथै हमलामा सबैको साथ जुटाउनको लागि गोर्खा राज्यभरि सबै जात तथा परिवारसँग यथासक्य सहयोग जुटाउने र गोर्खाली फौजबाट नै युद्धविद्या सिकी सेनाबाट निकालिएका जयन्त रानालाई गोर्खाको सम्पुर्ण युद्धविद्या थाहा भएकोले अब हुने हमलामा युद्धविद्यामा नै परिवर्तन गरिएको थियो । उक्त युद्धलाई विश्लेषण गर्दा सैनिक कारवाहीमा छक्याउनु र धोकामा पार्ने कामको ठूलो भुमिका रहेको पाईन्छ । यसर्थ उक्त उद्देश्य हासिल गर्न नुवाकोट विजय हमलामा गोर्खाली सेनाले निम्नलिखित तरिका अपनाएका थिए [18] :-

(क) विभिन्न दिशाबाट हमला गर्नु : विगतमा भएको हार र संयुक्त मल्ल फौजका सेनानायक जयन्त रानाको अनुभवलाई समेत मध्यनजर राखी तीन दिशाबाट एकै पटक हमला गर्ने निधो भयो । एउटै दिशाबाट हमला गर्दा २ पटकसम्म हार भइसकेकोले यसप्रकारको नयाँ युद्धविद्याको प्रयोग गरिएको थियो :-

(१) गेर्खु-महामण्डल दिशा : नुवाकोटे फौजको अति महत्वपूर्ण (आडिलो) जमिन नै महामण्डल थियो । यसलाई कब्जा गर्न सकिएमा नुवाकोटका बाकी भागहरू स्वतः कब्जा गर्न सकिने भएकोले यहाँबाट गोर्खाली फौजको मुख्य हिस्सा प्रयोग गरिएको थियो । यस फौजको नेतृत्व

१७ शिवप्रसाद शर्मा, तुलसीराम वैद्य र त्रिरत्न मानन्धर (सं.), *नेपालको सैनिक इतिहास,* (काठमाडौं : नेपाली जंगी अड्डा, २०४५), पृ.३२८ ।

१८ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ३४-३७ ।



पृथ्वीनारायण शाहको भाई दलमर्दन शाहले गरेका थिए ।

(२) धरमपानी-महामण्डल दिशा : मल्ल फौजले धरमपानी इलाकामा समेत अगाडिका रक्षा पंक्तिहरू राखेकोले यस दिशाबाट अगाडि बढ्न फौजले धरमपानीदेखि नै दुश्मनलाई परास्त गर्दै अन्तमा महामण्डल पुग्नु थियो । यस फौजको नेतृत्व पृथ्वीनारायण शाहको भाई चौतारा महोद्दमकीर्ति शाहले गरेका थिए ।

(३) तीनधारे-नुवाकोट दिशा : पहिला दुई टोलीले महामण्डल कब्जा नगरेसम्म यो टोली चुपचाप नुवाकोट बेसीमा बस्ने थियो । महामण्डल कब्जा भएको खबर पाउनासाथ यस टोलीले उकालो दिशामा रहेको दुश्मन माथी हमला गरी नुवाकोट गढी कब्जा गर्ने तारतम्य मिलाइएको थियो । यस फौजको नेतृत्व पृथ्वीनारायणशाह स्वयंले गरेका थिए ।

(ख) छक्याउने विधिहरूको प्रयोग : विस्तारै अघि बढि सबै फौजलाई खिन्चेत बेसी तथा आसपासको इलाकामा जम्मा गरेर त्यसै इलाकालाई दरिलो स्थान (फर्म बेस) बनाई दिनभर खेत खन्ने, कुलो काट्ने काममा लगाउने र रातभर हमलाको लागि अभ्यास गर्ने र युद्ध विद्या पढाईने गर्दा मल्ल फौजलाई कुनै पत्तो नै भएन ।

(ग) मनोवैज्ञानिक युद्धको प्रयोग: मल्ल सेनानायक जयन्त रानालाई चुपचाप गोर्खाली सेनापट्टि मिलेमा हुने फाइदा र नमिली गोर्खालीले लडाई जितेमा उसलाई पुग्ने क्षतिसमेत दर्शाई विभिन्न लेखापढी तथा

समाचारको आदान प्रदानसमेत गर्न लगाइएको थियो । यसबाट जयन्त रानाले गोर्खाली सेनापट्टि मिल्दै नमिल्ने जवाफ पठाए तापनि उनको मनमा खुल्दुली बढी आत्मभरोसामा ह्रास आएको थियो ।

(घ) प्रतिकुल मौसमी अवस्थाको छनौट : त्रिशुली नदि तर्न गाह्रो भै पहिला पहिलाका हमला प्रायः हिउदमा हुने भएकोले गोर्खालीले वर्षाद याममा हमला गर्लान् भन्ने कुरा नुवाकोटे फौजमा हुने छैन भन्ने अठोट गरी पृथ्वीारायण शाहले (असोज) वर्षामासलाई हमला गर्ने समयको छनौट गरे जुन कुरामा नुवाकोटे फौजलाई पनि शङ्का लागेको थिएन ।

(ङ) लुकाउ र छिपाउको प्रयोग : करिब १३०० भन्दा बढी फौजलाई एकै पटक, एकै तांती लगाएर हमलाको लागि अगाडि बढाउनु सफलता प्राप्तिको लागि सम्भव थिएन ।[19] यसर्थ उनले गोर्खाबाट खिन्चेत उतार्न मात्र चार बास राखी विस्तारै-विस्तारै अध्यारो र छिपाउको अधिकतम प्रयोग गरी गोर्खाली सेनाको हर्कतलाई लुकाउन सफल भएका थिए ।

(च) अविच्छिन्न रूपबाट चीयो गर्नु : गोर्खाली सेनाले खिन्चेतबाट नुवाकोटमाथि विशेष निगरानी राख्दै थियो । यही सिलसिलामा गोरखाली फौजसँग झगडा परी निस्केको, भागेको आदि वहाना र छद्मभेषमा समेत

१९ *ऐजन* ।



गोर्खाली फौजबाट नुवाकोटे मल्ल सेनाभित्र घुसपैठ गरिसकेका थिए जसबाट दैनिक खबर प्राप्त भइरहेको थियो । ज्योतिषीको साइत र जयन्त राना मगरको अनुपस्थिति पनि मिलाइएको थियो । जुन दिन गोर्खालीले हमला गऱ्यो त्यस बेला जयन्त राना काठमाडौंमा इन्द्रजात्रा मान्न गएको थियो । नुवाकोटको उचाइमा रहेको फौजको तैनाथी उनका छोरा शङ्खमणिरानाले बुझेका थिए र गोर्खाली फौजसँग लड्ने नुवाकोटे सेनानायक नै शङ्खमणि राना थिए ।

(छ) गुरिल्ला ट्याक्टिसको प्रयोग : गोर्खाली सेनालाई हालको गुरील्ला युद्ध गर्ने फौजको जस्तो तेजिलो हमला गर्ने र सो हमलाले प्रतिकार गर्न प्रतिरक्षाको फौजले मौका नपाओस् भन्नाखातिर अप्रत्यासित हमला गर्न र दुश्मनको मुख्य नेतालाई घेरामा हाली पक्रने वा मार्ने युद्धकलाको प्रयोग गरिएको थियो ।[20]

(ज) रातमा नदी तर्नु : खिन्चेत इलाकाका माझीका नाइके जुलवा माझीलाई हात लिई रातमा मात्र थुप्रै पानीडुङ्गाहरू बनाउन लगाई माझीहरूकै मिलोमतोबाट रातभर हमलावार फौजलाई त्रिशुली नदी तार्ने काम गरिएको थियो । जुन कार्यबाट नुवाकोटे फौज गोप्य तरिकाले छक्किएको थियो ।

(झ) मीर्मीरे उज्योलो (फष्ट लाइट) मा हमला गर्नु : दुश्मनलाई छकाउन, त्रिशुली नदी पार गर्न र नदी पार गरेर पुनः तयारी हुनसमेत अध्यारो समयकै प्रयोग गर्नुपर्ने बाध्यतालाई समेत मध्यनजरमा राखेर एच-

२० *ऐजन* ।

आवर (हमला गर्ने ठेट समय) निकालिएको थियो । २६ सेप्टेम्बर १७४४ को मीर्मीरे उज्यालोमा हमला गर्दा सुतिरहेको नुवाकोट फौज अत्यासमा परी भागाभाग भएको थियो ।



## नेपाल एकीकरणमा रानी राजेन्द्रलक्ष्मीदेवीको देन



नेपाल एकीकरणको इतिहासमा राजा प्रतापसिंहकी रानी राजेन्द्र लक्ष्मीदेवीको अति नै महत्वपूर्ण देन रहेको छ । राजेन्द्रलक्ष्मीको ऐतिहासिक देन त्यस वखत रहेको गोरखा राज्यको अस्थिरता, चौबीसे राज्यहरूको शक्ति, राजदरबार तथा राजसत्तामा आइपरेको अन्यौललाई रानी राजेन्द्रलक्ष्मीले सम्हालेर राजा पृथ्वीनारायण शाहले समेत एकै पटकमा एकीकरण गर्न आँट गर्न नसकेको तनहुँ, कास्की, लम्जुङ जस्ता शक्तिशाली राज्यलाई नेपालभित्र गाभ्नु साँच्चै नै बहादुरीको उदाहरण देखिन्छ । कुनै बेला गोरखाभन्दा ती राज्यहरू निकै नै शक्तिशाली भएर रहेका थिए । रानी राजेन्द्रलक्ष्मीले सेना तथा सेनापतिहरूको मनोबल बढाई चौबीसे राज्यहरूको योजनालाई विफल पारिन् । उनको पहलता, सहास तथा नेतृत्वलाई इतिहासले सम्मान गर्नेछ ।

रानी राजेन्द्रलक्ष्मी, त्यस वखतको अति शक्तिशाली राज्य पाल्पाको राजा मुकुन्द सेन (द्वितीय) की छोरी थिइन् । बाल्यावस्थामा नै उनको विवाह श्री ५ पृथ्वीनारायण शाहको ज्येष्ठ पुत्र युवराज प्रतापसिंह शाहसँग भएको थियो । उनी गोरखा दरबारमा भित्रिएदेखि नै सधैं एकीकरण, हातहतियार, सिपाही, तालिम, दुश्मनसित लडाईको छलफल, योजना तथा कमी-कमजोरीहरूको विषयमा प्रत्यक्ष र अप्रत्यक्ष रूपबाट सुनिरहन्थिन् । दरबारीया कुराकानी पनि एकीकरणकै विषयमा भइरहन्थ्यो । यसर्थ सानै उमेरदेखि नै रानी राजेन्द्रलक्ष्मीले लडाई र सिपाहीहरूको विषयमा रूचि लिएर ध्यानपुर्वक सुन्थिन् । जसबाट उनमा आत्मविश्वास, साहस तथा पुरूषार्थको भावना बढ्दै गयो ।

दुर्भाग्यवश लगभग ३ वर्ष पनि राज्य गर्न नपाई विफरको व्यथाबाट प्रतापसिंह शाहको स्वर्गारोहण भयो । करिब अढाई वर्षको छोरा युवराज रणबहादुर शाह नेपालको राजा भए र नायबीको रूपमा राजमाता राजेन्द्रलक्ष्मी रहिन् । सर्वजित रानामगरलाई प्रधानसेनापतिको नियुक्तिमा काजी बनाईन । नायबीको शुरूमा राजेन्द्रलक्ष्मीले वेतियामा निर्वासित देवर राजकुमार बहादुर शाहलाई नेपाल झिकाई भाउजु र देवर भएर संयुक्त रूपमा नावालक राजा रणबहादुरको नायबी भै राजकाज सम्हाले । कामको बाँडफाँडमा राजदरबार तथा निजामती सेवासम्बन्धी काम राजेन्द्रलक्ष्मीले र युद्ध तथा परराष्ट्रसम्बन्धी काम बहादुर शाहले पाए । करिब ५ महिनापछि यो संयुक्त नायबी टुट्यो र देवर भाउजुको बीच सम्बन्ध बिग्रीयो । राजेन्द्रलक्ष्मीलाई परपुरूषसँग सर्म्पक गरेको अभियोगमा बहादुर शाहले चांदीको नेल ठोकेर भाउजुलाई नजरबन्द गराए । तर पछि यो अभियोग प्रमाणित भएन । बहादुर शाह युद्ध भुमीमै रहेको बेला राजेन्द्र लक्ष्मीलाई राजपरिवारका अन्य सदस्यहरूले निर्दोष सावित गरी कैद मुक्त गराए ।[21] त्यो खबर सुनेर बहादुर शाह तनहुँको युद्ध मैदानबाट पुनः वेतिया भागे । त्यसपश्चात् बहादुर शाह तथा उनका समर्थक सबै भाइ-भारदारलाई पदच्युत गरी राजेन्द्रलक्ष्मीले एकल नायबी चलाउन थालिन् ।

राजा प्रतापसिंहको विलासीपनले गर्दा त्यस वखत रानी राजेन्द्रलक्ष्मीलाई ठूलो समस्याहरूले घेरेको थियो । आन्तरिक वैमनस्यता, दरबारीया तथा भारदारहरू बीच भएको गुटबन्दी साथै बाहय शक्तिको बाधाहरू सामना गर्नु नै उनको अग्नि-परीक्षा थियो । किनकी बहादुर शाह र राजेन्द्रलक्ष्मीको संयुक्त नायबी रहुन्जेल

२१ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ५५-५७ । बाबुराम आचार्य, *श्री ५ प्रतापसिंह शाह,* (काठमाडौं : श्रीकृष्ण आचार्य, २०६०), पृ. १३६-३७ ।

चौबीसे राजाहरूले टाउको उठाएका थिएनन् । तर पछि राजेन्द्रलक्ष्मीको मात्र नायबी रहेकोले ती चौबीसे राजाहरू मिली नेपाललाई नष्ट गर्ने योजनामा लागे । त्यसै गरी पाल्पाली राजा मुकुन्द सेन द्धितीय, लम्जुङका राजा वीरमर्दन शाह, पर्वतका राजा कीर्तिबम मल्ल, कास्कीका राजा तथा तनहुँका राजा हरकुमारदत्त सेन एक भई नेपाल विरूद्ध संयुक्त सैनिक कारवाहीमा अघि बढ्ने मिलेमतोमा थिए । यस संयुक्त सैनिक शक्तिको सेनापति गरूडध्वज पन्तलाई बनाएका थिए ।[22] नेपाल विरूद्ध चौबीसे राजाहरूले बाइसे राजाहरूको पनि सहयोग लिई अझै शक्तिशाली बन्दै थिए भने पूर्वतर्फबाट नेपाललाई आक्रमण गर्न सिकिम्मे राजासँग पनि सैन्य सहयोग माग गरिएको थियो । सिकिम्मे फौज नेपाल विरूद्ध खनिने सम्भावना थियो । किरात प्रदेशको भूतपूर्व राजा कर्ण सेनकी विधवा रानीले पनि यही वखतमा आफनो गुमेको राज्य फिर्ता गर्न पाल्पाका राजा तथा कलकत्तास्थित अंग्रेज कम्पनीको कार्यालयमा सैन्य सहयोग मागिन् । त्यसै गरी भुटानका राजासँग पनि सैन्य बल पाउने योजना बनाउँदै थिइन् । उता दरबारभित्र राजा प्रतापसिंह शाहको भित्रिनी रानी नेवार कन्या मैंजु रानी (विदुर शाही र शेरबहादुर शाहीकी आमा) को गुटले राजमाता राजेन्द्रलक्ष्मीलाई अति प्रतिकूलस्थिति पैदा गरिनै रहेको थियो ।

ससुरा पृथ्वीनारायण शाहले एकीकरण गरी लगाएको नयाँ नेपालको जग सुक्न नपाउँदै पुनः नेपाल बिलिन हुने प्रवल सम्भावना आयो । वास्तवमा त्यस बेलाको आन्तरिक स्थिति कुनै पनि पुरूष राजाको लागि पनि त्यतिकै कठिन थियो, जुन प्रतिकुलतासँग लड्न राजेन्द्रलक्ष्मी अलिकति पनि हड्बडाइनन् । सबैभन्दा पहिला सेना नायकहरूलाई बोलाई सेनाप्रति पुर्ण विश्वास र भरोसा राखी ससुरा पृथ्वीनारायणले झैं योग्य

२२ हरिकान्त लालदास, "शाह वंशको वीराङ्गना महारानी श्री ५ राजेन्द्रलक्ष्मी", *प्रहरी विशेषांक,* वर्ष, ?, अंक ?, (२०५३) ।



सेनापतिहरूको छनौट गरिन् । राजा प्रतापसिंह शाह नेवार रानीको तन्त्रमन्त्रमा लागि बिलासी भएकाले उनले सेनाको महत्व बिर्सिएका थिए । तर राजेन्द्रलक्ष्मीले सेनाको महिमा बुझेकीले पुनः सैन्यकरण गरिन् । उनीले अरू भाई-भारदारको सल्लाह पनि लिइन् । त्यस वखतसम्ममा चौबीसे राज्यहरूले नेपाललाई ठांउ-ठांउबाट हमला गर्न घेरा हालिसकेका थिए । बहादुर शाह भाउजुको डरले विदेशीएको र राजेन्द्र लक्ष्मीलाई हेपेर बैरीहरूले नेपाल अधिराज्य माथी हमला गर्ने योजना गरेका थिए ।

तत्कालिन दुषित परिस्थितीबाट कति पनि विचलित नभै राजमाता राजेन्द्रलक्ष्मीले आफ्नो नायबीकालमा विभिन्न प्रकारका कदमहरू चाली नेपाली सेनालाई परिचालन गरेकी थिइन् । चौबीसे राजाहरूको अभियानलाई विफल पार्न नेपाली सेनाभित्र सुदृढिकरण गरी चौबीसे सेनाको सयुक्त फौजलाई ढाल्ने कार्यका लागि सर्वजित रानामगर काटीएर रिक्त रहेको पदमा बलभद्र शाहलाई प्रधान सेनापति बनाइन् ।[23] बलभद्र शाह पृथ्वीनारायण शाहको भाई महोद्दमकिर्ति शाहको छोरा थिए । यसै गरी काजी अभिमानसिंह बस्न्यात र काजी दामोदर पाण्डे उप-सेनापति भए भने रामकृष्ण कुंवर, अमरसिंह थापा लगायतका अन्य पुराना सैनिक नेताहरूको सक्रिय कारवाहीका लागि पुनः बहाली गरियो । चौबीसे राज्यहरूको संयुक्त सेनादल निकै शक्तिशाली थियो । यसको निमित्त कुटनैतिक चाल पनि चल्नु पर्ने मनस्थितिबाट सैनिक नेताहरूकै परामर्शमा कास्कीलाई चौबीसे राज्यहरूको गुटबाट अलग्याई नेपाली पक्षमा ल्याउन उनी सफल भइन् ।

राजेन्द्र लक्ष्मी कैदमा रहेको बखत बहादुर शाह मात्र नायब छँदा एक शक्तिशाली फौजलाई चौबीसे

२३ *ऐजन,* पृ. ५७ ।

राज्यको दमन गर्न पठाइयो । सो फौज तनहुँ भई बढ्यो । सन् १७७८ को जनवरी महिनामा तनहुँको राजा हरकुमारदत्त सेन भागेकाले केही समय तनहुँ गोर्खालीको कब्जामा आयो । तर पछि चौबीसे राज्यहरूको मद्दतबाट पहिले गुमेको राज्य पुनः फिर्ता लिए । नेपाली फौजले थप मद्दत पठाई पुनः तनहुँमाथि हमला गर्दा हरकुमारदत्त सेन भागेर हिन्दुस्तान गएका थिए ।[24] बहादुर शाह सोही युद्धको लागि तनहुँ गएको बेला राजेन्द्रलक्ष्मी कैदमुक्त भएको थाहा पाई युद्ध मैदानबाट उनी पुनः वेतिया भागे । यही मौकाको फाइदा उठाई पाल्पा र पर्वतको सहायता लिई हरकुमारदत्त सेनले पुनः तनहुँ फिर्ता लिए । आइमाईको नायबीलाई फितलो ठानी पर्वत, लम्जुङ, तनहुँ आदि चौबीसे राज्यको संयुक्त फौजले सन् १७८१ को जनवरीमा गोरखामाथि आक्रमण गरे ।[25] यो बडो संकटपूर्ण घडी थियो । तर राजेन्द्रलक्ष्मीले कत्ति पनि नआत्तिई नेपालबाट बडाकाजी अमरसिंह थापाको नेतृत्वमा शक्तिशाली फौज पठाइन् । सो फौजले गोरखाको "चिप्लेटी" भन्ने ठांउमा चौबीसे राज्यहरूको संयुक्त फौजमाथि अप्रत्यासित हमला गऱ्यो । चौबीसे राज्यहरूका फौज भागाभाग भए । त्यसपश्चात् नेपाली फौज चिप्लेटीबाट केही पछाडि हटी बलियो ठांउ छानेर "सिद्दानचोक" भन्ने ठांउमा प्रतिरक्षात्मक स्थानको अख्तियार गरेर बस्यो ।[26]

सैनिक कारवाहीको अभियानलाई कायम राख्न रानी राजेन्द्रलक्ष्मीले सेनापतिहरूलाई जोडदारसँग निर्देशन तथा सहयोग दिंदै थिइन् । उता अमरसिंह थापाले युद्ध लड्दै ज्याम्रूकसम्म कब्जा जमाई सकेका थिए

२४ बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रूपरेखा,* (वनारस : कृष्ण कुमारी देवी, वि.सं. २००८), पृ. २३५ ।

२५ *ऐजन,* पृ. २३६ ।

२६ *ऐजन* ।



। पर्वत र लम्जुङको फौजले अमरसिंह थापा लगायत नेपाली फौजलाई त्यहीं घेराबन्दी गरी बर्बाद गर्ने योजना बनाए । तार्कुघाटमा विशाल युद्ध भयो ।[27] यहाँ पनि चौबीसे फौज हारे । लम्जुङको सैनिक कमाण्डर भक्ति थापा र पर्वते सेना नायक सरदार बलिभन्जन जंगी कैदी भए । बलिभन्जन कैदमा नै मरे भने भक्ति थापाले नेपाली फौजको नियम कानुन मानी नेपाली फौजको सैनिक अधिकृतमा जागिरे भए ।[28] जुन व्यक्ति पछि गएर नेपालको इतिहासमा "वीर भक्ति थापा" बन्न पुगे । साथै सैनिक नेताहरूको कुटनीतिक तथा मनोवैज्ञानिक युद्धबाट नै कास्की नेपालमा गाभियो अर्थात् कुनै लडाई गर्नु परेन । उता कास्की हात लाग्नासाथ नेपाली फौज अनेक बाटोबाट लम्जुङभित्र पसी घेराबन्दी गर्दै अगाडि बढे । लम्जुङका राजा वीरमर्दन शाह हडबडाई भागे । भाग्न पनि सिधा बाटो पाएनन् । मुस्ताङ, पर्वत, गुल्मी, पाल्पा आदि ठांउ हुंदै भारतको चम्पारन पुगे । यसरी सन् १७८२ को कार्तिकमा लम्जुङ र तनहुँ नेपाल राज्यमा गाभियो ।[29]

राजेन्द्रलक्ष्मीले नेपाली फौजलाई विजय अभियान कायम राख्ने आदेश पठाइन् । सन् १७८५ मा नेपाली फौजले पश्चिम ४ नम्बर को "नुवाकोट" समेत कब्जा गऱ्यो । पर्वते फौजको नेपाली फौजमाथि हमला गर्ने योजना थाहा पाइएकोले पर्वतको हमलालाई प्रतिकार गर्न लम्जुङमा थप मद्दत पठाउनु पर्ने भई नेपाली फौज लम्जुङ फर्के । फलस्वरूप विजय अभियान रोकिन गयो । उता काजी अभिमानसिंह (श्रीपाली) बस्न्यातलाई ठूलो सैन्य दल लिई पाल्पामा आक्रमण गर्न पठाइन् । यो फौजको पाल्पाको "वीरकोट" भन्ने ठांउमा ठूलो युद्ध भयो

२७ *ऐजन* ।

२८ *ऐजन* ।

२९ *ऐजन,* पृ. २३७ ।

।[30] पाल्पाली फौज हाऱ्यो । नेपाली फौज तानसेन नपुग्दै लम्जुङको प्रतिरक्षा मजबुद बनाउन थप मद्दतको लागि अभिमानसिंहको फौजलाई फिर्ता बोलाइयो । अर्थात् पर्वतको फौजले ठूलो तयारीका साथ लम्जुङमाथि पुनः हमला गर्न लागेको भन्ने सुचना थाहा पाएर फिर्ता बोलाइएको थियो । यसरी यसतर्फको विजय अभियान पनि रोकिन गएको थियो । पश्चिम ४ नं. "नुवाकोट" र पाल्पाबाट फर्किआएका दुवै फौजको मिलाप गरी पर्वते फौजसँग "मकैडांडा" भन्ने ठांउमा घमासान युद्ध भयो । यहाँ पुनः चौबीसे फौजको हार भयो र भागाभाग भए । उक्त सैन्य गठबन्धनमा कास्की पनि पर्वतसँग मिलेकोले नेपाली फौजले यस पटक कास्कीमाथि पनि सैनिक कारवाही गऱ्यो र संधैको लागि कास्की पनि नेपालमा गाभियो । यसरी तनहुँ, लम्जुङ तथा कास्की जस्ता शक्तिशाली राज्यहरू सदाको लागि नेपालमा गाभिए । ससुरा पृथ्वीनारायण शाहको सपनालाई पूरा गर्ने अठोट बोकेकी राजेन्द्रलक्ष्मीले सेनाको महत्व बुझि, सेनापतिहरूको सहयोग र परिश्रमबाट नै नेपाल एकीकरण अभियानलाई सम्पन्न गर्ने योजना बनाएकी थिइन् । एकीकरणको कारवाहीमा लाग्दा लाग्दै सन् १७८५ मा नै रानी राजेन्द्रलक्ष्मीको स्वर्गारोहण भयो । राजेन्द्रलक्ष्मी पछिको नेपालको एकीकरण गर्ने श्रेय राजकुमार बहादुर शाहमा जान्छ ।

३० *ऐजन* ।



## नेपाल एकीकरणमा राजकुमार, नायब बहादुर शाहको देन



बहादुर शाहको जन्म नुवाकोटमा वि.सं. १८१४ असार ६ गते राष्ट्रनिर्माता श्री ५ बडामहाराज पृथ्वीनारायण शाह र उनकी रानी नरेन्द्र लक्ष्मी शाहको कोखबाट भएको थियो । उनका दाजु प्रतापसिंह शाह र भाइ नारायण शाह थिए ।[31] भाइ नारायणको सानै उमेरमा मृत्यु भएको थियो । यिनले आफ्ना सुयोग्य पिता र उनका अनन्य अनुयायीहरूका प्रत्यक्ष रेखदेखमा तत्कालिन परिभेष र समय अनुकुलका राष्ट्र भक्तिका शिक्षा-दिक्षा कार्यगत रूपमै हासिल गरेका थिए । २८ बर्षको उमेरमा यिनको विवाह वि.सं. १८४२ माघ १० मा तत्कालिन चौवीसी राज्यहरूमध्येका शक्तिशाली राज्य पाल्पाका राजा महादत्त सेनका अत्यन्त विदुषी सुपुत्री विद्यालक्ष्मी सित गरेका थिए । सो विवाह गर्नुमा नायव बहादुर शाहका कुटनीतिक चातुर्यता पनि थियो । जसबाट नेपाल राष्ट्र एकिकरणको अभियानमा पाल्पा राज्यबाट ठूलो सहयोग भएको थियो । तिनका शत्रुभन्जन, रिपुभन्जन र कृपाभन्जन गरी ३ छोराहरू र सुकीर्ति र सुरभिगरी २ छोरीहरू भए ।[32]

३१ दिवाकर विक्रम शाह, "एकीकरणका महापूरूष बहादुर शाह", *हाम्रो सम्पदा,* वर्ष ५, अंक ८, (२०६२ पुष), पृ. २५ ।
३२ *ऐजन* ।

बहादुर शाहले रणबहादुर शाहका राजप्रतिनिधि हुँदा आफ्नो राष्ट्र र राष्ट्रियता सुदृढ र सवल राख्दै गोरखा राज्यका शाहवंशीय पूर्वज राजाहरू देखिकै प्राचिनतम विशाल छिमेकी मित्रराष्ट्र चीन र सो राष्ट्रका स्वशासित क्षेत्र तिब्बतसँग समेत घनिष्ठतम कुटनैतिक सम्बन्ध कायम राख्न सफल भएका हनाले यिनलाई तत्कालीन चिनियां सम्राटबाट "कुङ" र राजा रणबहादुर शाहलाई "वाङ" जस्तो उच्च पदवी पनि प्रदत्त भएको थियो । १८०१ सालपछि सो सम्मान नै नेपालीलाई अन्तर्राष्ट्रिय जगतबाट प्रदत्त प्रथम सम्मानहरू हुन ।[33] समग्रमा भन्ने हो भने कर्तव्यपरायण तथा राष्ट्रभक्तिमा समर्पित बहादुर शाहको सम्पूर्ण जीवन नै अत्यन्त दुःखद् र कष्टपूर्ण रह्यो र उनको अवसान समेत त्यसरी नै भयो ।

बहादुर शाहको गोत्र बारेमा पनि चर्चा गर्ने हो भने गोरखाका राजा नरभुपाल शाह सम्मका गोत्र "भारद्धाज" थियो । पछि बडामहाराज पृथ्वीनारायण शाह धार्मिक परम्परावादी भएकोले राष्ट्र एकीकरणको अभियानको क्रममा गोत्रहत्याको पाप र दोष लाग्न नजावस भन्ने हेतुले काशीयात्रामा गएका वखत "भारद्धाज" गोत्र विधिवत् त्याग गरी "काश्यप" गोत्र धारण गरेको कुरा उल्लेखित छ ।[34] जुन समय उनकै पूर्वजका सगोत्री भाई राजाहरू राज्य गर्दथ्थे । जसलाई आठ टिका (गोरखासहित) पनि भन्ने गरिन्थ्यो । पल्लो नुवाकोट (स्याङ्जा) भीरकोट, गरहुँ, ढोर, सतहुँ, कास्की, लमजुङ र गोरखाका राजाहरू भारद्धाज गोत्रीय थिए । यद्यपि बडामहाराज पृथ्वी जस्ता दुरदर्शी एवम् धर्म नितिज्ञ राजाबाट पूर्व गोत्र परित्याग गरेका र अर्को नीतिको अक्षरसः अनुसरण गर्न लागे । तसर्थ उनले क्रमिकरूपमा राज्य व्यबस्था, सुदृढ गर्नुका साथै राजकाजमा ठूलो सुसँगठन तथा जनसहभागिता

३३ *ऐजन* ।

३४ *ऐजन*, पृ. २६ ।



गराई सवल सैनिक सँगठनका कार्यहरू समेत गर्न लागे । अत्यावश्यकीय कार्यहरू यदी उनले स्वस्थ्य वातारवरणमा गर्ने मौका पाएका भएमा यथेष्ट कार्यहरू हुन सक्ने थियो । इर्ष्यावस बहादुर शाहले कुनै प्रतिसोधात्मक कार्य गर्लान कि भन्ने कुरामा महारानी राजेन्द्रलक्ष्मी चिन्तित पनि थिईन । यही कारणले बहादुर शाहले रितिस्थितीहरू सुदृढ गरेर राष्ट्र एकीकरणको कदम चाल्न लाग्दा महारानीको चित्त बुझेन । यस्तो कार्यबाट बहादुर शाह बढि शक्तिशाली पनि हुने हुँदा आफ्ना नाबालक पुत्र राजा रणबहादुर शाह वयस्क भएपछि नै यो कार्य उसैले गर्ने छ भन्ने महारानीको धारणा थियो ।

बहादुर शाहले स्वदेश र विदेशमा समेत यत्रतत्र जहाँ गए पनि आफ्नो राष्ट्र र राज संस्थाको अहित हुने कुनै पनि कार्य गरेको देखिदैन । बरू ती स्थानहरूका यथार्थ अनुभवहरू बटुलेर आफ्नै राष्ट्रहितका कार्यमा उपयोग गरे जसबाट राष्ट्र एकीकरण गर्नमा महारानीलाई समेत प्रयाप्त सहयोग पुगेको थियो । तर पनि राष्ट्र एकीकरणकै सवालमा भाउज्यु र देवर वीच मनोमालिन्यता पनि बढेर देवरले भाउजुलाई र भाउजुले देवरलाई कैद गरेका थिए । यद्यपि राजेन्द्रलक्ष्मीको भरपर्दो कुनै व्यक्तित्व थियो भने, त्यो व्यक्ति बहादुर शाह नै थिए । यस कुरालाई पुष्टि गर्ने प्रमाण यो छ कि महारानी क्षयरोगले ग्रस्त भई दिवङ्गत हुनुभन्दा केही अघि गोरखामा कार्य व्यस्थ रहेका बहादुर शाहलाई ल्याउन पत्रसहितका भारदारहरू पठाएकी थिइन[35] र उनी आइपुगे पछि आफ्नो करिब १० बर्षका नाबालक राजा रणबहादुर शाहका साथै उनका नायवी समेत बहादुर शाहका पोल्टामा जिम्मा लगाएर वि.सं. १८४२ श्रावण २ मा स्वर्गाहरण भएकी थिइन ।

३५ *ऐजन*, पृ. २६-२७ ।

महारानी राजेन्द्र लक्ष्मी स्वर्गाहरण हुनुभन्दा अघि उनको नायवीमा वि.सं. १८३४ मार्ग ६ गतेदेखि वि.सं. १८४२ श्रावण १ सम्मको करिब ८ बर्षको नायवीकालमा चौवीसे राज्यहरूमध्येका लमजुङ, तनहुँ र कास्की गरी ३ वटा राज्यहरू नेपाल राष्ट्रमा एकीकरण भएको थियो । ती राज्यहरू एकीकरण गर्ने मुख्य सेनापतिमा बलभद्र शाहलाई नियुक्त गरिएको थियो भने उनको मातहतका प्रमुखहरूमा अमरसिंह थापा, अभिमानसिंह बस्न्यात, जीव शाह, बलभद्र शाह, प्रतिमन राना, देविदत्त थापा, बन्धु राना, दामोदर पाण्डे, जगजीत पाण्डे, श्रीबल्लभ पन्थ, वंशराज पाण्डे, धरणी पन्थ, शिव शाह, दलमर्दन शाह, पारथ भण्डारी, दलजीत शाह, धौकलसिंह बस्न्यात, स्वरूपसिंह कार्की आदि थिए ।[36] बाइसे र चौवीसे राज्यहरू भन्नाले कर्णाली प्रस्रवन क्षेत्रमा बाइसी गण्डकी प्रस्रवन क्षेत्रलाई चौवीसी वा मगरात राज्यहरू भन्ने गरिन्थ्यो ।

बहादुर शाहको जीवनी, प्रशासनिक, सामाजिक, आर्थिक तथा वैदेशिक नीतिबारे थुप्रै वास्तविकताहरू भएतापनि यस प्रस्तुतीकरणमा उनको सैनिक नीति, नेपालको एकीकरण तथा एकीकरणमा नेपाली सेनाले पुऱ्याएको योगदानबारे मात्र चर्चा गर्ने कोशिश गरिएको छ । बहादुर शाहलाई सैनिक दृष्टिकोणबाट केलाउने हो भने उनलाई एक कुशल सेनानायक, सैनिक रणनीतिज्ञ तथा बन्दोबस्तीमा व्यावहारिक ज्ञान भएका पुरूष मान्न सकिन्छ । पिता पृथ्वीनरायण शाह र उनीमा सैनिक रणनितीमा सैद्धान्तिक रूपले फरक थियो । जुन पछि उल्लेख गरिनेछ ।

**सैनिक रणनीतिज्ञका रूपमा बहादुर शाह**

३६ *ऐजन,* पृ. २६-२८ ।



पृथ्वीनारायण शाहले कीर्तिपुरको पहिलो हमलामा विफल भई निराश हुनु परेको अवस्थामा नुवाकोट दरवारमा बहादुर शाहको जन्म भएको समाचारले उनलाई सुखको सास फेर्ने अवसर मिलेको थियो ।[37] लडाइँको बेलामा जन्मिएका बहादुर शाहलाई लडाइँको लक्षणको रूप्मा पनि लिईएको थियो । सानै उमेरदेखि आफ्ना पिताका सैनिक कारवाहीहरू देखेका र कतिपय ठांउमा आफैले भाग समेत लिएकाले उनलाई सैनिक रणनीति तथा व्यवस्थापनसम्बन्धी राम्रो अनुभव थियो । समष्टिगत रूपमा निम्न लिखित बुदाँहरूलाई उल्लेख गर्नु यहाँ सान्दर्भिक ठानिन्छ[38] :-

(क) बहादुर शाहले आफ्नो मातहतमा आश्रित राज्यहरू (Dependent States) लाई आश्रय दिएका थिए । सैनिक कारवाहीको सिलसिलामा नेपाल सरकारको प्रभुत्व स्वीकार्ने राजा-रजौटालाई उनले यही आश्रीत राज्यअन्तर्गत राखेका थिए । तर पृथ्वीनारायण शाहले भने प्रत्यक्ष शासन (Direct Rule) व्यवस्था लागू गरेका थिए । पछि नेपाल-अंग्रेज युद्धताका पश्चिमका जनताहरूमा "नेपाली हौं" भन्ने भावना नै भएन । आश्रीत राज्य नीतिले गर्दा ती राजा-रजौटा तथा जनताहरू नै अंग्रेजको पक्षमा लागेकाले नेपाली सेनाले कति कुरामा सहयोग पाएका थिएनन् ।[39]

३७ भद्ररत्न बज्राचार्य, *बहादुर शाह: दि रिजेन्ट अफ नेपाल,* (न्यू दिल्ली : अमोल पब्लिकेशन, सन् १९९२), पृ. १ ।

३८ बस्न्यात, पादटिप्पणी नं. १०, पृ. ६१-६५ ।

३९ पन्त, पादटिप्पणी संख्या १, पृ. ४७-५८ ।

(ख) पृथ्वीनारायण शाहले विभिन्न मनोबैज्ञानिक युद्ध खेली शत्रु राज्यका भारदार तथा जनताहरूको समेत मन जितेर अनि मात्र भौतिक आक्रमण गर्ने गरेको विश्वास पाइन्छ । तर बहादुर शाह भने जनताको मन जित्ने कुरामा विश्वास गर्दैनथे । भागिसकेका र हार खाई पलायन भएका राजा रजौटाप्रति उनीले विश्वास नै गर्दैनथे । दुश्मनलाई बर्बाद गर्नै पर्छ भन्ने कुरामा मात्र उनी सहमत थिए ।

(ग) बहादुर शाह सदा आफ्नो सैन्य बलमा नै विश्वास गर्ने भएकोले छिमेकी र अन्य राज्यहरूको मद्दतको विश्वास गर्दैनथे । दुश्मनहरूलाई तहसनहस पार्नुमा नै उनको विश्वास थियो । दुश्मनसँग सम्झौता नगर्नु र यसबाट धोका पुग्छ भन्ने उनको मुख्य नीति थियो ।

(घ) बहादुर शाह सदा आक्रमणत्मक कारवाहीमा विश्वास राख्दथे । हमलाबाट नै सफलता मिल्दछ भन्ने उनको दृढ विश्वास थियो । जब कि, उनका पिता पृथ्वीनारायण शाहको भने “जाई कटक गर्नु झिकी कटक गर्नु” भन्ने नीति थियो, किनकी त्यस बेलासम्म तनहुँ, लमजुङ, कास्की लगायतका चौविसे राज्यहरू पृथ्वीनारायणको राज्यमाथि हमला गर्ने तरखरमा थिए । यसर्थ पृथ्वीनारायण शाहलाई Defensive Offensive Battle लड्नु परेको थियो । तर बहादुर शाहले भने चौवीसे राज्यमाथि जाई लागेर नै नेपालको एकीकरण गरे ।

(ङ) बहादुर शाहको अर्को महत्वपूर्ण नीतिमा सैनिक कारवाही गर्नुभन्दा अगाडि Physical Reconnaissance तथा Good Military Intelligence चाहिन्छ भन्ने बलियो धारणा थियो ।



एकीकरण सुरू गर्नुभन्दा अगाडि उनी आफै चौविसे तथा बाइसे राज्यहरूमा समेत स्थलगत भ्रमण तथा सैनिक दृष्टीकोणबाट अध्ययन समेत गरेका थिए ।[४०]

(च) सहयोगी युद्धकला (Indirect Approach) को भरमा नपरी सिधै दुश्मनलाई मार गर्नुमा नै लडाइँमा सफलता मिल्छ साथै एक अनुशासित र तालिम प्राप्त सैन्यदल नै लडाइँको लागि अति महत्वपूर्ण हुन्छ भन्ने कुरामा उनलाई पूर्ण विश्वास थियो ।

(छ) आक्रमणात्मक सैनिक कारवाहीमा सफलता प्राप्त गर्न कार्यमा तिब्रता (Speed in Action) हुनु पर्दछ जसबाट दुश्मनलाई मद्दत पाउन र पुर्नगठन हुने मौकाबाट बञ्चित हुन परोस् भन्ने कुरामा उनको अति नै विश्वास थियो । पृथ्वीनारायण शाहले २५ बर्षमा एकीकरण गरेको भन्दा धेरै बढि भू-भाग करिब सांढे ८ बर्षमा नै एकीकरण गर्न उनी सफल भएका थिए ।

(ज) सैनिक कारवाहीमा नेतृत्वको ठूलो भूमिका हुन्छ । लिडरको Bold Action अति आवश्यक हुन्छ भन्ने बहादुर शाहको नीति थियो । कतिपय लडाइँमा त बहादुर शाह आफैले नेतृत्व प्रदान गरेका थिए ।

---

४० बज्राचार्य, पादटिप्पणी संख्या ३९, पृ. ६३-७० ।

(झ) लडाइँ गर्दा मनोबै१ानिक युद्ध हुनुपर्छ जसबाट दुश्मनको मनोबल गिरोस भन्ने उनको धारणा थियो । उनको सैनिक नीतिमा विभिन्न आतंककारी क्रियाकलापहरू (Terrorist Activities) लाई पनि समावेश गरिएको पाइन्छ ।

(ञ) मद्दत गर्ने रजौटा तथा सिपाहीहरूलाई पुरस्कार र गल्ती गर्ने र छिर्की हान्नेहरूलाई कठोर सजाय दिनुपर्छ, अन्यथा डरभर नभई कार्यगत एकता (Unity of Effort) हुन्न भन्ने उनको धारणा थियो ।

(ट) दुश्मनको Defensive Battle लाई कमजोर पारी Surprise हासिल गर्न Multi – Directional Attack गर्नुपर्छ भन्ने कुरामा विश्वास लिएर पश्चिमको एकीकरण अभियानमा नेपाली सेनाले धेरै राज्यहरूमाथि Multi Directional Attack हरू गरेको थियो ।

(ठ) लडाइँ छेड्नु अगाडि, लडाइँको लागि अति राम्रो तयारी हुनुपर्छ भन्ने कुरामा उनको विश्वास थियो । पश्चिमतर्फको एकीकरण अभियानको लागि ६ महिनाभन्दा बढि लडाइँको तयारी गरिएको थियो ।

(ड) सैनिक कारवाही गर्दा आफ्नो उद्देश्यमा बाधा नपुगोस भन्ना खातिर सैनिक युद्धकला भन्दा अगाडि Diplomacy and Containment विधि अपनाउनु पर्छ भन्ने उनको विश्वास थियो । एकै समयमा एकभन्दा बढि दुश्मनसँग मुठभेड गर्दा आफ्नो सैनिक बल टुक्रिन्छ भन्ने कुरा उनले बुझेका थिए । शक्तिशाली राज्यहरूबाट हुनसक्ने खतरालाई प्रतिकार गर्न र Containment गरिराख्न उनले चौवीसेमाथिको हमलामा पाल्पा र जुम्लासँग र बाइसे राज्यहरूमाथिको हमलामा कुमाउँसँग



कुटनैतिक धर्मपत्रहरू गरेका थिए ।[41] त्यस्तै इष्ट इण्डिया कम्पनीसँग पनि उनले राम्रो सम्बन्ध राखेका थिए ।

(ढ) लडाइँ भनेको सेनाको हो । यसर्थ सिपाही छान्दा उसको आनीबानी, शारिरीक तन्दुरूस्ती, मानसिक खुबी, संस्थाप्रतिको समर्पण भाव तथा मनोभावना राम्रोसँग बुझेर मात्र सिपाही बनाइनु पर्दछ भन्ने नीति उनले लिएका थिए ।

(ण) आक्रमणात्मक सैनिक कारवाहीमा Foot Hold वा Firmbase हुनुपर्दछ । विना Foot Hold जाई लागेमा त्यसमा सफलताको विश्वास हुन्न भन्ने उनको दृढता थियो । मुख्य मुख्य किल्लाहरूलाई अधिनमा लिएर जाइलाग्नु पर्छ भन्ने कुरामा उनी भरपर्दथे ।

(त) विशेष गरेर सैनिक महत्वका काममा लगाउनको निमित्त बहादुर शाहले नेपालीहरूलाई भारतमा पर्सियन भाषा र तिब्बतमा चाईनीज भाषा सिक्न पठाए । यस कार्यमा उनीलाई शाह बंशिय पहिलो शासक मान्न सकिन्छ ।

(थ) नेपाली सेनाको कुशल परिचालक भई नेपालीलाई गढवालको अलकन्दा नदीसम्म पुऱ्याएर उनले अंग्रेजको मनमा “गोरखाली बहादुर हुन” भन्ने प्रभाव पारे । त्यसबेलादेखि अंग्रेजहरू नेपालीलाई आफ्नो

---

४१ *ऐजन* ।

फौजमा भर्ना गराउन चाहन्थे । तर सन् १८१४-१८१६ को नेपाल-अंग्रेज युद्धपछिबाट मात्र यस काममा अंग्रेजहरू सफल भए ।[42]

(द) सैनिक कारवाहीमा Administrative and Logistic Management लडाइँ हुनुभन्दा पहिले नै व्यवस्था हुनुपर्छ, अन्यथा कारवाहीमा बाधा पर्छ भन्ने उनको विश्वास थियो । जुम्ला जस्तो विकट भू-भाग तथा कुमाउं जस्तो काठमाडौबाट निकै टाढा स्थानहरूमा समेत उनले राम्रो बन्दोबस्तीको व्यवस्था गरेका थिए ।

(ध) सिपाहीलाई तालिम दिइनुपर्छ, राम्रो हतियार पाएको सिपाहीमा आत्मविश्वास बढ्छ भन्ने कुराको एकिन गरी विदेशबाट समेत प्रशिक्षक तथा हतियार बनाउने व्यक्तिहरू झिकाई उनले तालिम र हात हतियारको विकास गरका थिए । Michael Dsclapche भन्ने फ्रेन्चले नेपालमा आई करिब २०० भन्दा बढि तोपहरू बनाएका थिए । उनलाई सरदारको पद र खान्गीसमेत दिइएको थियो ।[43]

बहादुर शाहको शासनकालमा नेपालको एकीकरण गर्ने कार्यमा नेपाली सेनाले ठूलो देन दिएका थिए । पृथ्वीनारायण शाहकालीन एकीकरणको अनुभवबाट आर्जित विविध सैनिक पाठलाई मनन गरेर बहादुर शाह स्वयं तथा सैनिक कमाण्डरहरूले यस पटक निकै असरदार योजना बनाएका थिए । यस बेला नेपाली सेनामा हात

४२ दिनेशराज पन्त, "लाहोरमा नेपाली वीरहरू", *पूर्णिमा*, वर्ष २, अंक १, (२०२२), पृ. ६३-७० ।

४३ बज्राचार्य, पादटिप्पणी संख्या ३९, पृ. ७०-८० ।



हतियारहरूको पनि उल्लेखनीय विकास भइसकेकोले पनि एकीकरण कार्यमा शिघ्रता आएको थियो । सबैभन्दा महत्वपूर्ण पक्ष चाहिं असरदार सैनिक बन्दोबस्ती (Effective Logistic Backup) नै थियो । सांच्चै भन्ने हो भने उपत्यकाका मल्ल राजाहरूभन्दा बाइसे चौवीसे राज्यहरूको सैन्य शक्ति निकै बलियो थियो ।

## नेपाल एकीकरणमा बहादुर शाह

महारानी राजेन्द्र लक्ष्मीको क्षयरोगले मृत्यु भएपछि आफ्नो भतिजा करिब १० बर्षका नाबालक राजा रणबहादुर शाहका राजप्रतिनिधि (नायब) भएर वि.सं. १८४२ श्रावण २ गतेबाट लगभग वि.सं. १८५० माघसम्म जम्मा आठ बर्ष ६ महिना जति अवधीको राजपाठको नायवी बहादुर शाहले सञ्चालन गरेका थिए । त्यस समय बाइसीका अत्तिरिक्त चौवीसी मध्येका बांकी अधिकांश राज्यहरू एकीकरण गर्न जरूरी नै थियो । ती राज्यहरू अत्यन्त सशंकित थिए भने केही राज्यहरू आपसी शक्ति समन्वय गर्नका लागी उद्यत पनि थिए । अर्कोतिर बाह्य शक्तिको प्रवल खतरा त थिदै थियो । त्यस्तो अवस्थामा ती संशतिक राज्य यदि बाहिरिया फिरङ्गी (अंग्रेज) शक्तिसँग मिल्न गएमा स्थिती जटिल मात्र होइन कि एउटा सानो राष्ट्रले आफ्नो भू-भाग जोगाउन प्रतिकारात्मक कार्य गर्न पनि कठिन नै हुने थियो । पृथ्वीनारायण शाहको मृत्युपछि नेपाली सेनालाई नेतृत्व दिने र मनोबल बढाउने राज नेतृत्वको खाँचो थियो । सेनाको महत्व बुझ्केका बहादुर शाहले तुरून्तै यस पक्षमा सुधार गर्न सुरू गरे । बहादुर शाहले शस्त्रास्तको बन्दोबस्त र सैनिक सँगठन र हतियार उत्पादनमा व्यापक सुधार गर्नुका साथै अनेकौं नयाँ नयाँ पल्टनहरू विधिवत खडा गरे ।[44] खास भन्ने हो भने सैनिक सँगठनमा फ्रेन्च सैनिक सल्लाहाकारको सहयोगमा आधुनिकिकरण गर्ने कार्यको शुभारम्भ त्यसै वेला देखि भएको हो । डोटी र अछाम राज्य विजय गरी महाकाली नदीमा खाँडो पखाल्नेहरूमा सैनिक कप्तानद्धय गोलैयाँ खवास र रणवीर खत्रीका नाम छ । अरू लडाईंमा कप्तान कालु पाण्डे (काजी कालु पाण्डे होइनन), कप्तान बम शाह,

४४ शाह, पादटिप्पणी संख्या ३३, पृ. २६ ।



कप्तान श्रीहर्ष पन्थ, कप्तान नाहरसिंह बस्न्यात, कप्तान शिवराम खत्री आदिका नाम पनि उल्लेखित छन् । यसबाट बुझिन्छकी बहादुर शाह भारतको बेतियागढमा बस्दा अंग्रेजका काम काइदा बुझेर अंग्रेज फौजमा जस्तै कप्तान (Captain) भन्ने दर्जा नेपालको फौजी सँगठनमा पहिलो पटक लागू गरेका थिए ।[45] पल्टनहरू खडा गर्दा पनि प्रायः दुइवटा कुरालाई विचार पुऱ्याएको देखिन्छ । पहिलो त स्थायी पल्टन र दोश्रोमा काम पर्दा सक्रिय सहयोग लिने र पछि खारेज हुने अस्थायी प्रकृतीका पल्टनहरू । ती दुवै थरी पल्टनका दरबन्दी (नफ्री) बडामहाराज पृथ्वीनारायणको उपदेशअनुसार र तत्कालीन जरूरत बमोजिम सानै संख्याका थिए । तद्नुरूप हतियार र विविध खरखजाना पनि बन्दोबस्त भएकै थियो । बहादुर शाहले आफ्ना फौजलाई समय सापेक्ष सुधार गर्दै एकीकरण कार्यलाई अघि बढाएका थिए ।

फलस्वरूप चौवीसी र बाइसी गरी ४६ वटा मध्ये ४२ वटा राज्यहरू उनका सक्रिय नायवीकालमा नेपाल राष्ट्रमा एकीकरण भएको हो । भन्नाले एउटा त गोरखा राज्य नै थियो । एकिकृत ४२ वटा राज्यहरूमध्ये कुनैले एकल र कुनै कुनैले चाहिं नेपालसँग सन्धि वा आत्मसमर्पण गरेर सहयोग पुऱ्याएका थिए । यसप्रकार बहादुर शाहका नायवीकालमा पहिलो चरणमा पश्चिम महाकाली नदीसम्म विजय गरेर र दोस्रो चरणमा कुमाउं गढवाल हात पारी किल्ला काँगडासम्म पुग्यो । यसरी कास्की पश्चिम काँगडासम्मको एकीकरण गर्ने श्रेय राजकुमार बहादुर शाहलाई जान्छ ।

## बहादुर शाहको पतन

४५ *ऐजन*, पृ. २७ ।

राजा रणबहादुर शाह उनका मुमा राजेन्द्रलक्ष्मी शाहका माया ममतामा हुर्किएका थिए । आमाको स्वर्गारोहणपछि बहादुर शाहको नायवीकालमा समेत उनी लाडप्यारमै वयस्क भएका थिए । राजनीति शिक्षा भन्दा पनि धेरै पुल पुल्याईमा ढालिएकोले राज्य सञ्चालनमा उनलाई खासै ज्ञान थिएन । यस्तो हुनुमा उनको बाल्यकालदेखि नै हठ र उदण्डतापन नै हो, इतिहासले यस्तै देखाउँछ । उनका उग्र व्यवहारले गर्दा धर्म भिरू बहादुर शाह जस्ता व्यक्तित्व समेत नायवी कार्यबाट प्रायः विरक्त नै भैसकेका थिए । वि.सं १८५१ को बैशाखमा भएको पजनीमा राजाले बहादुर शाहलाई राज प्रतिनिधिको नायवीबाट पूर्णतः हटाए ।[46] राजा रणबहादुर शाहका उदण्ड स्वभाव र विषयवासनाहरू बहादुर शाहलाई कदापी मन परेको थिएन । झन राजाले प्रिती गरी वि.सं. १८५३ मा ब्राम्हण पुत्री विधवा कान्तवतीलाई विवाह गरी रानीको रूपमा पारिवारिक मान्यता दिन दवाव दिंदा पनि बहादुर शाहले नमानेकाले स्वार्थी र षड्यन्त्रकारी भारदारलाई उनको पतन गराउन उपयुक्त निहुं बन्न गयो । तिनले राजाका कान भरि दिंदा बलेको आगोमा घ्यू थपे सरह भयो ।

त्यसपछि नै राजा रणबहादुर शाहले बहादुर शाहसित किल्ला काँगडासम्मका राष्ट्र एकीकरण गर्दा र नेपाल-तिब्बत युद्धहरूको समेतको सम्पूर्ण युद्धखर्चको हिसाब कितावको एक्कासी माग गरे । स्याहा श्रेस्ताको प्रणाली नै विकास भै नसकेको त्यस्तो अवस्थामा त्यत्रा विशाल युद्धखर्चका हुबहु हिसाव किताव बुझाउन सम्भव नै थिएन । अतः उनले यही निहुंमा बहादुर शाहलाई वि.सं. १८५३ को फाल्गुनमा नेल ठोकेर हालको काठमाडौंस्थित विष्णुमती नदीको छेउमा रहेको तत्कालीन सुरक्षा किल्ला (हाल परोपकार स्कुल भएको स्थान)

४६ *ऐजन*, पृ. २९ ।



मा कैद गर्न लगाए ।[47] बहादुर शाहलाई नैतिक रूपमै घोर दोषी देखाएर पतन गराउन उनीमाथि लगाएका झुट्टा आरोपहरू जबरजस्ति कबुल गराउन कैद अवस्थामा पाशविक यातना दिन थाले । तर, आफ्नो निर्दोषीताको कारण दृढ सिदान्तनिष्ठ नै भैरहेका हुँदा अन्ततः उनलाई बाधेर शरिरमा उमालेको तेल छ्याप्न लगाइयो ।[48] त्यसैको असिम पिडाले वि.सं. १८५४ आषाढ १४ मा बहादुर शाहको अत्यन्त दुखद अन्त्य भएको कुरा उल्लेख भएको पाइन्छ । हत्या हुँदाको समयमा बहादुर शाहका उमेर ४० बर्ष ८ दिन थियो भने राजा रणबहादुर शाहको उमेर २१ बर्ष ७ महिनाको थियो । वास्तवमा बहादुर शाहको हत्या गर्नमा उनका अपराध के थियो ? यदि उनले अपराध नै गरेका भएमा भारदारी सभा वसी अपराध प्रमाणित गर्ने काम किन गरिएन् ? उनलाई सफाई पेश गर्ने मौकासमेत किन दिईएन ? इत्यादि कुराहरू उठाउने नातेदारहरूले त्यसवेलाको शासक पक्षले सजायस्वरूप निर्दोष चौतारीयाहरू श्रीकृष्ण शाहको छोरा कुलचन्द्र शाह र पहलमान शाहका ३ जना छोराहरूलाई समेत बर्बतापूर्वक आँखा नै फोरी सजाय दिएको थियो ।[49] एकै वाक्यमा भन्नुपर्दा हालको जनकपुर भन्दा दक्षिणतर्फ रहेको तीरहुत निवासी मिश्र परिवारकी विधवा ब्राहमणी रणबहादुर शाहबाट विवाह गर्ने प्रस्ताव स्वीकृति गराउन दवाव दिंदा काका बहादुर शाहले मानेनन् । यही रिसमा उम्लेको तेलले छ्यापी कष्ट दिई स्वीकृती लिने प्रयास गर्दा पनि नमानेकोले सोही निर्दयी व्यवहारबाट उनको निधन भएको थियो ।

४७ *ऐजन* ।

४८ *ऐजन*, पृ. ३० ।

४९ *ऐजन* ।

## दलमर्दन शाह



राजकुमार दलमर्दन शाह नरभुपाल शाहको छोरा र बडामहाराजा पृथ्वीनारायण शाहकै आमापट्टिका भाइ थिए । उनको छोरा कुलचन्द्र शाह हुन ।[50] नेपालको सैनिक इतिहासमा पृथ्वीनारायण शाहको धेरै भाइहरूको विशेष योगदान रहेकोछ । वि.सं. १८०१ मा विजय भएको नुवाकोटको युद्धमा ३ दिसाबाट छुट्टा छुट्टै सेनापतिको नेतृत्वमा एकैपटक हमला भएको थियो । त्यसमा उनले गेर्खुबाट महामण्डल बढेको फौजको नेतृत्व गरेका थिए ।[51] जसमा काजी कालु पाण्डे पनि थिए । वास्तवमा यो हमलाको मुख्य कमाण्डर पृथ्वीनारायण स्वयं नै थिए भने उनले तिनधारेबाट नुवाकोटतर्फ बढेको फौजको नेतृत्व गरेका थिए । दलमर्दन शाहले नालदुम, महादेव पोखरी (हालको नगरकोट), मकवानपुर, हरीहरपुरगढी, कीर्तिपुर, कान्तिपुर, भक्तपुर लगायतका युद्धहरूमा बहादुरीताका साथ लडेका थिए । पृथ्वीनारायण शाहले पाटनलाई नेपालमा मिलाउनु भन्दाअगाडि नै दलर्मदन शाहलाई पाटनका प्रधानहरूले पाटनको राजा बनाई केही अवधिपछि फर्काइ दिएका थिए ।[52] त्यसताका काठमाडौं उपत्यका विजय गर्ने सिलसिलामा त्यहाँको नाकबन्दी भइरहेकोले यसरी पृथ्वीनारायणकै भाईलाई पाटनको राजा

---

५० उत्तम विक्रम शाह (सं.), *नेपालका शाह बंशिय राजाहरू तथा तिनका सन्ततिहरूको बंशावली,* (काठमाडौं: बहादुर शाह स्मृति प्रतिष्ठान, २०५९), पृ. २ ।

५१ बस्न्यात, पादटिप्पणी नं. १०, पृ. ३६ ।

५२ प्रकाश ए.राज, *महारानी राजेन्द्रलक्ष्मी,* (काठमाडौं : नवीन पब्लिकेशन, २०६२), पृ. ५ ।



बनाए । नाकाबन्दीबाट छुटकारा मिल्न सक्ला कि भनी पाटनका प्रधानले भन्ठानेका थिए । पृथ्वीनारयाण शाहबाट पाटन विजयपछि उनी फेरि पाटनको राजा बन्न चाहान्थे । उनलाई प्रतापसिंहको पालामा थुनामा पनि राखिएको थियो । यिनलाई कान्छा चौतरिया पनि भनिन्थ्यो । प्रतापसिंहको देहान्त भएपछि राजेन्द्रलक्ष्मीलाई सती पठाउने कुरा भएपछि यिनलाई र बहादुर शाहलाई बोलाइएको थियो । बहादुर शाहले यिनलाई आफ्नो नायबीकालमा बनारसमा भत्ता दिई निर्वासित गराइदिए ।

## महोद्दमकीर्ति शाह



राजकुमार महोद्दमकीर्ति शाह राजा नरभुपाल शाहको छोरा तथा बडामहाराजा पृथ्वीनारायण शाहको सौतेनी आमा पट्टीको भाइ थिए । उनको पहलवान, श्रीकृष्ण र बलभद्र शाह गरी ३ जना छोराहरू थिए ।[53] पृथ्वीनारायण शाहले नेतृत्व गरी नुवाकोट विजय गरेको हमलामा उनले धरमपानीबाट महामण्डल बढेको फौजको नेतृत्व गरेका थिए ।[54] उनले नेपाल एकीकरणको सिलसिलामा नालदुम, खड्पु, पनौती, मकवानपुर, सिन्धुली, कीर्तिपुर, कान्तिपुर लगायतका युद्धहरूमा वीरताको साथ लडेका थिए । यिनलाई जेठा चौतरिया पनि भन्दथे । यिनी मकवानपुरको तराईतर्फ प्रशासक भएर रहेका थिए र मकवानपुरको एकीकरणपछि त्यहाँको राजगद्दी आफैले पाउने इच्छा गरेका थिए । यिनकी आमा तनहुँकी राजकुमारी सुभद्रावती थिइन् । पृथ्वीनारायण शाहको देहान्त भएपछि यिनले कास्कीको राजा सिद्धिनारायणको सहायता लिई फेरि राजा हुने कोसिस गरेर त्यहाँ आश्रय पनि लिन पुगे ।[55] यिनलाई बनारसमा निर्वासित गरिएको थियो ।

---

५३ शाह, पादटिप्पणी संख्या ३३, पृ. ११ ।

५४ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ३६-३७ ।

५५ ए.राज, पादटिप्पणी संख्या ५४, पृ. ५ ।



वि.सं. १८३५ मा आफू नजरबन्द भएको बेलामा राजेन्द्रलक्ष्मीले यिनलाई बनारसबाट बोलाउन पठाइन् र उनलाई सफाई दिलाई फेरि नायबी दिलाउनमा यिनको ठूलो भूमिका थियो ।

## शुरप्रताप शाह



राजकुमार शुरप्रताप शाह राजा नरभुपाल शाहको छोरा तथा बडामहाराजा पृथ्वीनारायण शाहको सौतेला भाइ थिए । उनको रणगज शाह र रणमस्त शाह दुई छोराहरू थिए ।[56] उनले नेपाल एकीकरणको विभिन्न युद्धहरूमा भाग लिएका थिए । विशेष गरी मकवानपुर, हरीहरपुर तथा पूर्वीय युद्धहरूमा उनको विशेष योगदान रहेको छ । कीर्तिपुर विजय गर्न गोरखालीहरूले तीनपटक युद्ध गर्नु परेको थियो । दोस्रो पटकको असफल हमलाको नेतृत्व राजकुमार शुरप्रताप शाहले गरे । उनी पर्खाल चढि कीर्तिपुर शहरभित्र छिर्ने क्रममा १६ सेप्टेम्बर १७६४ को दिन दुश्मन पक्षको धनुको काँण उनको देव्रे आँखामा लागि एउटा आँखा गुमाए ।[57] पछि कान्तिपुर र भक्तपुर लगायतका युद्धहरूमा उनको उच्च योगदान रहेको छ । यिनकी आमा पर्वतकी राजकुमारी बुद्धिमती थिइन् । यिनले काठमाडौं उपत्यका विजयपछि आफूले सोचे जस्तो पुरस्कार नपाएकोले कास्की र पाल्पा गएका थिए । वि.सं. १८३१ मा यिनी पाल्पामा मारिए ।[58]

---

५६ शाह, पादटिप्पणी संख्या ३३, पृ. ११ ।

५७ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. ४५-४८ ।

५८ प्रकाश, पादटिप्पणी संख्या ५४, पृ. ६ ।



## दलजीत शाह



दलजित शाह पृथ्वीनारायण शाहको भाइ थिए । यिनकी आमा तनहुँकी राजकुमारी सुभद्रावती थिइन् ।[59] प्रतापसिंहको देहान्त भएपछि राजेन्द्रलक्ष्मी र बहादुर शाहको झगडामा यिनी बहादुर शाहका पक्षधर थिए । यिनको सहयोगले समेत राजेन्द्रलक्ष्मीलाई वि.सं. १८३५ मा नजरबन्दीमा राखिएको थियो र प्रधानसेनापति सर्वजीत रानामगर काटिएका थिए । वि.सं. १८३६ मा आफूले सफाई पाएपछि राजेन्द्रलक्ष्मीले यिनलाई देश निकाला गरिन् ।[60] नेपाल एकीकरणको युद्धहरूमा पूर्व १ नम्बर काभ्रेगढीको युद्ध तथा सिन्धुली इलाकाको युद्धमा नेतृत्व गरेका थिए ।[61] त्यसैगरी हरिहरपुरगढीमा मकवानपुरका राजा दिग्बन्धन सेनलाई हराउन उनको ठूलो भूमिका रहेको थियो । आफ्ना दाजु भाई जस्तै सुरवीर दलजीत शाहले कीर्तिपुरमा भएको अन्तिम युद्धमा समेत नेतृत्व गरेका थिए ।[62]

---

५९ *ऐजन*।

६० *ऐजन*।

६१ शर्मा र अन्य, पादटिप्पणी संख्या ७, पृ. ४५२-४५३ ।

६२ प्रकाश, पादटिप्पणी संख्या ५४, पृ.६ ।

## वीसे नगर्चि (दमाई)



वीसे नगर्ची गोर्खा दरबार नजिकै बसोवास गर्दथे । उनको जन्म वि.सं. १७८५ तिर भएको अनुमान गरिएको छ । बडामहाराजा पृथ्वीनारायण शाहले आफ्नो भारदारी सभा तथा कर्मचारी नियुक्ती गर्दा सबै जात जातीलाई समावेशी तरिकाले काम दिन्थे । यही क्रममा विसे दमाई ( नगर्ची) पृथ्वीनारायण शाहको विश्वासिला सल्लाहाकार भएका थिए । नुवाकोटमाथि हमलामा असफल भै आत्तिएका पृथ्वीनारायण शाहलाई वीसेले युद्ध सामाग्री जुटाउन जरूरी रहेको राय पेश गरे । जसअनुसार विदेशमा गै हात हतियार खरीद गर्नु थियो । तर राजासँग नगद सम्पति थिएन ।

यो अप्ठेरो अवस्थामा पृथ्वीनारायण शाहले आफ्नै दमाई वीसे नगर्ची कहाँ पैसा सापटि माग्न गए ।[63] वीसेले पनि आफ्नो क्षमताअनुसार सहयोग दिए । तर उनले राजालाई गोर्खा राज्यको १२ हजार घर धुरीबाट १/१ रूपैया उठाउने जुक्ति बताए ।[64] सो जुक्ति पृथ्वीनारायण शाहलाई अति मन पऱ्यो र सोहीअनुसारले घर लौरी १/१ रूपैया उठाई १२ हजार रूपैया लिएर पृथ्वीनारायण शाह काशी (बनारस) गै हात-हतियार किनी

६३ मोदनाथ प्रश्रित "नेपालको एकिकरणमा जनताको भूमिका लेख", *हाम्रो सम्पदा*, वर्ष ५, अंक २, (२०६२), पृ. ५ ।

६४ *ऐजन* ।



ल्याए । त्यसपछि नुवाकोटमाथि हमला भयो, नुवाकोट गोर्खा राज्यमा गाभियो र नेपाल एकीकरणको सुरूवात भयो । नुवाकोटमाथि भएको विजय युद्धमा उनले एउटा सिपाहीको भूमिकाबाट लडेका थिए ।

## बंशु गुरूङ



बि.स. १८२४ (सन् १७६७) मा सिन्धुलीको पौवा गढीमा अंग्रेजी फौज बिरूद्धको लडाइँमा सरदार बंशु गुरूङले ठूलो बहादुरीता देखाएका थिए । गढी भन्दा दक्षिण करिब आधा कोसको दुरीमा रहेको ढुङ्ग्रेभन्ज्याङ्गमा आफ्नो टोलीलाई उनले राखेर अंग्रेजी फौजको नायक क्याप्टेन किनलक र उनको फौजको मेन बडी ( मुख्य फौज) लाई हमला गरेका थिए - शर्मा, शिबप्रसाद र अन्य नेपालको सैनिक इतिहास, बि.सं.२०४९ पृ.३६८) ।

नागबेली परेको बाटोको दायाँबायाँ घना जंगल थियो । करिब आधा उकालोको पश्चिमपट्टी ढुंग्रेबास थियो जहाँ शत्रुपक्षको ढांड हान्न भनी गोरखाली सेनाको सरदार बंशु गुरूङ बसेका थिए । त्यस्तै माथितिरबाट आक्रमण गर्न काजी बंशराज पाण्डे र खजान्ची बीरभद्र उपाध्यायको साथमा करिब सात सय जतिको अर्को गोरखालीफौज पौवागढीमा चनाखो भई बसिरहेको थियो । अंग्रेजी फौज बिहानको खाना सकी भरिया र सामानहरू अगाडी लाएर सिंधुलीबाट पौवागढीको उकालो चढ्न थाल्यो । भरियाहरूका साथमा रासन पानीको रेखदेख गर्न खटिएका अंग्रेज अफिसर हार्डी थिए र त्यसपछि अंग्रेजी फौज ताँती लागेर उकालो चढ्दै थिए । पौवागढीको नजिक आईपुग्दा माथितिरबाट अकस्मात काजी बंशराज पांडे र बीरभद्र उपाध्यायको नेतृत्वमा गोरखाी फौजले आक्रमण गर्दा हार्डी घाइते भई पछाडि फर्के । यस्तैमा ढुंग्रेबासतिरबाट बंशु गुरूङ्गको नेतृत्वको फौजले अंग्रजी फौजको पछाडीबाट आक्रमण गर्दा अंग्रेजी फौज चेपुवामा पऱ्यो । अंग्रेजी फौजसँग बन्दुक धेरै भएकाले केही क्षण घमासान लडाई पऱ्यो । दुबैतिर निकै मानिस हताहत भए । उकालोमा दुईतिरबाट शत्रुद्वारा



घेरिदा केही सीप नलागी अंग्रेजी फौज हातहतियार छाडी जंगलभित्र भागाभाग गर्दै पस्न थाले । त्यसरी भाग्न थालेको फौजलाई बंशु गुरूङ्ग तथा उनको टोलीले खुकुरीको प्रहार गर्दै ध्वस्त पार्न थाले । अब आफ्नो केही नलाग्ने ठानेर कप्तान किनलक बांकी बचेका फौजलाई समेटेर जनकपुरतर्फ लागे । अंग्रेजी फौजलाई यस प्रकार लखेट्न सकेकोमा गोरखाली फौजको मनोबल झन् बढ्न गयो । यस लडाइँमा गोरखाली पक्षका ५/६ सय मानिस हताहत भएका थिए भने अंग्रज पक्षमा २४०० फौजमध्ये १६०० फौज मारिएका अनुमान छ तर यस आँकडालाई अझै विश्लेषण गर्नु जरूरी छ ।

## एड्जुटेन्ट शेख जरवार, एड्जुटेन्ट महमद् ताकी तथा एड्जुनेट भेषासिंह


शेख जरवार


महमद् ताकी


भेषासिंह

नेपाली सेनाको विकासक्रम र विस्तारमा नेपालका हरेक जात जातीको महत्वपूर्ण भूमिका रहेको छ । ती मध्ये मुसलमान समुदायवाट विशेष योगदान प्राप्त भएको थियो । सन् १७४४ को नोभेम्वर महिनातिर वडामहाराजाधिराज पृथ्वीनारायण शाहले  हाल भारतको वनारस गएर हतियार वनाउन र हतियार चलाउन जान्ने प्राविधिकहरू गोरखा ल्याए । तिनीहरू मुसलमान समुदाएका शेख जरवार, महमद्ताकी र भेषासिंह ३ जना थिए । उनीहरू सवैलाई गोरखाली सेनाको माथिल्लो पद एड्जुटेन्ट दिइएको थियो (प्रेमसिंह वस्न्यात, शाही नेपाली सेना र प्रधानसेनापतिहरू, पृ.४) । ति मुसलमानहरूले गोरखामा विभिन्न हातहतियार वनाई सेनालाई तालिम दिने काम गरे । नुवाकोट विजय हमलामा ति मुसलमानले युद्ध समेत लडेका थिए । हतियार वनाउने, हतियार चलाउने, हतियार सम्वन्धी तालिम दिने र विभिन्न युद्धहरूमा एड्जुटेन्टको जिम्मेवारीवाट लडाइँ समेत लड्ने उक्त तीनै जना मुसलमानहरू नेपाली सेनाको वीर योद्धाहरू हुन् । जसको सन्तान दरसन्तानलाई पृथ्वीनारायण शाहको पाला देखि हालसम्म पनि नेपाली सेनाको हतियार वनाउने र मर्मत गर्ने विभागमा अविछिन्न रूपले नोकरी दिईदै आएको छ । हाल पनि टुँडीखेल मुनिको कोतखानामा उनीहरू कार्यरत छन् ।



सन् १७४४ सम्म नेपालको सैन्यहरूको हातहतियार खुकुरी, खुंडा, भाला, घ्यत्रो, सुईरो, वञ्चरो, ढाल, तरवार, धनु, आदि नै थिए । जसवाट गुथ्थम्–गुथ्थाको लडाई मात्र सम्भव थियो । सांच्चै भन्ने हो भने यो मुडेवलको युद्ध थियो । Hand to Hand Fight नगरीकन कुनै विकल्प नै थिएन । अर्को शव्दमा भन्नु पर्दा त्यो युद्ध “गुथ्थमगुथ्थाको लडाई” (Shock Combjt) तथा टाढावाट हतियारहरू जस्तै घुयत्रो, वाण आदि प्रयोग गर्ने लडाई (Missile Combjt) मा आधारित थियो । यो परम्परागत युद्ध गर्ने तरिका थियो । पृथ्वीनारायण शाहको नुवाकोटको दोस्रो पटकको हमलासम्म यही नै हतियार तथा युद्धकलाहरूको प्रयोग भएको पाइन्छ । दुई पटकसम्म नुवाकोटको युद्धमा पराजय भोग्नु परेका विभिन्न कारणमध्ये सवैभन्दा मुल कारण युद्ध–सामाग्रीको कमी भएको नै पृथ्वीनारायणले पक्का गरेको थिए । यसै खाचोलाई पूर्ति गरेर मात्र उनले नुवाकोटमा तेस्रो पटक हमला गर्ने निधो गरेको थिए भने शेख जरबार लगायतका मुसलमान प्राविधिकहरू नेपाल ल्याइएका थिए ।

सन् १७४४ को शुरूतिर नै पृथ्वीनारायण शाहले वनारस गई विभिन्न युद्ध–सामाग्रीहरू खरिद गरे जसमध्ये केही वन्दुक र वारूदहरू पनि थिए । “दिव्योपदेश” मा ३ जना मुसलमान प्राविधिकहरूको बारेमा यसरी वर्णन गरिएको छ :– “लखनैवाट ३ मुसल्मां मेरो चाकरीलाई नुवाकोटमा पिछा परि आयाका थिया, इनै वन्दुकको तुल कलायेत तिनै मसुरमानले जान्याको रहेछ र सेष जरवर ममतकि भेषसिं तीनै जनलाई अजिटनी दियां र तिलङ्गा सधायाको हो” । सेनामा सङ्गठनात्मक रूपवाट पृथ्वीनारायण शाहलाई Pioneer of the Arms in Nepalese Army भन्न सकिन्छ ।  सङ्गठित सेनामा त्यो नै वन्दुक र वारूदको सुरूवात थियो ।

उल्लिेखित तीनजना मुसलमानहरूले गोरखामा नै वन्दुक ढाल्ने र वारूद वनाउने काम पनि गरेका थिए । कुटनीति, रणनीति र हातहतियारसमेतको प्रयोग गरेर पृथ्वीनारायण शाहले सन् १७४४ नोभेम्वर २६ तारिखको दिन नुवाकोटमाथि तेस्रो हमला गरी विजय प्राप्त गरेका थिए । यो नै नेपाल एकीकरणको पहिलो शिलान्यास थियो । तर व्यक्तिगत तवरमा उपत्यकाका मल्ल राजाहरूले यसभन्दा पहिलादेखि नै पिस्तौल र छोटा वन्दुकहरू प्रयोगमा ल्याइसकेको थिए । तोपखाना हतियार भने गोरखा राज्यसँग थिएन, तर लम्जुङ्ग र पर्वतराज्यसँग भने थियो । यसै कारणले गर्दा गोरखा भन्दा ती राज्यहरू सैनिक वलमा समेत अग्रपङ्क्तिमा थिए ।



## काजी नाहरसिंह बस्न्यात



सेनापति शिवरामसिंहका जेठा छोरा काजी नाहरसिंह बस्न्यातको जन्म वि.सं. १७९० मा भएको थियो । यिनी वि.सं. १८११ तिर नै गोरखा सैन्यको बरिष्ठ पदमा आसिन भइसकेका थिए । बि.सं. १९१८ मा यिनी आफ्ना भाई बख्सी केहरसिंहको सेनापतित्वमा अर्का भाई अभिमानसिंह बस्न्यातसहित मकवानपुर आक्रमण गर्न खटिएका थिए ।[65] त्यहाँ घमासान युद्ध हुँदा यिनले ठूलो बहादुरी देखाएका थिए । यि र यिनका भाइहरूको युद्धकौशलको परिणामस्वरूप युद्धमा टिक्न नसकी मकवानी राजा दिग्बन्धन सेन आफ्ना सैन्यसहित भागेर हरिहरपुरगढी तिर गए । यसरी मकवानपुर गोरखालीहरूको अधिकारमा आयो । त्यसपछि सोही सालमा दशैंको लगत्तैपछि त्यही गोरखाली फौजले हरिहरपुरगढीमाथि पनि हमला गऱ्यो । त्यहाँ पनि टिक्न नसकी मकवानीहरू भारतको खुंडाघाट पुगे । राजा दिग्बन्धन सेन र उनका मन्त्रि कनकसिंह बानिया पहिल्यै नै आफ्ना परिवार र श्रीसम्पतिसहित खुंडाघाट पुगिसकेका थिए । त्यहाँ बसेर गोरखालीहरूको प्रतिकार गर्ने उपाय सोच्न थाले ।

त्यसबखतमा बंगाल-बिहार र उडिशाका नवाफ मीरकासिम थिए । उनी मखनियामा बसेका थिए । यी मीरकासिम अघिदेखि नै पहाडीभेकमा बस्न पाएमा अंग्रेजहरूको बढ्दो दबदबाबाट सुरक्षित होइन्थ्यो भन्ने सोचमा रहेका थिए । उनको त्यो इरादा थाहा पाएका राजा दिग्बन्धनसेनले उनलाई गोरखालीहरूको बिरूद्ध उक्साए ।

---

६५ बस्न्यात तथा अन्य, पादटिप्पणी संख्या १६, पृ. १८-१९ ।

"के खोज्छस कानो आँखो" भने झैं सोचेर मीरकासिम अलि खाँले करिब २५०० सैनिक भएको ठूलो फौज गुरगिन खाँको नेतृत्वमा पठाए । त्यस फौजले मकवानपुरगढी माथि आक्रमण गर्न त्यसको फेदीमा रहेको हर्नामाढीमा शिविर स्थापना गऱ्यो । त्यहाँ ठूलो लुटपाट मच्चियो । त्यो थाहा पाएर पृथ्वीनारायण शाहको निर्देशनमा बक्सी नाहरसिंह बस्न्यात र बंशराज पाण्डे ४००/४०० जनाको फौज लिएर त्यसतर्फ गए । गोरखाली फौज ठूलो सजधजका साथ बढ्दैछ भन्ने थाहा पाउनासाथ गुरगिन खाँको सैनिकहरू आतुर भएर शिबिर छोडेर भाग्न थाले । यो देखेर गोरखालीहरू झन उग्ररूपले उनीहरूमाथि जाइलागे । फलतः गुरगिन खाँका करिब १७०० जवान मारिए । त्यस लडाईंमा मुसलमानी फौजले भाग्दा छाडेर गएका दुइवटा तोप र करिब ५०० नाल बन्दुक र अन्य सैनिक सामानहरू गोरखालीहरूले हात पारे ।[66] यसरी सेनापति नाहरसिंह बस्न्यातले आफ्नो अतुल शुरता र वीरताद्धारा गुरगिन खाँको फौजलाई परास्त पारे । यस किसिमले आफ्ना प्रिय राजा पृथ्वीनारायण शाहको मकवानपुर विजय गर्ने विचार आकांक्षा बक्सी नाहरसिंह बस्न्यातले पूरा गराएर राज्य विस्तारमा ठूलो योग्दान दिएका थिए । यसैको रिझवापत पृथ्वीनारायण शाहले यिनलाई काजीको पदले सुशोभित गराए ।

सन १७७५ को सन्धिविपरित भोटले कान्तिपुरलाई अप्ठेरोमा पारेकोले वि.सं. १८४५ तिर यी दुई देशवीच लडाइँ भयो । सेनापति काजी नाहरसिंह बस्न्यात आफ्नो फौजको नेतृत्व गरी लडाइँमा गए । त्यस फौजले तिब्बतको तीन जिल्लाहरूमा दखल गरेको थियो । अन्त्यमा सम्बत् १८४६ मा केरूङमा सन्धि भयो र लडाइँ टुङ्गियो । त्यस सन्धिअनुसार तिब्बतले नेपाललाई बार्षिक ५० हजार बुझाउनु पर्ने भयो । यसपछि

६६ *ऐजन*।



यिनको जीवन यात्रा कसरी चल्यो र कहिले अन्त्य भयो भन्ने एकिन गर्न सकिएको छैन् । यिनका दुइवटा छोरा इन्द्रवीरसिंह र बाकाविरसिंह थिए । मेजर सुवेदार शंकरमानसिंह बस्न्यातको टिपोटअनुसार यिनीहरू वि.सं. १८६७ सम्म जीवितै रहेका देखिन्छन् ।[67]

६७ *ऐजन*।

## झंगल गुरूङ



गोरखामा जन्मेका झंगल गुरूङ गोरखाली सेनाको उच्च कमाण्डर भएको बुझिन्छ।। उनी बडो शुरवीर थिए। एकीकरण युद्धको सिलसिलामा पृथ्वीनारायण शाहले उनलाई विशेष काम (स्पेशल मिसन) को जिम्मेवारी दिएर र काम फत्ते गर्ने आफ्नै हतियार दिई पठाएका थिए । युद्ध हुनुअघि शत्रु पक्षले युद्धको यथार्थ स्थिती बुझि गुह्य भेद चालपाई सोहीअनुसार युद्ध सञ्चालन गर्ने नीति सबै राष्ट्रले लिएका हुन्छन् । कौटिल्य यस्ता भेद बुझ्न जासुसीको प्रयोग गर्ने धारणा व्यक्त गरेका छन् । पृथ्वीनारायण शाहले विजय अभियानको सिलसिलामा जासुसी कलालाई सुदृढ बनाएका थिए । उनले चौवीसी राज्य साथै काठमाडौं उपत्यकामा पनि पटक-पटक जासुसहरू पठाएका थिए । गोरखाको नुवाकोट विजयपश्चात् कान्तिपुरका राजा जयप्रकाश मल्लले काशीराम थापालाई नुवाकोट फर्काउने प्रयासमा विफल भएपछि पनि राजालाई जानकारी दिन नआएकोले प्राणदण्ड दिएका थिए । यसपछि पृथ्वीनारायण शाहले काशीराम थापाका भाई पर्शुराम थापाका भाईलाई आफूतर्फ मिलाएका थिए । तर पर्शुराम थापाले बाहिरीतर्फबाट मित्रता देखाई भित्र-भित्रै गोरखाका विरोधीहरूलाई उकास्ने प्रयत्न गरे । उनले आफ्ना भाईलाई कास्कीतर्फ पठाई गोरखातर्फ आक्रमण गर्न प्रोत्साहन दिए । यो कुरो चाल पाई पर्शुराम थापालाई मार्नको लागि पृथ्वीनारायण शाहले झंगल गुरूङलाई गोप्य रूपमा पठाए । झंगल गुरूङले गाइनेको भेषमा कास्की पुगी अनेक यत्नले पर्शुराम थापाका भाईलाई रिझाए । यस्तैमा एक



दिन उनलाई काटेर कुलेलम ठोके ।[68] शत्रुलाई सिध्याउने पृथ्वीनारायण शाहको गोप्य चाल बारे उक्त घटनाले स्पष्ट पार्दछ । त्यसैगरी शिष्ट-मण्डलको बहानामा पृथ्वीनारायण शाहले तुलाराम जस्ता भारदारलाई जासुसीमा कान्तिपुर खटाएका थिए ।[69] इसाई पादरी गेसेपीअनुसार कान्तिपुरमा जासुसीहरूको संख्या २००० भन्दा बढि थियो ।

---

६८ आचार्य, पादटिप्पणी संख्या ११९, भाग २, पृ. ३३४ । जगमान गुरूङ, *नेपालको एकीकरणमा गुरूङहरूको भुमिका,* ( पोखरा : श्री बौद्ध अर्घौं सदन, २०४१), पृ. १६-१८ ।

६९ *ऐजन* ।

## काजी धौकलसिंह बस्न्यात



काजी धौकलसिंह बस्न्यात बडावीर सेनापति शिवरामसिंह बस्न्यातका कान्छा छोरा थिए । यिनको जन्म वि.सं. १८०३ मा भएको थियो । बाबुको साँगाचोकमा वीरगति हुँदा यिनी ६/७ महिनाका शिशु थिए । यिनी पनि आफ्ना दाजुहरूका साथै पृथ्वीनारायण शाहको मरवट नीतिअनुसार पालित, पोषित एवम् दीक्षित भएका थिए । काजी धौकलसिंह बस्न्यात पृथ्वीनारायण शाह र प्रतापसिंह शाहका पालामा कुशल योद्धा तथा श्री ५ रणबहादुर शाह तथा गीर्वाणयुद्ध शाहका शासन कालमा एक सुयोग्य मन्त्रीको रूपमा कार्यरत थिए ।[70] पृथ्वीनारायण शाहको योजनानुसार चारैतिरबाट आर्थिक नाकाबन्दीको असरबाट छटपटाइरहेका नेपाल मण्डलका तीन मल्ल राज्यहरूमा आक्रमण गरी विजय गर्दा धौकलसिंह बस्न्यात आफ्ना दाजुहरूका साथै युद्धरत थिए । पृथ्वीनारायण शाहले भक्तपुर विजय गर्दा धौकलसिंहले बख्सि जस्तो उच्च पद पाइसकेका थिए ।[71] सम्वत् १८२७ देखि १८३० सम्म धौकलसिंहले आफ्ना दाजुहरू केहरसिंह (१८२८ सम्म) र अभिमानसिंहसँग संयुक्त रूपले अधिराज्यको राजश्वसम्बन्धी कार्यको जिम्मेवारी सम्हालेका थिए । यसपछि अभिमानसिंहको विजयपुर दखल गरेको लगत्तै

---

७० बस्न्यात र अन्य, पादटिप्पणी संख्या ४१, पृ. ५९-६० ।

७१ स्वस्तिप्रभा वज्राचार्य, *आधुनिक इतिहासमा बस्न्यातहरूको योगदान,* (त्रि.वि. मा प्रस्तुत स्नातकोत्तर तहको निमित्त तयार गरिएको शोधपत्र, २०६३), पृ. २१५ ।



धौकलसिंह आफ्ना दाजुसहित वरिया र टिष्टा नदीबीचका क्षेत्रहरूका दिवान भए ।[72] त्यसवापत उनीहरूले सिन्धुलीको राजश्व बेतनको रूपमा उपभोग गर्न पाउने भएका थिए ।

तत्पश्चात् दिवान धौकलसिंह बस्न्यातलाई हाल काभ्रे जिल्लाको वनेपामा तीन वर्षको लागि राजश्व उठाउने ठेक्का दिइयो । यस काममा पूर्ण सफलता हासिल गरेकाले उनी काजी पदमा नियुक्त भए र साथै उनले मोरङको पूर्वी तराई क्षेत्रमा राजश्व उठ्ती गर्ने जनप्रशासन गर्ने अधिकार पाए । यस निमित्त उनले बार्षिक रू. ४,०००।- तलव पाउने गर्दथे । उनी यस पदमा सम्वत् १८५४ वैशाखसम्म बहाल थिए । यसबीचमा उनको सम्पत्तिमा ठूलो मात्रामा बृद्धि हुन गयो । त्यसबखत वार्षिक बेतन रू. ४,०००।- ज्यादै ठूलो रकम हुने र खर्च गर्ने क्षेत्र ज्यादै सिमित हुने भएकाले उनी धनी हुनु स्वभाविकै देखिन्छ । यस अवधिभित्र पनि उनी आवश्यकताअनुसार कार्य सम्पन्न गर्नको लागि विभिन्न ठाउंमा खटिने गरेको पाइन्छ । श्रीमती स्वस्तिप्रभा वज्राचार्यकाअनुसार वि.सं. १८२८ मा सतहुँको लडाइँमा हार भई भाग्न सफल भएका गोरखाली सैनिकहरू सेती किनारस्थित सानो राज्य ढोरमा पुगेका थिए । ढोरका राजा आफ्नो पक्षमा रहेका थिए भन्ने थाहा पाएकाले उनीहरू त्यहाँ सुरक्षित भएर रहन चाहन्थे । तर चौबीसेहरूले एकगठ भएर सतहुँमा गोरखालीहरूलाई नराम्रोसँग हराएकाले उनी पनि त्यतैपट्टि लागेर उनीहरूलाई घेरा दिई राखे । त्यो खबर पाएर पृथ्वीनारायण शाहले सेनापति धौकलसिंह बस्न्यातको नेतृत्वमा श्रीहर्ष पन्तलाई सैन्यसहित उनीहरूको उद्धार गर्न तथा पश्चिममा लडाइँ जारी राख्न त्यसतर्फ पठाए । प्रभुनारायण मल्ल, रणशुर पाण्डे र उनका सैनिकहरू आ-आफ्ना हतियार शत्रुलाई सुम्पेर आउँदै गर्दा धौकलसिंह र श्रीहर्ष पन्तसँग उनीहरूको भेट भयो (जो नभागी घरैमा रहेका थिए)

---

७२ *ऐजन* ।

। उनीहरूलाई हात-हतियारसहित उद्धार गरेर सबैलाई साथ लिई धौकलसिंह र श्रीहर्ष पन्त फर्के । जो हतियार सुम्पेर आएका थिए तिनीहरू बर्खास्त गरिए । हतियारसाथ आउनेहरू थमौतीमा परे ।

वि.सं. १८३४ मा कलकत्तामा दुत भई बसेका दीनानाथ उपाध्यायका सल्लाहअनुसार राजा प्रतापसिंहको आदेशानुसार धौकलसिंह बस्न्यातको नेतृत्वमा पार्थ भण्डारीलाई लिएर केही सैनिकका साथ काशी विजयगढका राजा चेतसिंहका फौजद्धारा काशीमा घेरिएका अंग्रेजहरूलाई उद्धार गर्न मकवानपुर भएर त्यसतर्फ रमाना भएका थिए । त्यो गोरखाली फौजले पटनाको हाजिपुरसम्म बढेर त्यो इलाका दखल गर्‍यो । त्यहाँ उनीहरूले पशुपतिनाथको मन्दिर निर्माण गरे । नजिकै एउटा झिंगटीको पाटी पनि बनाए । त्यस पाटीमा उक्त युद्धको बयान लेखिएको छ जुन अद्यावधि छ ।[73] त्यसपछि काजी धौकलसिंह बस्न्यात पश्चिम विजय अभियानका लागि खटिएका थिए । उनी वि.सं. १८३९ देखि १८४२ सम्म त्यस कार्यमा सक्रिय रहेर सफलता हासिल गर्दै थिए । यस क्रममा उनको नेतृत्वमा कास्की विजय गरेर उनी चौ. दलजीत शाह, काजी स्वरूपसिंह कार्कीका साथ पोखरामा रहेका थिए । त्यसै बखतमा अर्थात् १८४२ मा नायव मुमा बडामहारानी राजेन्द्रलक्ष्मी शाहको निधन भएकोले उनीहरू काठमाडौंमा बोलाइए ।

वि.सं. १८४७ मा भोटले १८४६ को केरूङ सन्धिअनुसार रकम बुझाउन आनाकानी गरेको हुँदा यी दुई देशबीच फेरि लडाइँ भयो । भोटको मागअनुसार सहयोग गर्न चिनियां फौज आएको थियो । चिनियां फौज र गोरखालीहरूकोबीच घनघोर युद्ध भयो । त्यस बखतमा काजी धौकलसिंह बस्न्यात सेनापति भै भोटको काभ्रा

---

७३ *ऐजन*, पृ. ६५ ।



भन्ने ठाउंमा बसेर गोरखाली फौजको नेतृत्व गर्दै थिए । यस युद्धमा दुवैतर्फ ठूलो क्षति भयो । अन्तमा १८४९ मा वेत्रावतीमा सन्धि भयो जुन वेत्रावती-सन्धिको नामले प्रसिद्ध छ । त्यसपछि काजी धौकलसिंह बस्न्यात कान्तिपुर फर्केर राजदरबारमा कार्यरत रहे । काजी धौकलसिंहले राजा रणबहादुर शाहबाट नारायणहिटी क्षेत्रमा जग्गा बक्स पाएर शक सम्वत् १७१५ अर्थात् सम्वत् १७७२ मा आफ्ना लागि "कीर्तिमन्दिर" नामक एउटा भव्य घर बनाएका थिए । यस विषयमा नारायण मन्दिरमा राखिएको शिलालेखमा "नरपति श्री ५ रणबहादुर शाहबाट प्राप्त गरेर आफ्नो पूर्ण अधिकार भएको यस ठाउंमा ती धौकलसिंहले शुभ फल जन्माउने सबैले कामना गरिएको सुन्दर घर बनाए । छोरा, नाति, कुल, धर्मपत्नी, सत्कर्म र हरिका करूणाले यसमा कीर्ति हुनेछ भनी ठानी धौकलसिंहले यसलाई कीर्तिमन्दिर भने ।" पछि यसलाई नारायणहिटी दरवार भन्न थालियो । (*शाहकालीन कला र वास्तुकला*- डा. जगदीशचन्द्र रेग्मी) । यी वाक्यहरू उक्त शिलालेखमा लेखिएको सँस्कृत कविताको ७ र ८ श्लोकका अनुवाद हुन् । यसमा सुरूका १० श्लोक सँस्कृतमा र पछिका १५ श्लोक (दोहा) हिन्दीमा लेखिएका छन् । यसका रचनाकार वाणीविलास पाण्डे थिए भनेर त्यसैमा लेखिएको छ । (*सँस्कृत सन्देश छ,* पृष्ठ ८) यी श्लोकहरू नेपालीमा अनुवादसहित तथा हिन्दी दोहाहरू उनको कृति भन्ने शीर्षकमा दिइनेछ । हाल नारायणहिटी दरवार नारायणको मन्दिर र हिटी (धारा) धौकलसिंहले बनाएका थिए ।

यस कीर्तिमन्दिर निर्माणपश्चात् केही वर्षसम्म धौकलसिंह दरबारमै मन्त्री (काजी) को पदमा रहेका थिए । उनले देखाएका राष्ट्रभक्ति अतुलनीय थियो । सन् १७९३ अर्थात् सम्वत् १८५० तिर भारतको कम्पनी सरकारकोतर्फबाट कर्नेल कर्कप्याट्रिक राजदुत भएर नेपाल आएका थिए । उनले आफ्नो नेपाल बसाइकोबीचमा अनेक चिठीपत्रहरू लेखेका छन् । तीमध्ये उनले तत्कालीन गभर्नर जनरल लार्ड कर्नवालिसलाई सन् १७९३ मार्च १९ ता. मा लेखेका पत्रमा आफूले काठमाडौंमा अरू केही महिना बढि बस्ने इच्छा गरेकोमा विरोध गर्नेहरूमा

श्रीकृष्ण शाह, चौ. बलभद्र शाह, जीव शाह र काजी धौकलसिंह बस्न्यात पनि थिए भन्ने उल्लेख गरिएको छ । यसबाट के थाहा हुन्छ भने अंग्रेजहरूलाई नेपालमा बस्न दिएमा राष्ट्रको स्वतन्त्रतामा नराम्रो असर पर्थ्यो भन्ने कुरामा धौकलसिंहको दृढ विश्वास थियो । यसरी दरबारमा प्रशासनिक एवम् कुटनैतिक क्षेत्रमा राजालाई उपयुक्त राय सल्लाह दिंदै धौकलसिंह बस्न्यात सन् १८०० अर्थात् वि.सं. १८५७ वैशाखसम्म रहे । त्यसबखतमा स्वामी भएका रणबहादुर शाह आफ्नी जेठी महारानी राजराजेश्वरीदेवी शाहका साथ पाटनमा बसेका थिए । उनी राज्य शासनमा दखल दिन चाहन्थे । उनको त्यो इरादा बुझेर मुख्तियार दामोदर पाण्डे र उनका पक्षधरहरूले नायव महारानी राजराजेश्वरी देवी शाहलाई थाहै नदिई बालक राजा गीर्वाणयुद्ध शाहलाई नुवाकोटमा लगेर उनको नामबाट राज्यशासन चलाउन लागे । यो देखेर उनीहरू विरूद्ध राजराजेश्वरी देवी शाहले फौजी जवानहरूलाई आदेश जारी गरेकीले द्वैध-शासन चल्न थाल्यो । यसको समाधानको लागि नुवाकोटबाट फौज रमाना भयो । यो थाहा पाएर स्वामी राजा रणबहादुर शाह रानी राजराजेश्वरी शाह, भीमसेन थापा, बालनरसिंह कुंवर, दलभञ्जन पाण्डे आदिहरूलाई साथ लिएर काशी गएर महानिर्वाणानन्द नाम धारण गरेर रहन थाले । यसरी गृहयुद्ध टर्न गयो ।

त्यसपछि बालक राजा गीर्वाणयुद्धलाई कान्तिपुरमा ल्याइयो र मुमामहारानी सुवर्णप्रभा शाह नायव भइन् । सुवर्णप्रभाले केहरसिंहका माहिला छोरा कीर्तिमानसिंह बस्न्यातलाई मुल काजी बनाइन । त्यसको तीन महिनापछि अर्थात् वि.सं. १८५७ असारतिर काजी धौकलसिंह बस्न्यातलाई कुमाउँ-गढवालको मुख्य प्रशासकको रूपमा त्यसतर्फ खटाइयो । कुमाउँ-गढवाल पुगेर त्यहाँको शासनाभार चलाउन थालेको केही महिनापछि धौकलसिंहले फौजी असन्तोषको सामना गर्नुपऱ्यो । किनभने कुमाउँको लालमन्दी किल्ला सुरक्षार्थ तैनाथ गोरखाली सैनिकहरूमा १५ प्रतिशत खाँटी नेपाली र ८५ प्रतिशत जति गढवाल र कुमाउँका मान्छेहरू भर्ना भएका थिए ।



उनीहरू तलब र राशनको परिणाममा बृद्धि होस् भन्ने चाहन्थे । त्यसको निराकरण नभएमा निशान झण्डासहित काठमाडौं फर्कने धम्की उनीहरूले दिएका थिए ।[74] वास्तवमा नुवाकोटबाट पजनी हुँदा नयाँ कम्पनीको निर्माण भएको थियो । त्यस कम्पनीका लागि नयाँ तलब र जग्गाको व्यवस्था नगरी कुमाउँमा रहेका सैनिकहरूले जुन व्यवस्थाबाट तलब र राशन पाउँथे उनीहरू धानको सट्टा पैसा लिन चाहन्थे । काजी धौकलसिंहले उनीहरूसँग कुरा गरेर त्यसको निराकरण गरिदिने आश्वासन दिएका थिए र साथै हातहतियार र निशान लिएर कतै नजानु भन्ने निर्देशन दिएका थिए । तर समस्या समाधान हुन ढिलाइ भएकोले असन्तुष्ट सैनिकहरू हतियार र निशानहरू लिएर काठमाडौंतर्फ हिंडे । त्यो थाहा पाएर उनीहरूलाई रोक्न धौकलसिंह बस्न्यात धर्मपानी भन्ने ठाउंसम्म पुगे । त्यहाँ उनीहरूले बोकेको झण्डा (निशान) समात्न खोज्दा उनीहरूमध्ये एउटा (ढाकचा सिपाही) ले बन्दुकको कुन्दाले उनलाई हिर्कायो ।[75] यसरी घाइते भएका धौकलसिंहलाई दरबारमा पुऱ्याइयो र औषधोपचार गरियो, तर कुनै फाइदा भएन । अन्तमा पाँच दिनपछि विजेश्वरी घाटमा उनको निधन भयो । यसरी कुमाउँ गढवालको प्रशासनभार सम्हालेको एक वर्ष पनि पुग्न नपाई १८५८ वैशाखतिर काजी धौकलसंह बस्न्यात जस्ता एक सुयोग्य राष्ट्र सेवकको दुःखद् अवसान भयो । उनका एकमात्र सन्तान रणधीरसिंह बस्न्यात थिए ।

७४ *ऐजन*, पृ. ६३-६४ ।

७५ *ऐजन*, पृ. ६४ ।

## नयनसिंह थापा



जनरल अमरसिंह थापाका माहिला छोरा नयनसिंह थापा एक नेपाली वीर योद्धा थिए । बघेल थर लेखिएको पाइनाले त्यही शब्दबाट बन्न गएको बगाले थापा नयनसिंह थापाको जन्म सन् १७७७ मा गोरखाको बोर्लाङमा भएको थियो ।[76] सन् १७९१ मा नेपाल-चीनबीच भएको युद्धमा गोलफु र छेपार प्रदेशमा रक्षा गर्न भनी उनको पिता अमरसिंह थापालाई खटाइएको थियो । उनको नेतृत्वले विद्रोह शान्त भयो । त्यसैगरी अमरसिंह थापाले पाल्पा क्षेत्रको बाकुनको युद्धमा जेठी तरबार चलाई सफलता हासिल गरे । उनले भोटसँगको युद्धमा पनि ठूलो पराक्रम देखाएको कुरा थापा वंशावलीमा उल्लेख गरिएको छ ।[77] काजी नयनसिंह थापाका उजिरसिंह थापा र माथवरसिंह थापा २ भाइ छोरा थिए । उजिरसिंहको जन्म सन् १७९५ मा र माथवरसिंह थापाको सन् १७९८ मा भएको थियो । काजी नयनसिंह थापाका २ छोरीहरू थिए, जेठी गणेशकुमारी श्री ३ जंगबहादुरकी आमा अर्थात काजी बालनरसिंह कुंवरकी कान्छी कजिनी थिइन् । उनीसँग विवाह गर्दा बालनरसिंहले प्रशस्त दाइजो पाएका थिए । काजी नयनसिंहकी कान्छी छोरी ललितत्रिपुरासुन्दरी रणबहादुर शाहकी चौथी पत्नी थिइन् र उनका कोखबाट सन्तान थिएन । काजी नयनसिंह थापाका कान्छा छोरा माथवरसिंह थापा नेपालका पहिलो प्रधानमन्त्री भएका थिए ।

---

७६ शम्शेरबहादुर थापा, *रणवीरसिंह थापा,* (ललितपुर : जगदम्बा प्रकाशन, २०२३), पृ. १०९ ।

७७ योगी, पादटिप्पणी संख्या ४०, पृ. ११९ ।



काजी नयनसिंह थापा नेपाल दरबारमा राम्रो पहुँच भएका व्यक्ति थिए । त्यसमाथि मुख्तियार भीमसेन थापाको उदयले उनको प्रभाव झन् बढेको थियो । भीमसेन थापाले राजा गिर्वाणयुद्ध विक्रम शाहबाट गढवाल तथा काँगडासम्म नेपालको विस्तार गर्ने उद्देश्य राखेर बडाकाजी अमरसिंह थापा, सरदार भक्ति थापालाई पहिलेबाट त्यहीं अख्तियार दिई पठाइएको थियो । उनीहरूका मातहतमा रहेको सेनाबाट विजय अभियानमा ढिला भयो भनेर काठमाडौंबाट काजी नयनसिंह थापालाई पठाउने काम भएको थियो । काजी नयनसिंह थापा आफ्नो साथमा पर्याप्त सेना लिएर काँगडातिर गएका थिए । काजी नयनसिंह थापाले नेतृत्व गरेको सेनाले हण्डुर, कहलुर बाह्र ठकुराई हुदैं किल्ला काँगडामा घेराउ गर्न पुगे ।[78] उनले घेराउ गर्दै थिए, तर घेराउ मात्रले कुनै अर्थ नलाग्ने ठानी त्यहाँ साढे २ बर्षदेखि काँगडा किल्ला घेरेर बसेका बडाकाजी अमरसिंह थापाको सल्लाहलाई इन्कार गरेर काजी नयनसिंह थापाले आफ्नो मातहतको सिपाहीलाई किल्लाबाट बिस्तारै छुट्याएर मकवानपुरको बाटो गरी काँगडा किल्ला तोड्ने योजना गरे । यसरी काँगडाको गढीमाथि धावा गर्दा पहिले काँगडा किल्ला र पहाडको बाहिरी भागको भवन काँगडाको बीचमा पर्ने र माल काँगडाको किल्ला र पहाडको बलियो गढलाई जित्ने उद्देश्यले काजी नयनसिंह थापाले पल्टनलाई अगाडि बढ्ने आदेश दिए । त्यो गढमा रहेको बैरीको सेनासँग नेपाली सेनाको घनघोर युद्ध चल्यो । त्यो युद्धमा नेपाली सेनाको ठूलो क्षति भयो । कारण के भयो भने सो साल काँगडाको युद्धमा नेपाली सेना ४०० जतिले वीरगति पाए । त्यति हुँदाहुँदै पनि काजी नयनसिंह थापाले हरेस खाएका थिएनन् । उनी आफ्नो सेनालाई सुर्‍याइरहेका थिए र स्वयं लडाइं गर्दै पनि । त्यति गर्दा पनि किल्लाको ढोका खुल्न सकेको थिएन । त्यसो हुनाले त्यो किल्लाको ढोका खोल्न भनी अगाडि बढेर जाँदा दुर्भाग्यवश किल्लाभित्रबाट आएको शत्रुको गोलीबाट काजी नयनसिंह थापाको छातीमा लागी सख्त घाइते भए । त्यो युद्धमा घाइते भएका काजी नयनसिंह थापा ३ (तीन) दिनपछि दिवंगत भए । काजी

---

७८ ढुण्डिराज भण्डारी, *नेपालको ऐतिहासिक विवेचना,* (वाराणसी : कृष्णकुमारी देवी, २०१५), पृ. ३५७ ।

नयनसिंह थापाको असामयिक मृत्युले नेपाली सेनामा अपुरणिय क्षति भयो । तत्कालै काँगडा क्षेत्रका नेपाली सेनाका प्रमुख बडाकाजी अमरसिंह थापालाई असह्य क्षति पर्न गयो ।[79] यो घटना सन् १८०६ को हो ।[80]

काँगडा सर गर्ने लक्ष्य राखी नेपालबाट काजी नयनसिंह थापा, काजी जसपाउ थापा, सरदार दुखत्त शाही, सुब्बा रघुनाथ गुरूङ, प्रसाद गुरूङहरूले नयाँ श्रीनाथ, बर्दवाणी, रणभीम कम्पनी तथा नयाँ खडा गरेको ४०० फौज, ढाक्रे, उमराव समेतका १५०० लस्कर लिई सन् १८०६ मा हिंडेका थिए । ती फौजले हिन्दुरमा अरू गोरखाली फौजसँग भेटी भलाकुसारी गरे । चार दिनपछि हिन्दुरमा सरदार इन्द्रसिंह थापा समेत पाँच कम्पनी राखी सबै गोरखाली फौज सतरूद्रापारि तरे । त्यस बखतमा पश्चिम मण्डालीका राजा नेपालसँग मिल्न आए । नेपालीले मण्डाली राज्य समेतको मद्दत लिएर काँगडाको वरिपरि १२ ठाउंमा किल्ला हाली खलंगा जमाई बसे । खलंगा हालेको सात दिनपछि काँगडाका चौतारिया निमाहीचन्दले १० हजार सेना लिई नेपाली सेनामाथि आक्रमण गरेका थिए । त्यस सेनालाई नेपालीहरूले दुईतिरबाट घेरी भीषण युद्ध गर्न थाले । ४० जना नेपाली जवानले त्यहीं युद्धमा वीरगति पाए भने ५०० गढवाली सेनाले । अन्त्यमा चौतारिया निमाहीचन्दको सोही युद्धमा मृत्यु हुँदा गढवाली सेना तितर-बितर भयो । सो युद्धमा नेपाली सेनाको विजय भयो ।[81]

---

७९ विष्ट, पादटिप्पणी संख्या ७१, पृ. ७८ ।

८० टेकबहादुर खत्री, *शाही नेपाली सेनाको इतिहास,* (काठमाडौं : शारदा के.सी., २०४१), पृ. २१ ।

८१ ललितजंग सिंजापति, *नेपाली वीरता* (काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २०१०), पृ. ४३-४४ ।



गढवालका चौतारिया निमाहीचन्दको नेपाली सेनाउपरको आक्रमण भीषण रूपको थियो । त्यो आक्रमण विफल गराएपछि नेपाली सेनालाई अगाडि बढ्ने साहस मिल्यो । त्यहाँबाट नेपाली सेनालेअगाडि बढेर ज्वालाजी सुमेरूपुरमा खलंगा हाले । सन् १८०६ मा सुवानगढमा रहेका सरदार भक्ति थापा काँगडाको एक बस्ती टिहरीमा धेरै शत्रु दलका सेना तैनाथ छन् भन्ने कुरा थाहा पाई त्यो ठाउं दखल गर्ने उद्देश्यले आफ्नो मातहतका सेना लिएर त्यतै लागे । टिहरीमा सरदार भक्ति थापाले लगेका नेपाली सेना शत्रुको भन्दा कम हुने लक्षण देखी त्यहाँ थप सेना लैजाने सूचना पाएका हुनाले काजी नयनसिंह थापाले सरदार भक्ति थापालाई मद्दत गर्न आफ्ना मातहतका सबै कम्पनीसाथमा लिएर अगाडि बढे । त्यो कुराको सूचना पाएका अमरसिंह थापाले चौतारिया हस्तदल शाही, काजी जसपाउ थापा, सरदार अङ्गद घलेहरूका साथमा १० कम्पनी टिहरीतर्फ खटाइदिए । त्यो नेपाली सेना र टिहरीदेखि केही पर सुफलभन्ने ठाउंमा अर्को नेपाली सेनासँग भेट गरी साथै अगाडि बढे । नेपाली सेनाले आपसमा सर-सल्लाह गरी आश्विन ८ गतेका दिनभरि विश्राम गरी रात परेपछि टिहरीमा रहेका काँगडाको फौजलाई घेराउ गरे । भोलिपल्ट त्यहाँ भीषण युद्ध भयो । नेपाली सेनाका ३०० वीरहरू शहीद भए भने त्यही युद्धमा काजी नयनसिंह थापालाई गोली लागी सख्त घाइते भए । त्यो युद्धपछि नेपाली सेनापछि हट्तै ज्वालाजी भन्ने ठाउंमा फर्कि खलंगा हाली बसे । काजी नयनसिंह थापा गोली लागेको वेदनाले ३ दिनपछि मरे । नेपाली सेनाले उनको मृत्युमा गहिरो शोक मनायो र उनको शाही कदरअनुसार दाहसंस्कार गरियो ।[82]

काँगडा किल्लामा नेपाली सेनाको हारबाट नेपालीलाई ठूलो क्षति भयो । यस युद्धबाट पश्चिमतर्फको एकीकरण युद्धमा पूर्णविराम लाग्यो । युद्धमा जित-हार हुनु प्राकृतिक नियम हो । यद्यपि, यस युद्धमा काजी नयनसिंह

---

८२ *ऐजन,* पृ. ४४-४५ ।

थापाले बडाकाजी अमरसिंह थापाको सल्लाह नमानी आफ्नो पक्षको मात्र फौज लिएर युद्धको लागि अघि बढ्नु र अमरसिंहले नेतृत्व गरेको फौजलाई छाडेर हिड्नुलाई विश्लेषण गर्नु जरूरी छ, जुन युद्धमा नयनसिंह थापा र सयौं नेपाली सेनाले वीरगती प्राप्त गरे । यस विश्लेषणमा सैनिक महत्वबाट केलाइएको छ । कुनै पनि नेता, वंश वा गुटलाई बढाउन र खसाल्न भने पटक्कै होइन । सबै सैनिक नेता उत्तिकै पुज्य हुन्छन् । काँगडा युद्धलाई निम्न तरिकाले विश्लेषण गरिएको छ :-

(क) नेपाल एकीकरणको सिलसिलामा किल्ला काँगडालाई कब्जा गर्न अढाई बर्ष देखि घेराउ गरी बसेका बडाकाजी अमरसिंह थापाको आफ्नै योजनाले सैनिक कारवाही गर्दागर्दै काठमाडौंबाट भीमसेन थापाले आफ्ना भाई काजी नयनसिंह थापालाई ठूलो सैन्य दलबलको साथ काँगडा किल्ला कब्जा गर्न पठाए । जुन कुरा बडाकाजी अमरसिंह थापालाई अचम्म लाग्यो । किनकी उनले तत्काल नेपाल (काठमाडौं) दरवारमा कुनै मद्दत (Reinforcement) माग गरेको थिएनन् ।[83] यसरी काँगडा किल्ला कब्जा गर्न आइपुगेका काजी नयनसिंह थापा र अमरसिंह थापाबीच हमलाको योजना बारे सल्लाह मिलेन, मतमतान्तर भयो । बडाकाजी अमरसिंह थापाले तुरून्त हमला नगर्न र केही महिना पर्खेर शत्रु पक्षलाई गलाएर मात्र दुबै नेता मिलेर हमला गर्न सल्लाह दिए । तर नयनसिंह थापाले मानेनन् । नयनसिंह थापा अमरसिंह थापाको योजनालाई ठाडै नकारेर आफ्नो योजनामा हमला गरी अमरसिंह थापाको प्रतिष्ठालाई आफूले प्रतिस्थापित गर्न चाहान्थे । एउटै देशका फौजहरू, एउटै दुश्मन र एउटै लक्ष्य (Target) मा हमला गर्ने कुरामा नमिली फौज समेत

८३ "सैनिक इतिहासमा बडाकाजी अमरसिंह थापा र जनरल अमरसिंह थापाबीचको सम्बन्धमा संक्षिप्त टिप्पणी", *सिपाही*, वार्षिक, (२०६४), पृ. ७६-८० ।



दुई समुहमा बिभक्त हुनु एउटा दुर्भाग्यको घटना मान्न सकिन्छ ।[84] स्थान बिशेषको ज्ञान (Topographical Knowledge), शत्रुको क्षमता (Enemy's Capability), लडाइँ मैदानको खबर (Battle Information) र लक्ष्यको बिश्लेषण (Target Analysis) गर्ने क्षमता भने पक्का पनि अमरसिंह थापाको बढि थियो । दशौं बर्षसम्म त्यस इलाकामा बसेका अमरसिंहको सल्लाह नमानी नयनसिंह थापाले आफ्नै हठमा हमला गर्नु ठूलो भुल थियो । किनकी लडाइँको मैदानमा आफ्नो एकता टुक्रिदा दुश्मनको मनोबल बढ्छ र दुश्मनले "खुच्चिङ" बजाउँछन् भन्ने कुरा उनले भुलेको देखिन्छ ।

(ख) भीमसेन थापाको निर्देशनलाई शिरोपर गरी काजी नयनसिंह थापाले हतारमा काँगडा किल्लामाथि अगाडि मोहोडाबाट हमला (Frontal Attack) गर्न तम्सिए र दुश्मनको तोपको गोला लागेर ३ दिनपछि सन् १८०८ (बि.स. १८६५) मा उनले वीरत्व प्राप्त गरे । उनको साहस र मनोबललाई सैनिकहरूले आज पनि सम्मान गर्नै पर्छ । उनी अमर रहनेछन् । यसरी दुवै सेनापतिहरूको कार्यगत एकता (Unity In Effort) नहुँदा नेपालीले लडाइँ हारे । तीन बर्षसम्म नेपालीबाट घेरीएका संसार चन्दको सातो उडिसकेको थियो । यदि नयनसिंह र अमरसिंहबीच समन्वय (Coordination) र समझदारी (Cooperation) हुन सकेको भए किल्ला काँगडा नेपालीको हातमा पर्ने बलियो सम्भावना थियो भने नेपाली सेना अझै अगाडि बढि बृहत नेपाल बनाउन सक्थे । तर काँगडाको किल्ला नै पश्चिमी एकीकरणको पूर्णबिराम बन्न पुग्यो । एउटै वाक्यमा भन्नु पर्दा यो लडाईंलाई "पारिवारिक इज्जतको

८४ *ऐजन* ।

लागि प्रतिस्पर्धा" को संज्ञा दिन सकिन्छ ।[85] अर्को शव्दमा भन्नु पर्दा नेपाली सेनाको करिब ३ बर्षसम्म किल्ला काँगडालाई घेराउ गरेपछि काठमाडौंबाद भीमसेन थापाले आफ्नो भाई काजी नयनसिंह थापाको नेतृत्वमा ठूलो फौज त्यहाँ लड्न पठाए । अमरसिंह थापालाई समन्वय नै नभईकन नेपाल दरवारबाट फौज पठाइयो । अब दुई सैनिक नेताबीच लडाइँको योजनामा प्रतिष्पर्धा भयो । अमरसिंह किल्लाको गणेशघाँटी पट्टिको मुख्य ढोकाबाट Frontal Attack नगर्न र हतारमा हमला गर्न हुन्न भन्ने कुरामा दृढ थिए भने नयनसिंह थापा Frontal Attack गर्न र सक्दो चाँडो Objective Capture गर्न चाहान्थे ।[86] इतिहासकारहरूले अमरसिंहले नयनसिंह थापालाई मद्दत नदिएको हो कि ? भन्न आशंका झल्काएर लेखेको पाइन्छ । यसमा नेता-नेताबीचको भन्दा पनि नेपाल सरकार तथा भीमसेन थापाको गल्ती देखिन्छ । किन भने "एउटै जंगलमा दुइवटा शेर" भने झैं अमरसिंह जस्ताको बीसौ बर्षदेखिको सयौं लडाइँको अनुभवलाई वास्तै नगरी अर्को नेतालई फौज दिई पठाउनुमा गल्ती देखिन्छ । अमरसिंह थापाको युद्ध अनुभव (Battle Experiences) को अगाडि नयनसिंह थापा बच्चै थिए । अमरसिंहको विचारलाई इज्जत नै नदिई Tactical Supremacy देखाउने नयनसिंहलाई अमरसिंहले सहयोग दिएनन् भन्नुमा ठिक होला जस्तो लाग्दैन । सेनामा सदा जेष्ठ (Senior) लाई कनिष्ठ (Junior) ले आदर र श्रद्धा राख्नै पर्दछ ।

---

८५ *ऐजन* ।

८६ *ऐजन* ।



मातृभूमिको सेवा गर्दागर्दै काजी नयनसिंह थापाले आफ्नो प्राण विर्सजन गरेको थाहा पाउने नेपाली उनलाई श्रद्धा गर्दछन् । उनको देहान्तपछि उनका छोराहरूलाई जनरल भीमसेन थापाले रेखदेख गर्ने जिम्मा लिएका थिए । त्योबेला युद्धमा मर्नेका छोराहरूलाई मरवट दिने प्रचलनअनुसार युद्धमा प्राण विसर्जन गर्ने बहादुर देशभक्तका सन्तानलाई सरकारले पालन-पोषण शिक्षादीक्षा दिएर लायक नागरिक तयार पार्ने गर्दथ्यो । उनको सहास र वीरतालाई नेपाली सेनाले सदैव सम्मान गर्नेछ ।

## बखताबरसिंह बस्न्यात



सन् १७९१-१७९२ मा भएको नेपाल-चीन-तिब्बत युद्धमा काजी बखताबरसिंह बस्न्यातले तिब्बत ईलाका लगायत बिभिन्न रण मैदानमा लडे । ती युद्ध मध्ये उनले हाल रसुवा र नुवाकोटको सांध रहेको बेत्रावतीको युद्धमा गेर्खु फ्रन्ट (मोहोडा) को नेतृत्व गरी (शर्मा तथा अन्य, पृ. ४३५-४३६) हजारौ भोटे फौजलाई लडाई बन्द गर्न बाध्य बनाएका थिए ।

त्यस बेल भदौको महिना भएको हुनाले चारैतिर बर्षातको कारण बाटोघाटो अनुकुल थिएन । बेत्रावतीमा पनि बर्षातको भेल बगिरहेको कारणले तर्न सकिने अवस्था थिएन । बेत्रावतीमाथी रहेको सांघुरो पुलबाट मात्र वारपार गर्नुपर्ने अवस्था थियो । यस्तो प्रतिकुल अवस्थामा चिनियां सेनानायकले २० अगस्त १७९२ इ. का दिन आफ्नो फौजलाई नदी पार गरेर अगाडी बढ्ने आदेश थिए । नेपाली सेनानायकहरूले हजारौं चिनियां फौजलाई पुल तरेर बाहिर आउन दिए । चिनियां फौजले जब उकालो चढ्न शुरू गरे, दामोदर पाण्डेले अकस्मात् तीनतिरबाट एकैचोटी आक्रमण गर्ने आदेश दिए । नेपाली फौजले माथितिरबाट ढुङ्गामुडा लडाउँदै गरेको भयंङ्कर आक्रमणका कारण चिनियां फौज भागाभाग भयो । कैयौं चिनियां फौज नेपालीको ढुङ्गामुडाको बर्षाबाट मारिए । चिनियां फौजमाथी अव कसैको नियन्त्रण कायम हुन सकेन । उनीहरू भागाभाग गर्दै मैदान छोड्न थाले । भोक, प्यास र थकाईले चुर भएका चिनियां फौजको मनोबल अब पूर्णतया टुटिसकेको थियो । उनीहरू अव कुनै हालतमा पनि अगाडी बढी नेपाली फौजसँग लड्ने पक्षमा थिएनन् । आफ्नो फौजको



त्यस्तो प्रकारको मनोदशा बुझेर चिनियां सेनापतिले केही सीप नलागी नेपालसँग सन्धि बार्ता गर्ने प्रस्ताव पठाए । बेत्रावतिको त्यस लडाइँ नेपाल-चीन युद्धको लागि निर्णायक साबित हुन पुग्यो । यस लडाईमा चिनियां फौजले नेपाली फौजलाई धेरैजसो ठांउमा हराउदै आएको थियो  तापनि बेत्रावतीको त्यस लडाईले नेपाललाई पुनः सुरक्षित अवस्थामा पुऱ्याई चीनलाई नेपालसँग सन्धि गर्न बाध्य तुल्यायो र नेपालको अखण्डता र सार्बभौमसत्ताको रक्षा हुन गयो । अतः नेपालको इतिहासमा बेत्रावतीको लडाईको ठूलो महत्व रहेको छ ।

२० बर्षको उमेरमै सेनाको नेतृत्व गरेर काजी बखतावरसिंहले बि.सं. १८४८ मा पल्लो किरातमा बिद्रोह दमन गर्न सफल भएका थिए । काजी बखतावरसिंह बस्न्यात प्रधानसेनापति शिबरामसिंह बस्न्यातको नाति तथा प्रधान सेनापति केहरसिंह बस्न्यातका कान्छा छोरा थिए । उनको जन्म बि.सं. १८२८ तिर भएको थियो । (श्रीपाली बस्न्यात समाज, श्रीपाली बस्न्यात परिचय, बि.सं. २०५८, पृ. ८३) ।  बि.सं. १८५८ असोज १५ गते राती उनको दाजु मुलकाजी प्रधानमन्त्री तथा प्रधानसेनापति किर्तीमानसिंहि बस्नयातको हत्या भएपछि उनलाई मुलकाजी (प्रधानमन्त्री) बनाइएको थियो । (श्रीपाली बस्न्यात समाज, ऐजन, पृ.८६) । उनी प्रधानमन्त्री भएको समयमा प्रधानसेनापति दामोदर पाण्डे थिए ।

# भक्ति थापा



पुंवर थापा खलकका भक्ति थापा प्रताप थापाका नाति र अमरसिंह थापाको छोरा थिए ।[87] लमजुङको राजदरबारमा भक्ति थापालाई भारदारी मिलेको बुझिन्छ । लमजुङका राजा वीरमर्दन शाहको राज्यकालमा जागिरे भएका भक्ति थापा एक लडाकु र वीर योद्धा थिए ।[88] पर्वतका काजी बलिभञ्जन मल्लद्धारा नेतृत्व गरिएको सेनासँग लमजुङको सेना मिली सन् १७८३ मा नेपाली सेना विरूद्ध युद्ध भयो । नेपाल र लमजुङबीचमा चलेको युद्धमा भक्ति थापा र बलभञ्जन मल्ल घाइते भएर पक्राउ परे । ती दुबैलाई काठमाडौं पुऱ्याउँदा गाईखुर भन्ने ठाउंमा पुग्दा नपुग्दै बलिभञ्जन मल्लको मृत्यु भयो । मृत्यु पूर्व घाइते भएपछि बलिभञ्जन मल्लले पानी पनि खाएका थिएनन् । बांकी रहेका भक्ति थापाले आफूलाई आराम भएपछि अमरसिंह थापा (बडाकाजी) को प्रयत्नबाट, नेपाली सेनामा बसेर सेवा गर्ने कुरामा मञ्जुर गरे । लमजुङको दरबारमा उनलाई भारदारी मिले तापनि सुरूमा उनलाई ठूलो पद नेपालबाट दिइएन । पछि-पछि उनले नेपाली सेनामा बसी इमानदारसँग काम गरेको हुनाले भक्ति थापालाई राम्रो नजरले हेर्न थालिएको थियो । त्यसैले उनको गणना तत्कालीन नेपाली भारदारहरूका पंक्तिमा हुन

---

८७ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १०, (२०२३ श्रावण), पृ. ३८ । तुलसीराम वैद्य र इन्दिरा जोशी, *सरदार भक्ति थापा : राष्ट्रभक्तिका प्रतिक,* काठमाडौं : लेखकद्वय, २०६४, पृ.१५-१६ ।

८८ सूर्यविक्रम ज्ञवाली, *अमरसिंह थापा,* (दार्जिलिङ : लेखक स्वयं, २०००), पृ. १०४ ।



आयो । नेपाली सेनामा उनलाई सर्वप्रथम सुवाङ्गी मिलेको कुरा बुझिन्छ ।[89] सन् १७९४ मा उनले सरदारी खान्गी पाए ।[90]

रणबहादुर शाहको नायब भइबसेका बहादुर शाहले पश्चिम नेपालको विस्तार गर्ने अभियान सुरू गरे । त्यस कार्यमा प्रशस्त वीर योद्धाहरूको आवश्यकता अनुभव गरियो । सरदार भक्ति थापाले श्री ५ रणबहादुर शाह तथा नायब बहादुर शाहलाई रिझाए । सन् १७८९ मा नेपालले जुम्ला राज्यलाई पराजित गरी त्यहाँ नेपाली शासन चल्यो । जुम्ला राज्य बलियो हुनाले र नेपालकोस्थिति कमजोर हुँदा त्यहाँ विद्रोह हुने सम्भावना भएकाले शासन सुव्यवस्था कायम गर्न भक्ति थापालाई जुम्ला पठाइएको थियो । नभन्दै जुम्लामा नेपाल विरूद्ध विद्रोह चल्यो । जुम्लामा उठेको विद्रोहलाई भक्ति थापा सफलतापूर्वक दमन गर्न सफल भए । त्यसको पारितोषिकस्वरूप सन् १७९० को सुरूमा उनको जागिर बढाइयो । तदनुसार लमजुङ सरहदअन्तर्गत पर्ने सतार भन्ने ठाउंमा उनलाई धानखेत थपिएको थियो । जुम्लामाथि पूर्णतः नेपालको प्रभाव परेपछि पुनः डोटीमा पनि नेपाल विरूद्ध विद्रोह उठ्यो । त्यहाँ पनि भक्ति थापाले नेपालको पक्षबाट प्रशासन चलाए ।[91] डोटी विजयपछि नेपालको पश्चिम विस्तार अभियानमा झन् तिव्रता आएको थियो । सिरमौरसम्म नेपालको भू-भाग पुगेपछि त्यो राज्यसँग नेपालको सन्धि भएको थियो । उक्त सन्धिअनुसार सिरमौरले गढवालको राजधानी श्रीनगरमा नेपालको प्रभुत्वलाई मान्यता दिने भयो ।

---

८९ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क ११, (२०२३ कार्तिक), पृ. ३३ ।

९० योगी नरहरिनाथ, *हिमवत् संस्कृति,* वर्ष १, अंक ३, (शिवरात्री २०१६), पृ. १८ ।

९१ पन्त, पादटिप्पणी संख्या १२, पृ. ४१-४३ ।

नेपाल र सिरमौर सन्धिमा सरदार भक्ति थापाले पनि हस्ताक्षर गरेका थिए । त्यो सन्धिपछि भक्ति थापालाई जुम्लाको अधिकारबाट श्रीनगरकोस्थिति मजबुत गर्ने अधिकारीका रूपमा नेपाल दरबारले खटाई पठाएको थियो ।

सन् १७९२ मा नेपाल-तिब्बत युद्ध बढ्न गएकोले पश्चिम नेपालतिर बढेको नेपाली सेना फर्केर तिब्बततर्फ लाग्यो । त्यताबाट फर्केको सेनाले तिब्बत र चीनको सेनासँग युद्ध गर्नुपरेको हुनाले पश्चिम नेपालको विस्तार हुन पाएन । त्यसको परिमाण के भयो भने गढवालतिर नेपालीको प्रभावमा शिथिलता आउन थाल्यो । नेपालमा चिनियां सेनाले ठूलो समस्या खडा गर्‍यो । उता पश्चिम नेपालमा एकीकरण विपरीत विद्रोहहरू फटाफट हुनथाले । भेरी नदी पश्चिमतिर उठेका नेपाल विरूद्धका विद्रोहहरूलाई दमन गर्ने अभिभारा भक्ति थापालाई मिलेको थियो । उनले पनि आफ्नो साहस, बल, कुटनीति तथा कुशलताबाट नेपाल विरूद्धका विद्रोहीहरूलाई दमन गरेका थिए । सन् १७९४ मा उनले सुब्बाबाट "सरदार" खान्गी पाउँदा केही समय गढवालबाट काठमाडौं पुगेका थिए । नेपाललाई त्योबेला चीनको त्राश हराएको हुँदा पश्चिमतर्फ हेर्ने सुयोग मिलेको थियो । भक्ति थापालाई त्यस घडीमा कुमाउँको शासक पदमा नियुक्ति गरियो ।[92] "सरदारी" दिनुका अतिरिक्त नेपाल सरकारले भक्ति थापालाई आफ्नो जन्म ठाउं लमजुङ र दर्मा जस्ता क्षेत्रमा खटिएका अधिकारीहरूलाई निर्देशन दिनसक्ने अधिकार प्रदान गरेको थियो ।

भक्ति थापाले कुमाउँमा परिआएका प्रत्येक कार्यहरू हेर्ने र अपराधीहरूलाई अपराधबमोजिम दण्ड दिने अधिकार पाएका थिए । त्यसरी दण्ड दिंदा मुड्ने, थुन्ने, जरिवाना तोक्ने आदि गरिन्थ्यो । भक्ति थापालाई प्रशस्त अधिकार प्रदान गरिएको थियो । कुमाउँ, गढवाल जस्ता क्षेत्रका धेरैजसो अधिकारप्राप्त थिए जो निर्वाह गर्न भक्ति

९२ *ऐजन,* पृ. ३३ ।



थापालाई धौ-धौ पर्दथ्यो । त्यसै कार्यबाट उनी हरघडी व्यस्त देखिन्थे । केन्द्रले उनलाई बढि विश्वास गरेको हुनाले त्यस्ता अधिकारहरू दिएको बुझिन्छ । कुमाउँ र गढवाल क्षेत्र केन्द्र काठमाडौंबाट ज्यादै टाढा पर्ने हुनाले कुनै व्यक्तिलाई विश्वास गर्नु अनिवार्यता हुन्थ्यो, किनभने चार महिनापछि मात्र गढवालबाट काठमाडौं ओहोर-दोहोर गर्न सम्भव थियो । भक्ति थापा पश्चिमी वातावरणसँग पूर्णतः परिचित थिए । कुमाउँमा जङ्गीतर्फका सरदार जसिवन्त भण्डारी र आफ्ना सहायक सुब्बा अजय खवासको साथमा हिंडेका भक्ति थापा सन् १७९४ को अन्त्यतिर अल्मोडा पुगेका थिए ।[93] त्यहाँ पुगेर उनले नेपाल सरकारलाई छिमेकी राज्यहरूको यथार्थ हालखबर बुझि बारम्बार पत्र लेख्ने गर्न थाले । उनले लेखेका महत्वपूर्ण कुटनैतिक पत्रहरू प्रकाशमा आएका छन् । उनले पत्र लेख्दा बाहिरिया समाचार पनि राम्रारी बुझ्ने हुँदा नेपाल दरबारले उनका स्रोतहरूको विश्वास गर्दथ्यो । कुमाउँका अपदस्थ राजा महेन्द्रचन्द आफ्ना काका लालसिंह तथा कुमाउँका प्रभावशाली पुरूष हर्षध्वज जोशीको मतो लिएर कुमाउँलाई नेपालको अधीनताबाट मुक्त गराउने दाउमा थिए ।[94] कुमाउँको उत्तरी क्षेत्रमा हिमाल पर्ने हुनाले त्यस ठाउंलाई जुहार भोट पनि भनिन्थ्यो । कुमाउँसँग आश्रित राज्य जुहार भोट पनि नेपालले कुमाउँलाई लिएपछि नेपालकै भयो । जुहार भोटले नेपाललाई पूर्ववत्‌रूपले कुमाउँलाई तिरे झै सिर्ता तिर्नुपर्ने भयो । त्यो रकम वार्षिक ६ हजार हुन्थ्यो । त्यसैबीचमा के पनि थाहा भयो भने जुहार भोटले कुमाउँलाई वार्षिक रू. १६ हजार बुझाउंथ्यो, तर नेपालले कुमाउँ लिएपछि जम्मा ६ हजार मात्र दिएर टारेको रहेछ । नेपालले सिर्ताको रकम बढाउने मौका हेरिरहेको थियो । सन् १७९५ को लालमोहरमा नेपाल सरकारले जुहार भोटसँग वार्षिक १६ हजार रूपैयां सिर्ता लिने निर्णय गरी

९३ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १२, (२०२३ माघ), पृ. ४५ ।
९४ *ऐजन,* पृ. ५० ।

वार्षिक रू. १० हजार रकम लिने गरी सन्धि गरेका थिए । त्यसरी नेपालको शिर ठाडो पार्न उनले जुहार भोटलाई जिती वश पारी सिर्ता उठाए ।

सुदूर पश्चिम नेपालको विस्तारमा योगदान दिने भक्ति थापालाई सतलजपारिको पनि जिम्मा दिइएको थियो । सतलजपारि काँगडाका राजा संसार चन्दले पनि नेपालले जस्तै आफ्ना वरपरका स-साना राज्यहरूमाथि विजय गर्दै राज्य-विस्तार गरिरहेका थिए । काँगडा राज्यले सिरमौर राज्य लिने उद्देश्यले त्यहाँका राजा धर्मप्रकाशको मृत्युपछि उनका छोरा नभएकाले भाइ कर्मप्रकाशलाई युद्ध गर्न धम्की दिएको थियो । यस्तो गाह्रो अवस्थामा सिरमौरका राजाले नेपाली सेनानायक अमरसिंह थापासँग केही सैनिक सहयोग मागेका थिए । संसार चन्दसँग युद्ध गर्नको लागि सिरमौरका राजाको पक्षमा अमरसिंह थापाले भक्ति थापालाई नेपाली फौजसाथ सिरमौरतिर पठाइदिए । सिरमौर राज्यका मित्रहरूमा रहेको हण्डुर राज्य पनि फुटेर काँगडाको संयुक्त सेनासँग युद्ध गर्दा काँगडाले विजय गर्दा राजा संसार चन्दले सिरमोरिया राजा कर्मप्रकाशका एकजना भैयादलाई आफ्नो पक्षमा मिलाएर सिरमौरमाथि लुटपाट मच्चाए । आफ्नो राज्य सर्वश्व लुटिन लागेका घडीमा राजा कर्मप्रकाशले अमरसिंह थापासँग थप सैन्य सहयोग माग्न पुगे । तदनुसार नेपाली थप सेनाकासाथ अमरसिंह थापा सिरमौर पुगी कर्मप्रकाशलाई राज्यमा राखेर बसे ।[95] केही विश्राम र हातहतियारमा धार भिकेपछि अमरसिंह थापा काँगडामाथि आक्रमण गर्न हिडेर बाह्र टिप्पानेर खलंगा हाली जमेर बसे । काँगडाका मन्त्री निगाही चन्दको नेतृत्वमा काँगडाका सेनाले नेपाली सेनालाई

९५ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १४, (२०२५ श्रावण, भाद्र, आश्विन), पृ. १५४-५५ । एफ.बी. ह्यामिल्टन, *एन एकाउन्ट अफ दि किङडम अफ नेपाल,* (न्यू दिल्ली : मञ्जुश्री पब्लिकेशन हाउस, सन् १९७१), पृ. ३०४-३०५ ।



हाँक दिंदा युद्ध भयो र नेपालको विजय भयो । सतलज पारिपट्टि काँगडाको किल्ला साह्रै मजबुत थियो जो सामरिक महत्वको हुनाले स-साना राज्यहरूमाथि विजय गर्न सुविधा हुने देखी काश्मिरसम्म नेपालको विस्तार गर्ने हेतुले अमरसिंह थापा त्यतै बढे । किल्लाको रक्षा संसार चन्द आफैले गरेका थिए । काँगडाको बनोट बलियो र सुरक्षित हुनाले असल तयारी चाहिन्थ्यो ।

सन् १८०६ को सुरूमा नेपाली सेना दुई मोर्चा गरी काँगडा राज्यमा प्रवेश गऱ्यो । नेपाली सेनालाई संसार चन्ददेखि रिसाएका स-साना रजवाडाहरूले पनि कहलुरका राजा महान चन्दको नेतृत्वमा सहयोग गर्न आएका थिए । त्यसप्रकार नेपाली सेना तथा काँगडाका सेनाको भीषण युद्ध हुने ठूलो सम्भावना रहनुका साथै काँगडाको पराजय हुने बढि सम्भावना देखिन थालेको थियो ।

जनरल भीमसेन थापाका बाबु अमरसिंह थापा सुबाङ्गी पाएर काँगडा क्षेत्रमा गएका र सरदार भक्ति थापाका मातहतमा पुगेका थिए । नेपालको सम्बन्ध किलापुरी राज्यसँग बिग्रदै गएको घडीमा भक्ति थापालाई नसोधी अमरसिंह थापाले झोकमा हमला गरिदिए । त्यही कारणबाट भक्ति थापा र अमरसिंह थापको मन फाट्यो । त्यो कुरा मिलाउन माथिल्लो दर्जाका बम शाहलाई कुमाउँतर्फ पठाइयो ।[96] राज परिवारका बम शाहको पद चौतारिया हुनाले उनको आज्ञा दुबैले मान्नु पर्ने भयो । भक्ति थापालाई बम शाहको निर्देशनबमोजिम गर्ने गरी कुमाउँमा उनको थमौती भएको लालमोहर पनि पठाइयो ।[97] त्यो पत्रले भक्ति थापाको असीमित अधिकार अन्त्य भएर बम

९६ *ऐजन।*
९७ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १३, (२०२४ वैशाख, जेष्ठ, आषाढ), पृ. ३८ ।

शाहमा स्वतः सर्न गएको थियो । सन् १७९९ मा श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहको शुभ-राज्याभिषेकमा भक्ति थापा काठमाडौंमा थिए । त्यही अवसरमा नेपालको आश्रयमा रहेको गढवाललाई कब्जा गर्न भनी मुख्तियार रणबहादुर शाहले अमरसिंह थापाको नेतृत्वमा विशाल सेना पठाएका थिए । त्यस फौजसँगै अमरसिंह थापा ( बुढाकाजी) को मातहतमा भक्ति थापा पनि कुमाउँतर्फ लागेका थिए ।[98] सो अवसरमा प्रद्युम्न शाह (गढवालका राजा) ले नेपाली सेनासँग युद्ध गर्दागर्दै प्राण त्याग गरेपछि नेपाली सेनाले गढवाललाई पूर्णतः नेपालमा मिलाएको थियो । त्यसपछि नेपालको पश्चिमी सिमाना यमुना नदीसम्म विस्तार हुन पुगेको थियो ।

नेपाली सेना अझ पश्चिम बढ्दै गएर काँगडा किल्लामाथि घेराउ दिइरहेको अवस्थामा त्यो किल्लाभन्दा पूर्वतर्फको टेहरी नामक किल्लाको रक्षा गर्ने जिम्मा भक्ति थापालाई दिइएको थियो । तर त्यहीबेला हण्डुरका भगौडा राजा रामशरणले हण्डुरमाथि अकस्मात् हमला गरे । अब उप्रान्त हण्डुरलाई पनि आश्रित राज्यको रूपमा नराखि पूर्णतः नेपालमा मिलाउने ध्येयले मुख्तीयार भीमसेन थापाले काजी नयनसिंह थापाको नेतृत्वमा सेना पठाइयो । काजी नयनसिंह थापाले हण्डुर जाने मार्गमा परेका कहलुरका साथै बाह्र ठकुराईसमेत वश पारी अगाडि बढेर शत्रुलाई ध्वंश पारेका थिए ।[99] फेरि सिरमौरका राजा कर्मप्रकाशले आफूले ठाना हाली नेपाल विरूद्ध युद्धको पृष्ठभूमि तयार पारेको चाल पाएर भक्ति थापाले सुबेदार बाजवर्ण थापा र कालु थापाको मातहतमा २ कम्पनी फौज सिरमौरतिर पठाइदिए । नेपालको सिमाना शतद्रु (सतलज) नदीसम्म पुगेपछि नेपाल र पञ्जावकेशरी रणजीत

९८ *ऐजन,* पृ. ३३-४२ ।

९९ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १६, (२०२४ माघ, फाल्गुन, चैत्र), पृ. ३९२-९३ ।



सिंहसँग सन्धि भएपछि भक्ति थापा त्यही समाचार लिएर काठमाडौं पुगे । तर काँगडामाथि नेपालको जीत नहुनाले नेपाल दरबार पञ्जाबसँग प्रसन्न रहेको थिएन ।

काजी नयनसिंह थापा काँगडा पुगेपछि त्यस किल्लाभन्दा पुर्वपट्टिको टेहरी किल्लामा घेरा हाल्न भक्ति थापालाई खटाइएको थियो । नयनसिंह थापाले अमरसिंह थापासँग मिली काँगडा किल्लामा घेराबन्दी सुरू गरेका थिए । त्यतिखेर ९ कम्पनी सेना नेपालकातर्फबाट थियो भने थप ३ कम्पनी टेहरबाट पनि झिकाइयो । सबै सेनाले पहिले टेहरामा घेराउ गर्ने योजना गऱ्यो जसको तैनाथ भक्ति थापालाई मिलेको थियो । त्यही अवस्थामा काँगडाको विशाल सेना वनबजीरको नेतृत्वमा भक्ति थापासँग लड्न आयो । शत्रु सैन्यलाई नेपाली सेनाले पराजित गरी सेनानायक वनबजीरलाई मारिदियो ।[100] सो विजयले नेपाली सेनाको हौसला र भक्ति थापाको इज्जत बढाइदियो । सो कुरा नेपाल दरबारले भक्ति थापालाई स्याबासी पत्र पठाएबाट चाल पाइन्छ । त्यसपछि बडाकाजी अमरसिंह तथा काजी नयनसिंह थापाको सल्लाहमुताबिक सरदार भक्ति थापालाई कार्य गर्ने राम्रो मौका दिइयो । तर किल्लाभित्रबाट शत्रु पक्षले छोडेको गोली लागेर काजी नयनसिंह थापा धराशायी भएर ३ दिनपछि मृत्यु भयो । त्यही मौका छोपेर सिरमोरिया राजा कर्मप्रकाशले ठाना हालेका थिए ।

सरदार भक्ति थापा काठमाडौंबाट सन् १८१० मा गढवाल पुगेका थिए । दैवसंयोगको कुरा हो उनले त्यहाँ कुल्चेको १८ दिनमा उनका छोरा सर्वजीत थापाको मृत्यु भयो र ४५ दिनमा उनकी (भक्ति थापा) पत्नीको पनि मृत्यु भयो । त्यसरी पुत्र एवम् पत्नीको बिछोडमा परेका भक्ति थापा काठमाडौंमा बेलाबेलाको सन्देश पनि पठाउन

१०० महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क १७ (२०२५ वैशाख, जेष्ठ, असार), पृ. ५२-५३ ।

समर्थ भएनन् । उनले ढिलो गरी पठाएका खबरहरूको कारण नेपाल दरबारले चाल पायो ।[101] नेपाल दरबारबाट त्यस्तो दुःखपूर्ण समाचार थाहा पाएर हार्दिक समवेदना प्रकट गर्दै भक्ति थापालाई जीवित सन्ततिको मुख हेरी सन्तोष गर्ने र ती सन्तानहरूलाई उचित सैनिक तालिम दिने निर्देशन पनि पठाइएको थियो ।

गढवालतर्फको ३ कम्पनीमा इन्द्रवीर बस्न्यातलाई कप्तानको खान्गी दिई उनका सहयोगी चन्द्रवीर कुंवर र शम्शेर रानालाई नियुक्ति गरी सरदार भक्ति थापालाई कुमाउँ र सिरमौरको ५ कम्पनी तैनाथी मिल्नुका साथै वार्षिक रू. ५ हजार खान्गीस्वरूप प्रदान गरियो । त्यस विषयमा काजी अमरसिंह थापालाई पहिले नै काठमाडौंबाट निर्देशन दिइएको थियो । त्यसका साथै आफ्नो परिवारिक सन्तापले व्याकुल भक्ति थापाले उपर्युक्त कार्यभार सञ्चालन गर्न सम्भव नभएको खण्डमा सो पत्र हात पर्नासाथ काठमाडौंतिर भक्ति थापालाई पठाइदिने निर्देशन अमरसिंह थापालाई पठाइएको थियो ।[102]

काठमाडौं फर्कन लागेका भक्ति थापाले आफ्नो जन्म ठाउं लमजुङमा प्रवेश गर्दा ९ महिना हुने भएकोले केही दिन देउराली उकाली (हाल कास्की) भन्ने ठाउंमा मुकाम गर्नुपर्‍यो । चिसंकु रागिनाश तथा काठमाडौं जाने बाटोमा पर्ने सो ठाउंमा उनले एक पौवा बनाउन लगाएका थिए । सो कार्यमा आफ्नो मनशाय खोली श्री ५ मा बिन्ति पारेको हुनाले त्यहाँबाट पनि स्वीकृत गर्नुका साथै केही सहयोग पनि मिल्यो । देउराली पौवाको संरक्षणार्थ श्री ५

१०१ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क २०, (२०२५ माघ, फाल्गुन, चैत्र), पृ. ३०२-३०३ ।

१०२ *ऐजन,* पृ. ३०३ ।



बाट त्यहाँको पायक पर्ने ठाउं हेरी ४० मुरी (१० रोपनी) खेत सन् १८११ मा गुठी राख्ने ठहर भएको थियो ।[103] नेपाल सरकारले भक्ति थापाको परिवारलाई केही बिर्ता पनि दिएको थियो । गढवाल क्षेत्रमा भक्ति थापा रहँदा दिएको सो जमीनपछि कुनै सैनिक कम्पनीलाई दिइएछ र उनका परिवारलाई मुस्किल पर्न गएछ । भक्ति थापा अमरसिंह थापाकहाँ त्यो कुरा भन्न पुगे । अमरसिंह थापाले सदर नेपालमा सो कुरा जाहेर गर्दा सैनिक कम्पनीलाई सट्टा-भर्ना जमीन अन्यत्र दिने गरी भक्ति थापाका परिवारको भरणपोषण थमौती गरिएको थियो ।[104]

नेपालको निर्णायक युद्धहरूमा वीरता देखाएका भक्ति थापाले अंग्रेज-नेपाल युद्धमा ठूलो शुरताको प्रदर्शन गरे । सन् १८१४ को सुरूमा नेपाल र बृटिश भारतको तनाव कम गर्नेबारे छलफल गर्न मेजर पी. ब्राडशा खटिएका थिए भने नेपालबाट टक्सारी चन्द्रशेखर उपाध्याय । त्यो छलफल रामनगर राज्यअन्तर्गत बेतियामा हुंदै थियो । त्यही मौकामा लर्ड हेस्टिङ्स गभर्नर जनरल भएर बेलायतबाट भारत आए ।[105] बाराका किशन तेली, पाल्पाली प्रतिनिधि भीमनिधी तिवारी र कुमाउँका हर्षदेव जोशी प्रभृतिले अंग्रेजलाई नेपालको भेद बताइदिए । अर्कातिर सिख शक्ति पन्जाब र नेपालको मेल भइरहेको थिएन । इष्ट इण्डिया कम्पनीले नेपालमाथि आक्रमण गर्ने बाधाहरू हटाइसकेको थियो । अतः युद्ध अपरिहार्य भएपछि जनरल भीमसेन थापाले वर्षाभर सामरिक उपकरण जम्मा पार्न र कार्तिक ९ गते विजया दशमीका दिनमा काठमाडौं बाहिरका गौंडाहरूमा अधिकृत र सेनाहरू पठाइदिए । सुदूर

१०३ *ऐजन,* पृ. ३०५ ।

१०४ महेशराज पन्त, "वीर भक्ति थापा", *पूर्णिमा,* पूर्णाङ्क २२, (२०२६ श्रावण, भाद्र, आश्विन), पृ. १२२ ।

१०५ प्रयागराज शर्मा र अरू, *बाबुराम आचार्य र उहाँका कृति* (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०२९), पृ. ३९ ।

पश्चिम क्षेत्रका तैनाथवाला अमरसिंह थापाले आफ्ना मातहतका अधिकारीहरू भिकाएर एक गोप्य र विस्तृत छलफल गरेका थिए । सो सभामा सरदार भक्ति थापा पनि आमन्त्रित थिए । त्यहाँ सहभागीहरूलाई आ-आफ्नो अनुभव व्यक्त गर्ने मौका दिनुका साथै उनीहरूबाट युद्धमा ज्यान गुमाउनु परे पनि तत्पर रहेको सुझाव प्राप्त भएको थियो । अंग्रेज केन्द्र सरकारले नेपालसँग युद्ध सन् १८१४ को नोभेम्बर १ सम्म घोषणा गरेको थिएन तापनि दुन प्रदेशमा तैनाथ रहेको जनरल जिलेस्पीको सेनाले युद्ध घोषणा गर्नु अगाडिदेखि नेपालको सरहदभित्र प्रवेश गरिसकेको थियो । नेपालले अंग्रेजको मनशाय बुझेर पनि पुनः एकपटक शान्ति-वार्ता गर्ने भनी पत्र पठाएको थियो । नेपालको राम्रो सैनिक तयारी हुन सकिरहेको थिएन । अंग्रेज सरकारकातर्फबाट ६० वटा ठूलो तोप तथा ३० हजार सेना युद्धको तयारीमा थियो । नेपालमा तालिमे सेना १२ हजार मात्र थियो ।[106]

सुदूर पश्चिमी नेपाल दखल गर्न अंग्रेजहरूले गार्डनरलाई प्रशस्त सेना दिई पठाए । कुमाउँ क्षेत्रमा उनी सफल हुँदै गएको देखेर १ हजार रूहेल्ला जातीय सेना साथमा लिएर कप्तान हियार्शी पनि पिलीभितबाट नेपाल पसे । मलाऊं किल्लाको फेदिमा पर्ने भंभर नदीका किनारमा अक्टरलोनीको छाउनी रहेको थियो । त्यो सेनाले तारागढी र चम्बीगढी कब्जामा पारिसकेको थियो । अंग्रेज सेनाको लक्ष्य सूर्यगढी पनि हात पार्ने थियो । त्यहाँ पुग्न तोप लैजाने बाटो तयार भएपछि अंग्रेज सेनाले त्यहाँ घेराउ गर्‍यो । सोही किल्लाभित्र कप्तान भक्ति थापा ९०० नेपाली सेनासहित तैनाथ थिए । उनलाई शत्रुले बाहिर निकाल्न जोरजुलुम गर्दा पनि भित्रै अडिइरहे । सूर्यगढी र राजगढको दुरी ५ माइल जति थियो । रेलातर्फ सूर्यगढको घेरा छाडि मेजर हेनेज र कप्तान हेमिल्टनअगाडि बढेका थिए ।

१०६ *ऐजन,* पृ. ४१-४२ । महेशराज पन्त, “वीर भक्ति थापा”, *पूर्णिमा,* पूर्णाङ्क २३, (२०२६ कार्तिक, मंसीर, पुष), पृ. २०६-२०७ । एल.एफ. स्टीलर, *द राइज अफ द हाउस अफ गोर्खा,* (पटना : जेशुइट सोसायटी, सन् १९७५), पृ. ३५० ।



एकाएक रातमा शत्रु हटेकोदेखि भक्ति थापा राजगढको रक्षार्थ बढे । देउथलमा रहेका २५ जना गोरखाली टोलीलाई हटाइसकेपछि टामस पुगे र त्यहाँ दखल गरे । टामसका पछि-पछि लाग्दै अक्टरलोनी पनि देउथलतिर लागे । राजगढमा अमरसिंह थापालाई अलमल्याइ राख्न रत्नगढबाट कप्तान हावर्स र काली गाउँबाट बोयर पनि अगाडि बढेका थिए । अक्टरलोनी बिनाबाधा देउथल पुगे ।[107]

देउथलको टिप्पा नेपाली सेनाको मटु परेको थियो, किनभने त्यहाँबाट छुटेको तोपको गोला सरासर राजगढमा गिर्दथ्यो । त्यहाँबाट शत्रुलाई हटाउनु ज्यादै आवश्यक भएकाले दिनभरिको युद्धपछि रातमा अमरसिंह थापाले सबै अधिकृतहरू जम्मा पारी छलफल गरे । एकछिन पनि ढिलो गर्नु उपर्युक्त नहुने देखेर रातमा नै नेपाली सेनाले देउथलमा आक्रमण गर्‍यो । ३०० शत्रु सेना रहेको सो किल्लामा त्यति नै नेपाली सेना पठाइए । नेपाली सेनाको अगुवाइ भक्ति थापाले गरे । राजगढबाट तल झरी देउथलमाथि चढ्नु पर्दथ्यो । भक्ति थापा ७३ वर्षका भएर पनि त्यो लडाइँमाअगाडि बढेका थिए । त्यही बेला किल्लाबाट शत्रुको गोला वर्षन थाल्यो । नेपालीहरूले हानेको गोली खेर गएनन् । ३ वटा अंग्रेज तोप्चीलाई निशान बनाएपछि अंग्रेजहरूले तोप पड्काउन छोडेको बेलामा नेपाली सेनामा किल्लानेर पुगी भिड्ने साहस आयो । केहीले भित्र पसी खुकुरी चलाउन थाले, तर ती सबै मारिए । आडैमा पुगी आफ्नो सेनालाई उत्साहित तुल्याउँदै गरेका भक्ति थापालाई अचानक छातीमा गोली लाग्दा उनी जमीनमा ढले । सरदार भक्ति थापा ढलेपछि नेपाली सेनामा नेतृत्वको अभाव रहन गयो । त्यसपछि नेपाली सेनामा

१०७ सागरमणि आ.दी., *नेपाल वीरता,* (काठमाडौं : ने.भा.प्र.स., २०१४), पृ. २३ । शर्मा, पादटिप्पणी संख्या १२३, पृ. ५६-५७ ।

भागाभाग मच्चिन गयो । भक्ति थापाको त्यस मृत्युले नेपाली सेनाको अपुरणिय क्षति भयो र अमरसिंह थापा बडो चिन्तित भए ।

सरदार भक्ति थापाले ७३ वर्षको उमेरमा वीरगति प्राप्त गरेपछि नेपाली सेनामा एउटा अभाव खट्किरह्यो । चारैतिर अंग्रेजको विजय भएको हुँदा अमरसिंह थापाले नेपाली सेना मलाऊंको किल्लामा जम्मा गर्ने आदेश दिए ।[108] अंग्रेजहरूले रैलीको टाकुरामा आफ्नो सेना राखी मलाऊंलाई आफ्नो लक्ष्य बनाए । त्योबेला सुरजगढ ज्यादै असुरक्षित हुन गयो । देउथलको टाकुरीमा पनि अंग्रेज सेना बसेको हुनाले नेपाली सेना र अंग्रेज सेनाको अन्तर २ हजार हात मात्र रहन गयो । त्यस्तो घडीमा आत्मसमर्पण गर्नु वा युद्धमा मर्नु नै विकल्प थियो । फलतः भक्ति थापाले अर्को बाटो रोजे । अनि उनले वीरगति पाएका थिए । उनको वीरता अतुलनीय थियो । नेपाली सेनानायक भक्ति थापाको मृत्युपछि नेपालले यमुना नदीदेखि पश्चिमतर्फको भू-भागबाट पूरै हात धुनुपऱ्यो । करिब ७०० नेपालीको ज्यान गयो । एकजनाबाहेक अंग्रेजका सबै तोपचीहरू मारिए । सरदार भक्ति थापाको मृत्युपछि नेपाली सेनाले पराजय मात्र सहनु परेकोले सुरक्षात्मक युद्ध मात्र लड्नु पऱ्यो, आक्रमक युद्ध सफल हुन पनि सकेनन् ।

सन् १७४१ मा जन्मेका भक्ति थापाको जीवन-वृत्तान्तले प्रत्येक नेपालीलाई उत्साह र राष्ट्रप्रेम प्रवाहित गरिदिन्छ । भक्ति थापाको देह रहेसम्म नेपालको भू-भाग चरम विस्तारको स्थितिमा थियो ।[109] त्यसपछि नेपाल आकुञ्जित हुँदै गयो । अंग्रेजहरूले नेपालीहरूको वीरताको प्रशंसा नगरी रहन सकेनन् । भक्ति थापा जस्ता

१०८ स्टीलर, पादटिप्पणी संख्या १२४, पृ. ३६१-३६२ ।

१०९ विक्रमजित हसरत, *हिष्ट्री अफ नेपाल,* (पञ्जाव : भी.भी. रिसर्च इन्स्टिच्युट, सन् १९७०), पृ. २८२-२८३ ।



मातृभूमिका खातिर प्राणको बाजी लगाउने व्यक्तिलाई नेपालले सम्मान गरिरहनेछ ।[110] सरदार भक्ति थापा जति शुर थिए, त्यति सहनशील र निर्माणकर्ता पनि । उनी असाधारण योद्धा हुनाले उनको सेना युद्धभूमिबा६ फर्कदा पनि अंग्रेजहरूले गोली वर्षाइरहे । भक्ति थापाको राष्ट्रभक्ति, शुरता, वीरता, उत्सर्ग तथा त्यागको कुनै सीमा छैन् ।

महाकाली पश्चिम तैनाथ सैनिक नेताहरूमा बम शाहले अंग्रेजको प्रोपोगाण्डाको भरमै नलडेर, पछि हटि बढो लाछीपन देखाएर डोटीमा फर्के र कुमाउं अंग्रेजले हात पाऱ्यो । देहरादुनको नालापानीको युद्धमा पनि कप्तान बलभद्र कुंवरले पछि हट्नु पऱ्यो । बडाकाजी अमरसिंह थापा Overall Commander भएकाले अंग्रेजसँगको युद्धमा आमने सामने लड्नु परेन । जैथकको युद्धमा काजी रणजोर थापा कमाण्डर थिए भने युद्धको छिनोफानो भैसकेको थिएन, तर सहमतिबाट युद्ध रोकियो । उल्लेखित मिलीटरी कमाण्डरहरूमध्ये जेष्ठ ७३ बर्षिय भक्ति थापा नै एकमात्र थिए जसले बैरी विरूद्धको आक्रमक युद्धमा लड्दा लड्दै वीरगती पाए । उनको सहास, समर्पण र कार्यबाट नेपालले गौरब गर्ने पर्दछ भने उनलाई राष्ट्रिय विभुतीको सम्मान मिल्नै पर्ने खाँचो देखिन्छ ।

११० नेत्रराज्यलक्ष्मी राणा, *द याङ्लो गोर्खा वार १८१४-१८१६,* (काठमाडौं : सन् १९७०), पृ. ५१-५२ ।

## बलभद्र कुंवर



बत्स गोत्रीय जयकृष्ण कुंवरका नाति चन्द्रवीर कुवंरका कान्छा छोरा बलभद्र कुंवर नेपाली योद्धाहरूमा नामुद थिए । बडाकाजी अमरसिंह थापाको छोरी पट्टीका सहोदर नाति बलभद्र कुंवरको शुरता तथा वीरताको परिचय नेपाल-अंग्रेज युद्ध सन् १८१४-१८१६ ले राम्ररी दिएको थियो । नेपाल-अंग्रेज युद्धको आरम्भमा बलभद्र कुंवरको बाबु चन्द्रवीर कुंवरको मृत्यु भएको हुनाले बलभद्र कुवंरलाई बाबुको सेवाको कदर गरी जागिर दिइयो । अंग्रेजहरूले नेपालसँग युद्ध नगरी नछोड्ने देखिएकोले नेपाली वीरहरूले त्यो स्थितिमा लडेर धोको पुऱ्याउने भए । तर युद्धको परिणामबारे नेपालीहरूले केही सोचेका थिएनन् । वीर जातिको मूल लक्ष्य युद्धमा विजय गर्नु नै हुन्छ ।

नेपाल-अंग्रेज युद्धमा देहरादुन क्षेत्रको नालापानीको किल्लाबाट नेपालीहरूले देखाएको वीरता उल्लेखनीय छ । नालापानीको किल्लाका संरक्षणका निमित्त ६०० नेपाली तालिमे सिपाही र खेप हाल्ने भारी बोक्ने मानिस जुटाई वीर बलभद्र कुंवरलाई दिइएको थियो । नालापानीको किल्ला देहरादुनदेखि पुग नपुग दुई कोस पूर्व-उत्तरतर्फ पर्दछ । देहरादुनदेखि ६ किलोमिटर टाढामा रिस्पना खोला भेटिन्छ । त्यो नदी तरेपछि उकालो लागेमा नालापानी किल्ला पुगिन्छ । समुद्र सतहदेखि ५५०० फिट अग्लो पहाडको किल्लामा ढुङ्गा र माटो जडान गरी बलभद्र र उनका मातहतको सेना अंग्रेजहरूको आक्रमणको प्रतिक्षा गरिरहेका थिए । नालापानीको किल्लालाई कलङ्गा वा कलिङ्ग



भनिएको छ । जसको तात्पर्य खलङ्गा हो, खलङ्गा गोरखालीहरूको व्यारेकलाई भनिन्थ्यो ।[111] नालाापानीको टाकुरोमा किल्ला निर्माण गर्दागर्दै अंग्रेजहरूले नेपालमाथि आक्रमण गरेका थिए । त्यो आक्रमण अंग्रेजहरूले नेपालसँग युद्धको घोषणा नगर्दै गरेका थिए । त्यसकारण पनि नेपालीहरूले युद्धको तयारी गरिसकेका थिएनन् । सन् १८१४ अक्टोबर २२ तारिखमा अंग्रेज फौज देहरादुन पुग्यो । अक्टोबर २४ तारिखका दिन अंग्रेज र नेपाल दुबैतर्फका सेनाको पहिलो मुठभेड भयो ।[112] मिर्मिरे उज्यालो हुन नपाउँदै कर्नेल मावीले आफ्नो अधीनमा रहेको सेनालाई नालापानीको दक्षिणतर्फ खटाइदिए । त्यसका साथै चारैतिरबाट किल्ला घेराउ गरी कुनै पनि नेपाली आउन-जान नपाउने गराए । अंग्रेज घोडचढी सेना नालापानीको उत्तरतर्फ पर्ने राजपुर गाउँमा तैनाथ रहेको थियो । बिहानैदेखि नेपाली नारीहरू गढी लिप्ने र बालबच्चालाई खाजा खुवाउँदै थिए । किल्लाको वरिपरि घना जंगल थियो र अंग्रेज सेना नजिकिँदै आएको नेपालीलाई छिटो थाहा भएन । तर शत्रुको चेवा गर्नेले बलभद्रलाई अंग्रेजी सेना बढेको सूचना दियो । किल्ला नजिकै ठारापानीमा अंग्रेज सेना आएको खबर पाएका नेपाली सेना कति पनि विचलित भएनन् । अंग्रेजहरूले बराबर ६ पौण्डको तोप गोला वर्षाई सुक्नै नपाएको नेपाली किल्लालाई तोडफोड गर्न थाले, तर किल्लाको त्यति क्षति भएन ।[113]

महाकाली पश्चिमका नेपाली इलाकाका तैनाथवाला बडाकाजी अमरसिंह थापा यमुना नदीदेखि पारिपट्टि बसेका थिए । उनीसँग अंग्रेजहरू सतर्क भएका हुनाले उनीलाई नालापानी आउन नदिने विशेष प्रबन्ध गरिएको

---

१११ परिसभल ल्याण्डन, *नेपाल,* (काठमाडौं : रत्न पुस्तक भण्डार, सन् १९७६) पृ. ७७ ।

११२ महेशराज पन्त, "नेपाल अंग्रेज युद्ध" नालापानीको लडाइँ, *पूर्णिमा,* वर्ष १, अंक ३, (वि.सं. २०२१), पृ. ५९ ।

११३ कुमार घिसिङ, *दुनघाटी-नालापानी,* (दार्जिलिङ : पाइन्स प्रकाशन, सन् १९८२), पृ. ४९-५० ।

थियो । अंग्रेजहरूले त्यहाँ पनि एक टुकडी पठाई आक्रमण गर्न लगाएका थिए । नेपाल-कम्पनी सरकार युद्धको थालनी नालापानीबाटै भएको थियो । अंग्रेजसँग युद्ध गर्ने पहिलो नेपाली त्यो बेला बलभद्र कुंवर नै थिए । कर्नेल मावीले आक्रमण गरेको तोपको गोला किल्लासम्म पुग्न सकेन । त्यसकारण उनले अर्को ठूलो तोप नआएसम्म युद्ध स्थगित गरे । खोल्सापारि उकालोमा तोप जान सकेन त्यसैले अंग्रेजी सेना क्याम्प (छाउनी) मा फर्क्यो । नेपाली सेनाले निर्माण हुन बांकी रहेको किल्लालाई छिटो छिटो पूरा गर्न थाले । देहरादुनमा विनाकष्ट अंग्रेजहरूको अधिकार जमेकोमा मेजर जनरल जिलेस्पी साह्रै प्रसन्न थिए । नालापानीको किल्लामा नेपाली सेना उठेको कुरा जिलेस्पीलाई अपच भएकोले उनी २८४४ सेना साथमा लिई नालापानीको छेउ ठारापानी पुगेका थिए ।[114] उनले गढीको स्थिति अध्ययन गरी त्यस ठाउंलाई चारैतिरबाट घेरा हाली एकैचाटि आक्रमण गर्ने योजना बनाए । नालापानी गढीदेखि तलतिर सैन्य शिविरहरू खडा गरिए र किल्लामा चढ्न अस्थायी सिंढीहरू बनाउन लगाइयो । त्यसका लागि आफ्नो सेना ५ दलमा बांडी नालापानीमा अंग्रेजहरूले छिट्टै अधिकार गर्न चाहन्थे । तदनुसार (१) क्याप्टेन जोन फाष्ट ३६३ भारतीय र अंग्रेजी अफिसर नालापानीको उत्तर लाखन्द गाउँबाट बढेका थिए । (२) मेजर केली ५२१ भारतीय र २० घोडचढी सेना लिएर खरसाली गाउँबाट बढ्ने भए । (३) क्याप्टेन जोन क्याम्पवेल २८३ भारतीय र केही अंग्रेज अफिसरसाथ अष्टाल गाउँबाट नालापानीतिर बढ्ने भए । (४) लेफ्टिनेन्ट कर्नेल कार्पेन्टर ५८८ योद्धा र अंग्रेजी २ रेजिमेण्टसाथमा लिएर ठारापानी खोल्साबाटअगाडि बढि नालापानीमाथि चढाइ गर्ने भए । (५) मेजर लाडको ९९१ भारतीय र १०० आइरिस ड्रेगोन्स सेना लिएर ठारापानीको खोल्साबाट नालापानीमाथि बढ्ने भएका थिए । यसरी हेर्दा ६०० नेपाली किल्लाभित्रका न्युनतम हातहतियारले सुसज्जित

११४ सूर्यविक्रम ज्ञवाली, *वीर बलभद्र* (काठमाडौं : रत्न पुस्तक भण्डार, २०१८), पृ. ७ ।



सेनालाई पराजित पार्न अंग्रेजका ३७०० भारतीय १०० आइरिस ड्रेगोन्स तथा ५३ औं रेजिमेण्टका दुई कम्पनी सेनाले नालापानीमा घेरा हालेका थिए ।[115]

सबै तयारी भएर पनि अंग्रेजहरू नालापानी किल्लामाथि आक्रमण गर्न हच्किरहेका थिए, किनभने किल्लाको वरिपरि जंगल हुनाले र नेपालीहरू गुरिल्ला युद्धमा दक्ष हुनाले गोली र तीरले अंग्रेज र भारतीय सेना त्रशित थियो । जंगलमा अंग्रेजले जथाभावी बन्दुक पड्काउंथे, तर नेपालीको हानि हुंदैनथ्यो । तर नेपालीको चम्किलो खुकुरीबाट उनीहरूको मुटु थर्कन्थ्यो । त्यसकारण किल्लामा मानिस पठाउनुभन्दा ठारापानीको खोल्सामा तोप अड्याई गोला ओकली किल्ला फोड्नु नै अंग्रेजहरूले बुद्धिमानी कदम ठाने । बिस्तारै-बिस्तारै सेनाअगाडि बढ्ने संकेत पनि गरिएको थियो ।

सन् १८१४ अक्टोबर ३१ तारिखका दिन पुनः नेपाल-अंग्रेज युद्ध भयो ।[116] मेजर केली आफ्नो फौजसित खरसाली गाउँमा पसे भने एकै घण्टापछि जोहन फाष्ट र क्याप्टेन केम्पवेल पनि दुनबाट प्रस्थान गरे र ३ बजे कार्पेन्टर र मेजर लडलो पनि फौज लिई ठारापानी दाखिल भए । उनले साथमा २२ पाउण्डका २ वटा तोप, २ वटा मोटार्स र २ वटा साना तोप हात्तीमा लदाएर ठारापानी पुऱ्याए । उज्यालो हुनुपूर्व नै अंग्रेजी तोप गर्जन थाले । जनरल जिलेस्पी पनि त्यस युद्धमा दाखिल भए । साढे एक घण्टासम्म लगातार तोप पड्किरह्यो । नेपालीहरू जोखना हेरी आफूले छोडेको गोली काम लाग्दो गरी हान्दथे । किल्लाका भऱ्याङ, प्वाल छेडबाट घुँएत्रो, तीर तथा

११५ घिसिङ, पादटिप्पणी संख्या १३२, पृ. ५१ ।

११६ पन्त, पादटिप्पणी नं. ३२४, पृ. ५९ ।

भाला पनि नेपालीले फ्याँक्थे । कार्तिक १८ गते अंग्रेजहरूले बिहान ठारापानीबाट तोप उकालोतिर ठेल्न लागेका बेलामा नेपालीहरू सुटुक्क किल्लाबाट निस्की तोपहरू अधिकार गर्न भनी झम्टे । तर जिलेस्पीले नेपालीलाई तोपले भुट्ने आदेश दिए, तर तोपहरू ठिक पार्दा पार्दै बलभद्र र उनका सहयोगी किल्लाभित्र पसिहाले । भारतीय सेनाहरू नेपालीलाई लखेट्तै किल्लाको मुखैमा पुगे । नेपालीले किल्लाबाट निस्की तरबार ढाल चलाई भारतीयलाई लखटे । त्यहीबेला पायोनियर्स सेना नेपालीहरूतिर बढे जसको नेतृत्व लेफ्टिनेन्ट चालिसले गरेका थिए । गढीमा चढ्न उनीहरूले सिंढी लगाउन थालेको बेलामा गढी भित्रबाट आएको गोलीले चालिसको छातीमा छेड्यो जसको परिणामस्वरूप पायोनियर्स सेनामा भागाभाग मच्चियो । ५३ औं कम्पनी भने किल्लातिर बढ्यो, तर गोलीको आगोले भऱ्याङ र नक्कली झोपडीहरूमा आगो लाग्यो ।[117] धुंवाको कारणले किल्लाभित्रका नेपालीहरूले त्यो अंग्रेजसेना तोपसहित किल्लातर्फ बढिरहेको छ भन्ने कुरा पत्तो पाएनन् ।

नालापानी किल्ला नजिक पुगेको अंग्रेज सेनाले लेफ्टिनेन्ट केनेडीको नेतृत्वमा ६ पाउण्डका तोपहरू किल्लाको ढोकामा हान्यो र ढोकाको पर्खाल भत्क्यो । जिलेस्पीले ५३ औं रेजिमेण्टलाई किल्लाभित्र पसी आक्रमण गर्ने आदेश दिए । त्यही मौकामा किल्लाको ढोकाबाट नेपाली सेनाले तोप बमको गोला हानेर उनीहरूलाई कायल पारे । बमबाट ६ जना उडे भने धेरै घाइते भए । लड्लो फिलामा गोली लागि घाइते भए । त्यसरी अंग्रेज सेनापछि फर्केको बेलामा नेपाली सेनाले किल्लाबाट बाहिर निस्की ६ पाउण्डको तोपलाई तोडफोड गरी बेकार बनाइदिए ।

११७ घिसिङ, पादटिप्पणी संख्या १३२, पृ. ५२-५३ ।



लड्लोसँग ४ जना मात्र मानिस बांकी हुनाले हताश भएर भाग्न थालेपछि नेपालीहरू झन् उत्साहित भएर लडे ।[118] लड्लोलाई प्रेरणा दिन भनी जिलेस्पीअगाडि बढे र उनको पछि सिपाही लागे ।

जनरल जिलेस्पी एक योग्य तथा दक्ष नायक हुनाले उनको अगुवाईलाई अंग्रेजी सेनाले पछ्यायो । उनले एक हातमा पिस्तोल र अर्को हातमा तरबार हल्लाउंदै गढीमा छिटो अधिकार गर्ने आदेश दिएका थिए । उनी सर्दै सर्दै किल्लाको ढोकैमा के पुगेका थिए, त्यही बेला किल्लाभित्रबाट छुटेको गोली उनको छातीमा लाग्यो र उनी अचेत भए । त्यही मौकामा लेफ्टिनेन्ट ओहार र क्याप्टेन वायर्स पनि धराशायी भए । कर्नेल मावीले सेनालाई फर्कने आदेश दिए ।

देहरादुनमा अंग्रेजहरू पसेपछि त्यस क्षेत्रका जनताले नेपालीहरूको विरूद्ध विद्रोह गर्ने विश्वास त्यताका राजाहरूले लिएका थिए, तर दोस्रोपल्ट पनि नालापानी किल्ला अंग्रेजले लिन नसकी अडेकोले त्यहाँ विद्रोह भएन । त्यो दोस्रो आक्रमणमा नेपालीहरूले अंग्रेजलाई लघार्दा किल्लाभित्र रसद पानी र घाइतेको औषधी गर्ने बन्दोबस्त गर्ने अवकाश मिलेको थियो । नेपालीहरूले गढवाली र देहरादुनका निवासीबाट सहयोग रत्तिभर पाएनन् । थप सेनाको लागि सिरमौरमा बलभद्र कुंवरले खबर पठाए । नहानबाट फौज आउने कुनै आशा रहेन, किनभने अंग्रेज सेनाले त्यसलाई बाटोमा नै रोक्तथे । त्यसैले जे जति शेष छ, त्यसैका भर आधारमा युद्ध गर्नु नालापानीका लडाइँको दृढता बांकी थियो । देहरादुनका छाउनीमा बसेर कर्नेल मावी तीन हप्तासम्म ठूला तोपहरू नआएसम्म पर्खिरहे । फलतः १६ पाउण्डका ४ वटा तोपहरू, ८ इन्चका २ वटा मोर्टार तोप, दिल्लीबाट पैदल बटालियन र

११८ *ऐजन* ।

लाइट इन्फेन्ट्री र कम्पनी समेत कार्पेन्टर देहरादुन पुगे । गढीको वरिपरि कर्नेल मावीले घेराउ गरेकै थिए । नेपालीलाई कतैबाट पनि भाग्न नदिने बन्दोबस्त भयो । लाखन्दमा क्याप्टेन वक फौज लिएर बसे । नालापानी गढीभित्र संकट पार्न त्यहाँ खाने पानीको खोला फर्काइदिए । नालापानी किल्लाबाट करिब १ किलोमिटर दक्षिण पूर्वमा जंगलको विचमा सिम थियो । त्यही सिमसारको पानी जम्मा गरेर एउटा सानो दह (पोखरी) बनाइएको थियो । त्यसलाई स्थानिय व्यक्तिहरूले "सागर दह" भन्दथे ।[119] सो दहबाट निस्कने पानीलाई माटो मुनि पुरेर बाँसको ढुग्राबाट लुकाएर किल्लाभित्र खानेपानीको व्यवस्था मिलाइएको थियो । त्यो पानीको श्रोत अंग्रेजले बन्द गरि दिएको थियो । २५ नोभेम्बर १८१४ का दिन तोपका गोलाले हान्दा किल्ला केही भत्क्यो । गढीको ढोकामा नेपालीले पनि सानो तोप राखेका थिए । दिनको १२ बजे किल्लामा हमला सुरू भयो । तोपका गोलाले बज्र नलगाई माटोले जडान गरेको किल्ला भत्की ढल्यो । १४ गते बिहान किल्ला लिने सुरले अंग्रेज सेना बढ्यो, तर ३ बजेसम्म लड्दा पनि किल्ला फुटेन ।[120]

नालापानीको किल्लामा लडेर विजय गर्न कठिन भएकोले बाहिरबाट पानी जाने ठाउं बन्द गरियो । १२५ वटा घैटामा नेपालीहरूले पानी सँगालेका थिए जुन कुरा थाहा पाएर अंग्रेजहरूले गोली हानी घैला फुटाइदिएपछि किल्लाभित्र पानीको नितान्त अभाव पर्न गयो । तोपले पर्खाल पनि क्षतविक्षत पारेको हुनाले नेपाली सेना धेरै हताहत भयो । २९ नोभेम्बरको आधारातमा बलभद्र कुंवर, सरदार रिपुमर्दन थापा, चामु बस्न्यात र गञ्जसिंह थापा खाना खाइरहेका बेलामा बांकी रहेका सेना किल्ला छोडी निस्कन थाले । अंग्रेजहरूले नेपालीलाई बोलाइरहेका थिए ।

११९ प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातको स्थलगत भ्रमणबाट प्राप्त विवरणअनुसार ।

१२० पन्त, पादटिप्पणी संख्या ३२४, पृ. ६३ ।



नायकहरूले सम्झाई, बुझाई या धम्क्याई उनीहरूलाई फर्काएका थिए । केहीले त फर्कन पनि अस्वीकार गरे ।[121] त्यसपछि ती ४ जना सेनानायकले नभागी लड्ने कागज कबुलियत गराउन थाले जसमा ८५ जनाले हस्ताक्षर गरे । नालापानीको दुर्दशादेखि त्यसै छेउमा बसेको कालानाला कम्पनीका नेपाली सेना किल्ला छोडी देहरादुनतिर गए । नालापानीमा ५०/६० जना प्राणीमात्र जीवित रहेपछि देहरादुन हारे तापनि अरू ठाउंको रक्षार्थ नेपालीहरूले नालापानी छोड्ने भए ।[122] यसरी आफ्नो मातहतको टोली नेता तथा फौजले बलभद्र कुंवरको आदेश नमान्नु पक्षलाई विश्लेषण गर्नु जरूरी छ। सेनामा कमाण्ड कन्ट्रोलको अहम् भूमिका रहन्छ।

नालापानीको किल्लाबाट अरूलाई बाहिर जाने र गढीको आफूले रक्षा गर्ने इच्छा बलभद्रले प्रकट गर्दा अरूले मानेनन् । त्यसैले पानीको अभावमा चामल चपाउनु, घाइतेको क्रन्दन र शव सडेको दुर्गन्धले किल्ला दुषित थियो । अब त्यहाँ रहनु सम्भव कुरा थिएन । त्यसैले एकाबिहानै नेपालीहरू नालापानीको मुलढोकाबाट बाहिर लागे । सबैले हातमा खुकुरी र बन्दुक लिएका थिए । बाहिर निस्कँदा ३ वटा तोप र ३ मुरी बारूद त्यसै छोडेका थिए । नेपालीहरू किल्लाबाट बाहिर निस्केकाले अंग्रेजी सेनाले गोली प्रहार गऱ्यो । ३० नोभेम्बरका दिन नेपालीहरूद्वारा हाटमा पुगी त्यही मुकाम गरे र भोलिपल्ट गोपीचन्दको डांडामा किल्ला बनाइ बसे । नालापानीभित्रबाट नेपालीहरू निस्केपछि मेजर केलीले ग्रिनेडियर फौजको एक दललाई गढीभित्र प्रवेश गर्ने आदेश दिए । किल्लाभित्र निष्पट अंध्यारो र लाश सडेको दुर्गन्ध व्याप्त थियो । जमीनमा खाल्टाखुल्टी हुनाले सहजै भित्र जान पनि सजिलो थिएन । त्यहाँ साना बालबालिका मृत आमाका काखमा दुधविना रोइरहेका र अपाङ्ग बालकहरू पनि रोइरहेका थिए । त्यो

१२१ *ऐजन* ।

१२२ *ऐजन*, पृ. ६४ ।

दृश्यका साथै नेपालीले मृतकलाई हतारमा गाडेका भए पनि खुट्टा र टाउको बाहिरै देखिएको र स्यालले लुछ्न लागेको देखिन्थ्यो ।[123]

नेपालीहरूले नालापानीको किल्ला खाली गरेपछि गोपीचन्दको डांडामा बस्ता अंग्रेजहरूले पिछा छोडेनन् । अंग्रेजहरूले त्यहाँ पनि गोली बर्साउन थाले । एउटा गोली सरदार रिपुमर्दन थापाको दाहिने कुहिनोमा लागि उनी घाइते भए । उनको रगत खेर जाँदा मुर्छा परि राति एक्लै उकालोमा बसे । ३ डिसेम्बरका दिन चमुवामा काजी रणोदिपसिंह बस्न्यात र रेवन्त कुंवर भेट भए । श्रीनगरमा नेपाली घाइतेहरूको औषधि गरिन्थ्यो । रेवन्त कुंवर र बलभद्र कुंवरले रणोदीपसिंह बस्न्यातलाई चमुवामा छोडी जौटगढीतिर लागे । बखतावरसिंह बस्न्यातले घायल नेपालीहरूको राम्ररी इलाज गरे । यसरी नालापानीमा अंग्रेजहरूले विजय गरी नेपालको अधीनता छुटाए ।[124] नेपालीहरूले आफ्नो सक्कली वीरताको परिचय दिए । अंग्रेजले बहादुर नेपालीको कदरस्वरूप रिचपाना नदीको किनारमा स्मारक राखिदिए ।[125] नालापानीबाट हटेपछि बलभद्र कुंवरले जयन्तगढ किल्लाको रक्षार्थ बसेर अंग्रेज सेनाका नायक वाल्डोकलाई कायल पारेका थिए । बलभद्र कुंवर साह्रै नरम मिजासका थिए । कुमाउँ र गढवालमा नेपाली विरोधी भावना जागृत भएको थियो । जयन्तगढबाट वाल्डोकले बलभद्र कुंवरलाई हटाउन अत्यन्त जोड गरे, तर उनी सफल नभएकाले त्यहाँ नेपाली पकड मजबुत भएको थियो । त्यसपछि अक्टरलोनीले तारागढी र चम्बीगढीमा अधिकार गरे । जुब्बल तथा विसहरमा नेपाली विरूद्ध विद्रोह भयो । त्यसैबेला जैथकमा अजम्बर पन्थ

१२३ घिसिङ, पादटिप्पणी संख्या १३२, पृ. ६०-६१ ।

१२४ शर्मा र अरू, पादटिप्पणी संख्या ४४, पृ. ४३-४७ ।

१२५ *ऐजन,* पृ. ४६ ।



र बलभद्र कुंवर पुगे जहाँ १८०० गोरखाली सेना जम्मा थिए । गोलीगठ्ठा र रसदपानी दुर्लभ हुँदै गएकोले नैनिटिप्पा नेपालीले छोडी अजम्बर पन्थ पनि त्यहाँबाट जैथक बोलाइएका थिए । युद्धमा अजम्बर पन्थ युद्धबन्दी भए भने त्यसपछिको युद्धमा बलभद्र कुंवर घायल भए ।[126] अमरसिंह थापाको कबोलबमोजिम नेपाली सेनाले जैथक छोडिदिए । त्यसपछि बलभद्र कुंवर काठमाडौं फर्के ।[127]

नेपाल-अंग्रेज युद्ध समाप्त भई सुगौली सन्धिपछि सन् १८१६ मा कप्तान बलभद्र कुंवरको नाउँमा उनका बाबुले दुल्लुमा गुठी राखेको लालमोहर प्राप्त भएको छ । त्यो लालमोहर भएको केही समयपछि बलभद्र कुंवर युद्ध-मैदान तथा बहादुरी देखाउन रूचाउने हुनाले उनी सहित सयौं नेपाली सेना पञ्जाबको लाहोर पुगेका थिए । पञ्जाबकेशरी रणजीत सिंहको सेनामा जाने पहिलो “नेपाली लाहुरे” उनै थिए भनिन्छ ।[128]

बलभद्र कुंवर नेपालबाट जागिर खोज्दै पञ्जाबतिर लागे । उनका साथमा प्रशस्त नेपाली योद्धाहरू पनि थिए । पञ्जाबकेशरी रणजींत सिंहका समीपमा पुगेपछि बलभद्र कुंवर र उनका मित्रहरूलाई उचित खान्गी मिल्यो । बलभद्र कुंवरले सेना नायकको पदवी पाएर पञ्जाबको सेनामा बांकी जीवन व्यतीत गर्ने भए । त्यसपछि नेपाली वीरहरू विदेशी सेनामा जान थालेका थिए । पञ्जाबको सेनामा भर्ना भएपछि बलभद्र कुंवरले त्यहाँको सैनिक

१२६ *ऐजन,* पृ. ५४-५५ ।

१२७ ज्ञवाली, पादटिप्पणी संख्या १२३, पृ. १२-१३ ।

१२८ मोहनबहादुर मल्ल, “पहिलो नेपाली लाहुरे”, *पर्वत माला,* भाग २, (काठमाडौं : व्यवस्थापक मण्डली, २०२२), पृ. २६-२९ ।

सँगठन गर्न थालेका थिए । पञ्जाबको उत्तरी सिमानामा पर्ने अफगानिस्तानका सुल्तान शाहशुजा ज्यादै अलोकप्रिय भएका हुनाले भारदारले लखेट्दा उनी भागेर पञ्जाबकेशरी रणजीत सिंहको शरणमा आएका थिए । उनले त्यही समयमा आफ्नो फेटा (पगरी) मा कोहीनुर हीरा जडि पञ्जाब ल्याएका थिए । रणजीत सिंहले यत्नपूर्वक त्यो हिरा हात पारेका थिए । शाहशुजालाई पुनः काबुलको गद्दीमा राख्ने प्रयत्न रणजीत सिंहले गर्दा अफगानीहरूसँग युद्ध गर्नुपर्ने भयो । वीर बलभद्र कुंवरको नायकत्वमा पञ्जाबकेशरी रणजीत सिंहले पञ्जावी सेना अफगान विद्रोहीका विरूद्ध पठाए । त्यही युद्धमा वीर बलभद्र कुंवरले वीरगति पाए ।[129]

नेपाली भूमि र पञ्जाबको समेत सेना र रक्षा गर्ने वीर बलभद्र कुंवरको मृत्यु अफगानिस्थानमा भए पनि उनी अमर भएका छन् । नेपाल र पञ्जाबको मित्रता नहुनाले दुबै राज्यको पराजय अंग्रेजद्धारा भएको कुरा अध्ययन गर्दा त्यो बेला ठूलो भुल भएको बुझिन्छ । पछि नेपाल सरकारको आँखा खुल्न गएकाले र बडाकाजी अमरसिंह थापा वृद्ध भएको हुनाले वीर बलभद्र कुंवरले पञ्जाबसँग मित्रता राख्ने लक्ष्य राखी पञ्जाव पसेको हुनुमा धेरै सम्भावना छ । तर त्यस कुरालाई पुष्टि गर्ने प्रमाणहरू पाइएका छैनन् । केवल एसिया महादेशबाट अंग्रेजी शक्तिलाई हटाउन जनरल भीमसेन थापाले ठाउं ठाउंमा राष्ट्राध्यक्षहरूलाई पत्राचार गरेको कुरा मात्र हामीलाई थाहा छ । जे भए पनि वीर बलभद्र कुंवरले पञ्जाबकोतर्फबाट अफगानहरूसँग लडेर सन् १८२३ मा केही नेपालीसहित वीरगति प्राप्त गरे ।[130] लाहोरमा बुढाकाजी अमरसिंह थापाका छोरा अर्जुनसिंह थापा, भुपालसिंह थापा, अर्जुनसिंह थापाका छोरा पनि

१२९ घिसिङ, पादटिप्पणी संख्या १३२, पृ. ७१ ।

१३० दिनेशराज पन्त, *नेपालको इतिहासका केही पाना,* (पाटन : साझा प्रकाशन, २०३८), पृ. ८० ।



लाहोर लागेका थिए । रणजीत सिंहले गोरखाली सेनालाई साह्रै रूचाउंथे र उनले एउटा छुट्टै पल्टन खडा गराएका थिए ।

## नाथु माझी (दनुवार)



सन् १८१४ को नोभेम्बर २६ नारेखको २ बजेतीर नालापानीको किल्लामा भिषण युद्ध भयो । बलभद्र कुंवरको नेतृत्वमा युद्ध संचालन भएता पनि सुब्बा नाथु माझीले बढो बीरताको साथ युद्धको नेतृत्व गरे (शर्मा र अन्य नेपाल सैनिक इतिहास, पृ.४००) कर्नेल माबी र लेफ्टिनेन्ट कर्नेल लक्सफोर्डको फौजलाई हताहत बनाए । ११ जना अंग्रेजी फौजलाई उनी आफैले पनि तरबार चलाएर बर्बाद पारेको भन्ने पनि पाइन्छ । त्यस युद्धमा लड्दा लड्दै उनी लगायत धेरै योद्धाहरूले वीरगति पाए ।

यस आक्रमणमा अंग्रेज फौजको ठूलो क्षति हुन गएको थियो । अंग्रेज फौजका ४ जना अफिसरहरू सहित ३९ जना मारिएका थिए र ७ जना घायल भएका थिए । गोरखालीहरूको सानो सैनिक टोलीले अंग्रेजतर्फ कैयौ गुना बढी क्षति पुऱ्याएको थियो । अंग्रेजहरूले किल्लाभित्र पानी लान नदिएतापनि घ्याम्पोहरूमा पहिलादेखि नै जम्मा गरिराखेको पानीबाटै उनीहरूले काम चलाईरहेको थिए । पूर्व उल्लेख भए झैं त्यस दिनको लडाइँमा गोरखाली फौजतर्फ केही उल्लेखनीय वीरहरू मारिए जसमध्ये सुब्बा चन्द्रबीर थापा, सुब्बा नाथु माझी, सुबेदार दलजीत कुंवर, जमदार दलजीत शाही आदि बीर योद्धाहरूको नाम उल्लेखनीय रहेको छ । उनीहरूले शत्रुपक्षको त्यस्तो भीषण आक्रमणबाट किल्लाको रक्षा गर्दागर्दै आत्मबलिदान गरेका थिए । मुट्ठीभर रहेका बीर गोरखालीहरूले अनेक किसिमका हातहतियारहरूबाट सुसज्जित अंग्रेजी सेनाको एउटा पुरै डिभिजनलाई बारम्बार हराएर लखेटिरहेका थिए जसले गर्दा अंग्रेजहरू हताश र निराश हुन पुगेका थिए । सुब्बा



नाथु माझी (दनुवार) नेपाली सेनाको अमर सहिद हुन् ।

## सिंहबीर घर्तिमगर



सन् १८१४ को नोभेम्बर २७ तारेखको बिहान नालापानी किल्लामा भएको अंग्रेज फौज बिरूद्धको युद्धमा जमदार सिंहबीर घर्ति मगरले (शर्मा तथा अन्य पृ.४००–४०१) पुरानो गोरख पल्टनबाट बढो बीरताको साथ नेतृत्व गरेका थिए । उनले कर्नेल माबीले नेतृत्व गरेका सैनिकहरू मध्य एक दर्जन भन्दा बढी लाई मार्न सफल भएका थिए भने दर्जनौलाई घाईते बनाए । उनको सहासलाई बलभद्र कुंवरले मुक्त कण्ठले प्रशंसा गरी पुरानो गोरख गणको मनोबल बढाई दिए ।

यस लडाइँमा कर्णेल मावीले अब नालापानी किल्लामाथि धावा बोलेर कव्जा गर्न सकिन्न भन्ने ठानेर तोपबाट गोलाबारी गरेर किल्लाको पर्खाल भत्काउने योजना बनाए । सोही अनुसार गोलाबारी जारी राखियो । २७ नोभेभ्बरको रातभर र २८ नोभेम्बरको मध्याह्नसम्म लगातार तोपबाट गोलाबारी गरेर अंग्रेजहरू किल्लाको पूर्बतर्फको पर्खाललाई धेरै क्षति पुऱ्याउन सफल भए । त्यसपछि केही समयको लागि तोप बन्द गर्न लगाएर अघिल्लो दिनको लडाइँमा मर्ने अंग्रेजी फौजका व्यक्तिहरूको लाश माग्न पठाए । कप्तान बलभद्रले पनि किल्लामा रहेका लाशहरू लग्ने आदेश दिए । ६२ लाशहरू ओसारिसकेपछि पुनः अंग्रेजहरूको तोप चालु भयो ।



## जैथकको युद्धमा काजी रणजोर थापा



काजी रणजोर थापा पलाञ्चोकको युद्धमा वीरगति पाउने सेनापति बाघ भीमसिंह थापाको नाती र बडाकाजी अमरसिंह थापाको ५ औं छोरा थिए ।[131] उनका अन्य दाजु भाइहरूमा रणवीरसिंह थापा (भीमसेन थापाका भाइ पनि रणवीरसिंह नाम गरेका छन्, ती होइनन्), रणसुरसिंह थापा, रणध्वज थापा, रणभीम थापा, रामदास थापा, भक्तवीर थापा, नरसिंह थापा, अर्जुन थापा र भुपालसिंह थापा थिए । उनको दिदी अम्बिका देवीको छोरा क्याप्टेन बलभद्र कुंवर हुन । त्यसैले वीर बलभद्र कुंवर उनको भान्जा हुन । प्रधानमन्त्री माथवरसिंह थापासँग यिनको राम्रो सम्बन्ध भएको पाइन्छ । वि.सं. १९०३ सालको कोत पर्वमा यि मारिएका थिए । नेपाल-अंग्रेज युद्धको पहिलो चरणमा उनले जैथकको युद्ध वीरताको साथ लडे भने दोस्रो चरणमा हरिहरपुर गढी ( हाल सिन्धुली जिल्ला) मा तैनाथ थिए । यस युद्धमा भने नेपालीको पराजय भएको थियो । उनले जैथक युद्धमा देखाएको बहादुरीताको वर्णन तल गरिएको छ ।

एक महिनाभन्दा लामो समयसम्मको ठूलो प्रयासपछि अंग्रेजहरूले नालापानीको खाली किल्ला हात पारेपछि अब गोरखालीहरूसँग बढि सतर्क भई अगाडि बढ्न थालेका थिए । मेजर जनरल जिलेस्पीको मृत्युपछि उनको ठाउंमा सेनाको नेतृत्व सम्हाल्न मेजर जनरल मार्टिण्डेलको नियुक्ति भइसकेको थियो । नालापानी किल्लामाथि

१३१ इन्दिरा जोशी, *बुढाकाजी अमरसिंह थापा र बृहत नेपाल,* काठमाडौं : डा. इन्दिरा जोशी, २०६३, पृ. २४-२५ ।

कब्जा गरेपछि गर्मनर जनरल हेस्टिङ्सले त्यस किल्लालाई पूर्णतया ध्वस्त गर्ने आदेश कर्नेल मावीलाई दिएका थिए । साथै कर्नेल मावीलाई आफ्नो फौजलाई त्यहाँबाट पश्चिमतिर लगेर गोरखालीहरूको कब्जामा रहेको नहान शहरमाथि आफ्नो अधिकार कायम गर्ने आदेश थियो । त्यसबेला नहानको रक्षाको अभिभारा रणजोरसिंह थापालाई दिइएको थियो । बलभद्र कुवंरले नालापानीमा अंग्रेजहरूलाई पटक-पटक हराएको हुँदा प्रायः सबै गोरखाली सेना-नायकहरूले आफ्नो फौजलाई पहाडभित्र सुरक्षित ठाउंमा राखेर अंग्रेजहरूलाई विकट पहाडतिर निम्त्याई उनीहरूको सेनालाई बढि सरलताका साथ नष्ट गर्न सकिन्छ भन्ने कुरा बुझिसकेका थिए । त्यसकारण नेपाल-अंग्रेज युद्धमा उनीहरूले धेरै ठाउंहरूमा यही रणनीतिको अवलम्बन गरेका थिए । नहान शहरभन्दा तल करिब सात माइल दक्षिण्मा मोजामन्द भन्ने ठाउंमा अंग्रेजहरूले आफ्नो सैनिक शिविर खडा गरेका थिए जहाँ मेजर जनरल मार्टिण्डेलले आफ्नो सेनाको नेतृत्व सम्हालेका थिए । सैनिक शिविर रहेको मोजामन्दबाट करिब दुई माइल उत्तरमा मार्कण्डा नदीको एक सहायक खोला रहेको छ । त्यसलाई पार गरेर केही समतल भाग पार गरेपछि नहान शहरको उकालो सुरू हुन्छ र करिब ३००० फिटको उचाइ चढेपछि नहान आइपुग्छ । शहरको पूर्वी भागको उच्चा ठाउंमा त्यस समयमा नहानको किल्ला रहेको थियो जसलाई चारैतिरबाट बलियो र अग्लो पर्खालले घेरेको थियो । नहान शहरको उत्तरतर्फ झन् अग्लो पर्वत श्रृङ्खलामा रहेको थियो र ती श्रृङ्खलाहरूमा अनेक महत्वपूर्ण किल्लाहरू रहेका थिए जसमध्ये जैथकको किल्ला सामरिक दृष्टिबाट ज्यादै महत्वपूर्ण थियो ।

कर्नेल मावीले प्राप्त गरेको आदेशअनुसार देहरादुनबाट प्रस्थान गरी १९ डिसेम्बरका दिन मेजर जनरल मार्टिण्डेलको सैनिक शिविरमा मिल्न पुगे । नहानमाथि कब्जा गर्ने भन्ने विचार जनरल मार्टिण्डेलले नहानको उत्तर-पूर्वमा रहेको अर्को सानो डांडामाथि आफ्नो शिविर सार्ने योजना बनाई मेजर लुडलोलाई उक्त डांडा कब्जा गर्न



पठाए ।[132] उता नहानको रक्षाको जिम्मा लिएका काजी रणजोरसिंह थापा उनका पिता अमरसिंह थापाको सल्लाहअनुसार नहानभन्दा उत्तरमा रहेको बढि सुरक्षित जैथकको किल्लामा आफ्नो फौज सहित सरेर नहानको किल्लालाई खाली गरिसकेका थिए ।[133] अंग्रेजहरूले यो थाहा पाएपछि सिधै नहानको उकालो चढेर २४ डिसेम्बर १८१४ का दिन विना कुनै बाधा-विरोध नहानको किल्लामाथि कब्जा गर्न सफल भए ।[134] नालापानीको लडाइँको अनुभवबाट गभर्नर जनरल हेस्टिङ्सले सकभर पहाडी किल्लाहरूमाथि सीधा आक्रमण गर्नुभन्दा किल्लाको घेराबन्दी गरेर शत्रुलाई आत्मसमर्पण गर्न बाध्य पार्ने निर्देशन दिएका थिए । नहानमाथि कब्जा भएपछि जनरल मार्टिण्डेलले जैथकको किल्लामाथि कसरी कब्जा गर्ने भन्ने विषयमा विचार गर्न थाले । वास्तवमा जैथकमा ढुंगाको पर्खालले घेरेको एउटा सानो किल्ला डांडाको टुप्पोमा थियो । त्यस किल्लाको पूर्व र पश्चिमतर्फ अरू दुईवटा डांडाहरू पनि थिए । अतः जनरल मार्टिण्डेलले जैथकको किल्लाको नाकाबन्दी गर्नुको सट्टा किल्लाको दुईतिर रहेको डांडाहरूबाट किल्लामाथि गोलाबारी गरेर किल्ला कब्जा गर्ने विचार गरे ।[135] सोहीअनुसार २६ डिसेम्बर १८१४ को राति मेजर लुडलोको नेतृत्वमा करिब ८०० जनाको सैनिक टोली किल्लाको बायाँपट्टिको डांडामा चढ्न खटाइयो र मेजर विलियम रिचार्डसको नेतृत्वमा ५०० जनाको अर्को फौज किल्लाको दाहिनेतिरको डांडामा अधिकार गर्न पठाइयो ।

१३२ जोन पेम्बल, *दी ईन्भेजन अफ नेपाल,* (अक्सफोर्ड : क्योरेन्डन प्रेस, सन् १९७१) पृ. १६९ ।

१३३ शिवप्रसाद डबराल, *उत्तराखण्डका इतिहास,* भाग ५, (गढवाल : वीरगाथा प्रकाशन, २०३०), पृ. ४१३ ।

१३४ *ऐजन* ।

१३५ *ऐजन,* पृ. ४१५ ।

दुवै सैनिक टोलीहरूसँग ६ पौण्डको २/२ वटा तोप र २/२ वटा सानो होवित्जर पनि गोलाबारी गर्न हात्तीहरूमा लादेर पठाइएको थियो । दुवै सैनिक टोली बिहान हुनुभन्दा अगावै आ-आफ्नो निर्धारित स्थानमा पुगिसक्नुपर्ने निर्देशन थियो । रिचर्डस जाने बाटो लामो भएकोले उनी राति पौने एघार बजे  नै प्रस्थान गरे र लुडलोको बाटो छोटा भएकोले उनी दुई घण्टापछि मात्र शिविरबाट हिंडे ।[136] मेजर लुडलो चढ्ने डांडा नहानबाट करिब ६ माइलको उचाइमा थियो । बिहान उज्यालो हुने बेलाशम्ममा लुडलोको फौजको अघिल्लो भाग डांडाको टुप्पाबाट दुई माइल तलको उचाइमा पुगिसकेको थियो । त्यहाँबाट अगाडि बढ्दा २/३ ठाउंमा गोरखालीहरूका स - साना मोर्चाबन्दी फेला पारे जहाँबाट अंग्रेज फौजमाथि छिटपुट गोली चलाइयो, तर लुडलोले त्यसबाट बच्दै अगाडि बढ्न फौजलाई आदेश दिए जसअनुसार फौज अगाडि बढ्दै रह्यो । बिहान करिब ८ बजेको समयमा उनीहरू डांडाको टुप्पाभन्दा २०० गज मात्र तल थिए । उनीहरूको अगाडि गोरखालीहरूको चौथो मोर्चा देखियो जुन काठले बारेर तयार गरिएको थियो । अंग्रेजतर्फका जासुसहरूले उक्त मोर्चामा किल्लाबाट थप गोरखाली फौज आउंदैछन् भन्ने खबर ल्याएपछि मेजर लुडलोले त्यहाँ गोरखाली थप फौज आउनुभन्दा अगाडि नै मोर्चामाथि कब्जा गर्न उचित हुने ठानेर आफूसँग रहेको करिब ४०० जनाको फौजलाई तुरून्त गोरखाली मोर्चामाथि कब्जा जमाउने आदेश दिए । मेजर लुडलोको टोलीका आधा फौज र तोपहरू धेरैपछि छुटेका थिए ।[137] तैपनि अंग्रेजहरूले आक्रमण गरेर सो मोर्चामाथि सजिलै कब्जा जमाउन सफल भए र गोरखालीहरू पछाडि सरेर अर्को मोर्चामा मोर्चाबन्दी गर्न थाले । लुडलोले त्यहीं बसेर पछाडि रहेको बांकी फौजको प्रतिक्षा गर्ने विचार गरेका थिए । तर गोरखालीहरूलाई त्यसरी

१३६ हेनरी टी. प्रिन्सेप, *हिस्ट्री अफ पोलीटिकल एण्ड मिल्ट्री ट्रान्ज्याक्सन इन इण्डिया ड्युरिङ्ग दी एडमिनिस्ट्रेशन अफ मार्क्विस अफ् हेस्टिङ्गस्,* (भाग १), पृ. ९८ ।

१३७ *ऐजन* ।



धपाउन सफल भएको उत्साहमा रोमाञ्चित भइरहेका अंग्रेजी फौजले त्यहाँ नरोकिएर अगाडि बढि गोरखालीहरूलाई अर्को मोर्चाबाट पनि लखेट्ने अनुरोध गरे ।

मेजर लुडलोले पनि सजिलैसँग विजय प्राप्त हुन सक्ने आशा गरेर सेनाको सो आग्रहलाई स्वीकार गरे ।[138] उता गोरखालीहरू पनि यसपटक प्रत्याक्रमणको पूरा तयारीका साथ बसेका थिए । उनीहरूले अंग्रेजी सेनालाई मोर्चाको नजिकसम्म आउन दिए र आकस्मात् मोर्चाबाट नांङ्गो खुकुरी नचाउँदै यति तीव्र वेगमा बाहिर निस्केर शत्रुउपर तीनतिरबाट जाइलागे कि शत्रुपक्षमा भागाभाग हुन थाल्यो । अंग्रेज फौज गोरखालीहरूद्धारा अप्रत्याशित रूपमा भएको त्यस्तो आक्रमणबाट बच्न जता पायो उतै भाग्न थाले । धेरैजसो फौज डांडाको धारैधार भाग्न थाल्यो । लुडलोले अनेक पटक उनीहरूलाई जम्मा गरी अगाडि बढ्ने प्रयास नगरेका होइनन्, तर गोरखाली आक्रमणको त्रास मनमा परिसकेका अंग्रेजी फौज पुनः फर्केर गोरखालीहरूको सामना गर्ने मनस्थितिमा थिएन । यसरी भागाभाग गरिरहेका अंग्रेजी फौजमाथि गोरखालीहरूले झन् तीव्र रूपमा पिछा गर्दै प्रहार गर्न थाले । त्यस बेला बिहानको करिब साढे आठ बजेको थियो । ओरालो झर्न लागेको अंग्रेज फौजमा अब कसैको नियन्त्रण थिएन । उनीहरू लड्दै पर्दै तल झरिरहेका थिए । जसरी होस् आफ्नो शिविरमा पुग्न उनीहरू दौड लगाइरहेका थिए । गोरखालीहरूको नाङ्गो खुकुरीबाट चटाचट काटिएर ढल्न पुगेका आफ्ना साथीहरूको दुर्दशा उनीहरूका आँखाअगाडि नाचिरहेको थियो । उनीहरूलाई अब बन्दुकको गोलीभन्दा खुकुरीको मार बढि खतरनाक लागिरहेको थियो । रातभरि लगाएर चढेको पहाडबाट करिब डेढ घण्टा पुग्दा नपुग्दै अंग्रेजी फौज तल झरेर बिहान १० बजेसम्ममा शिविरमा आफ्नो दुर्दशाको

१३८ *ऐजन* ।

कथा सुनाउन पुगिसकेको थियो । यस अभियानमा जम्मा १५१ जना अंग्रेजी सेना हताहत भए जसमध्ये एकजना अंग्रेज अफिसर लेफ्टिनेन्ट मण्ट सहित करिब १ दर्जन जति सेना मारिए ।[139]

यसप्रकार मेजर लुडलोको नेतृत्वमा पठाइएको सैनिक अभियान पूर्णतया असफल भई फर्क्यो । यसबाट अंग्रेज सैनिक शिविरमा निराशाको वातावरण व्याप्त हुन गयो । नहानबाट राति पौने एघार बजे हिंडेको मेजर विलियम रिचर्डसको फौज नहानबाट उत्तर-पूर्वतर्फ हिंडदै अगाडि बढिरहेको थियो । यस फौजले करिब १६ माइलको बाटो पार गरेपछि मात्र आफ्नो लागि निर्धारित डांडा (पिकहिल) मा पुग्न सकिन्थ्यो । शिविरबाट हिंड्ने बेलामा त्यस टोलीसँग पर्याप्त मात्रामा गोली थिएन, तर मेजर जनरल मार्टिण्डेलले थप गोली छिट्टै पठाइदिने आश्वासनका साथ सो फौजलाई रवाना गरेका थिए । सोहीमुताबिक फौज हिंडेको ४/५ घण्टापछि थप गोलीहरू शिविरमा आइपुगेकोले तुरून्त पठाउने काम भयो, तर राति बाटो भुलेकोले सो गोली गोरखालीहरूको हातमा पर्न गयो । यसप्रकार करिब अंग्रेजहरूले ६०,००० गोलीको भारी नोक्सान सुरूमै सहनुपर्‍यो । यो कुरा मेजर रिचर्डसको फौजलाई थाहा भएन । उनी रातभरि हिंड्दै रहे र बिहान करिब ८ बजेतिर निर्धारित डांडा (पिकहिल) को टुप्पोमा सेनाको अग्रिम टोली पुग्यो । यो डांडा जैथक किल्लाबाट करिब साढे २ माइल उत्तर पूर्वमा थियो र यस डांडामा पुगेपछि केहीबेर आराम गरेर त्यहाँ वरिपरि रहेका अरू डांडाहरूमाथि पनि मोर्चा कायम गर्दै जाँदा उत्तरपट्टिको एउटा टुप्पाबाट जैथकको किल्ला केवल १००० गजको दुरीमा रहन गयो । त्यहाँ उनले अस्थायी अखडा बनाए । उता गोरखालीहरूको किल्लामा बडो खुशियाली छाएको थियो । त्यसै बिहान लुडलोको फौजलाई नराम्रोसँग हराएर लखेटेको हुनाले गोरखालीहरूको मनोबल दोब्बर हुन गएको थियो । त्यस अवस्थामा

१३९ पेम्बल, पादटिप्पणी संख्या १५१, पृ. १७४ ।



उत्तरपूर्वपट्टिको डांडामा फेरि अर्को अंग्रेज फौज आएको देखेर गोरखालीहरूले किल्लाबाट गोली वर्षाए, तर त्यसबाट टाढा रहेको शत्रुलाई खास नोक्सान भएन । अब के गर्ने भनेर किल्लामा छलफल भएपछि काजी रणजोरसिंह थापाले अर्को अंग्रेज सेनामाथि पनि आक्रमण गरेर भगाउने निर्णय गरेर दिउंसो करिब १ बजेतिर किल्लामा लडाइँको नगारा बजाउन लगाए । नगारा बज्नेबित्तिकै जोशले भरिएका वरिपरि रहेका सबै गोरखाली सेना किल्लामा सामेल भए जसको संख्या करिव १५०० थियो । रणजोरसिंह थापाले शत्रुको अर्को फौज पूर्वपट्टिको डांडामा आइपुगेकोले त्यसलाई पनि मारी भगाउने कुरा गरेपछि सबैले समर्थन गरे र आ-आफ्ना हातहतियार सहित शत्रु रहेको डांडातर्फ बढ्न थाले ।

उता विलियम रिचर्डस पश्चिमतिरको लुडलोले कब्जा गर्नुपर्ने डांडामा कोही नदेखेर छक्क परिरहेका थिए । उनले लुडलोको फौजलाई के भयो भनी सोचिरहेकै बेलामा जैथक किल्लाबाट गोरखाली फौज तल झरी आफूतिर आइरहेको देखेर उनी केही आत्तिए । उनको जम्मा ५०० जनाको सानो फौजले शत्रुको करिब १५०० फौजको मुकाबिला गर्नुपर्ने भएको थियो । जैथकको किल्लामा अंग्रेजहरूको सामना गर्न पुरानो गोरख, नन्दाबक्स, शार्दुलजंग, वरख र भवानीदल पल्टन खटिएका थिए ।[140] गोरखाली सेनाले शत्रुको नजिक पुग्नेबित्तिकै आक्रमण सुरू गर्‍यो । आक्रमण सामान्य रूपमा चलिनै रह्यो । थप गोलीगट्ठा नआइपुगेकोले रिचर्डस्ले आफ्नो फौजलाई ज्यादै किफायत गरेर मात्र गोली चलाउने आदेश दिइसकेका थिए । उनले थप सैनिक सहायताको माग पनि जनरल मार्टिण्डेलसमक्ष गरिसकेका थिए । साँझ पर्ने बेलासम्म कतैबाट कुनै सहायता पनि नआएको र आफूसँग भएको गोलीगट्ठा पनि क्रमशः समाप्त हुँदै गएकोले अंग्रेजी सेना आत्तिनु स्वाभाविकै थियो । उता गोरखालीहरू जति-जति रात पर्दै गयो,

१४० खत्री, पादटिप्पणी संख्या ९८, पृ. ११ ।

उति-उति नजिक सर्दै आउन थाले । त्यस बेलासम्म गोरखालीहरूले करिब ९ पटकसम्म आक्रमण गरिसकेका थिए ।[141]

साँझको साढे सात बजिसकेको थियो । अंग्रेजतर्फको गोलाबारूद करिब-करिब समाप्त भइसकेको थियो । त्यसैबेला आकस्मात् जनरल मार्टिण्डेलको जरूरी खबर आइपुग्यो जसमा न त थप गोला बारूद नै पठाउने कुरा थियो, न त थप सैनिक सहायता दिने कुरा थियो । त्यसमा रिचर्डसलाई बरू तुरून्तफिर्ता आउने आदेश मात्र थियो ।[142] यस्तो आदेश पाएर मेजर रिचर्डस ज्यादै निराश भए । अब कसरी सुरक्षित रूपमा तल झर्ने भन्ने कुरा उनले विचार गरे । गोरखालीहरूले अचेट्दै आएकाले उनीहरूबाट बचेर फौजलाई ओरालोबाट सुरक्षित रूपमा तल पुऱ्याउनु ज्यादै कठिन कार्य थियो । अब मेजर रिचर्डस्ले के योजना गरे भने एउटा टोलीले गोरखालीहरूलाई लड्दै रोकिराख्ने र बांकी फौज जतिसक्यो चँडो तल झर्ने । यसरी मुख्य फौजलाई सुरक्षा दिने जोखिमपूर्ण कार्य गर्न लेफ्टिनेन्ट थमस थैकरे तम्सिए । उनी नालापानीको लडाइँमा घाइते भएपछि उनको दाहिने हात अझै राम्रोसँग चल्दैनथ्यो[143] तैपनि उनको अदम्य साहसले गर्दा जस्तोसुकै जोखिमपूर्ण काम गर्न उनी सदा तत्पर रहन्थे । उनलाई त्यो खतरनाक काममा सहयोग गर्न उनका साथी विलियम विल्सन, विलियम टर्नर र स्टलकर्ट आदि अंग्रेज अफिसरहरूका साथ करिब २०० को सेना तयार भयो । अंग्रेजहरूकातर्फबाट प्रतिरोध घट्न थालेकाले गोरखालीहरूको आक्रमण झन् तीव्र हुन थाल्यो जसलाई थैकरेको नेतृत्वको फौजले रोक्ने प्रयास गऱ्यो । केही

१४१ *ऐजन,* पृ. १७७-७८ ।
१४२ *ऐजन,* पृ. १७८ ।
१४३ *ऐजन,* पृ. १७७ ।



समयसम्म त उनीहरूले गोरखालीहरूलाई रोक्न सफल भए, तर अन्ततः उनीहरूको केही लागेन । गोरखालीहरूले उनीहरूलाई घेरेर गोली प्रहार गर्न थलेपछि धेरै अंग्रेज सैनिक हताहत भए ।

वीरताका साथ लड्दै गरेका अंग्रेज लेफ्टिनेन्ट थैकरेको छातीमा गोली लागेर ढल्न पुगे तैपनि उनले विल्सनलाई नेतृत्व सम्हाल्ने कुरा सम्झाउन बिर्सेनन् । उनले त्यहीं प्राणत्याग गरे । विल्सन पनि गोरखालीहरूको तीव्र आक्रमणकोअगाडि अड्न सकेनन् । एउटा बन्दुकको गोलीले उनको तिघ्रालाई क्षतविक्षत पारिदियो र उनी पनि त्यहीं ढले । अब नेतृत्वको अभिभारा विलियम टर्नरमा पर्न आयो । उनले त्यस स्थितिमा गोरखालीहरूको सामना गर्नु निरर्थक हुने देखेर बांकी फौजलाई तितर-बितर हुन आदेश दिए । सोहीअनुसार बांकी रहेका अंग्रेजी फौज जताततै छरिएर आ-आफ्नो बाटो खोज्न थाले । गोरखालीहरूले तैपनि पिछा गर्न छाडेनन् । कैयौं मारिए र केही भागेर सुरक्षित ठाउंमा पुग्न सफल भए । यसरी थैकरेको नेतृत्वको फौजको त्यस्तो दुर्दशा भए तापनि रिचर्डसको मुख्य फौज भने ओरालो झरेर बिहानसम्ममा शिविरमा पुग्न सक्यो । लडाइँमा अंग्रेजतर्फ ठूलो क्षति हुन गयो । उसका ३ जना योग्य अंग्रेज अफिसरहरू (थैकरे, विल्सन, स्टलकर्ट) र ७८ जना अरू सैनिक गरी जम्मा ८१ जना मारिए भने २०० भन्दा बढि घाइते हुन पुगे ।[144]

यसप्रकार एकै दिनमा २ वटा असफल आक्रमणहरूबाट अंग्रेज सैनिक शिविरमा ज्यादै निराशाको वातावरण छायो । त्यसै समयमा लडाइँको पूर्वी भाग गोरखपुर र बेतियाको नजिकको लडाइँहरूमा पनि गोरखालीहरूले अंग्रेज फौजलाई ठूलो क्षति पुऱ्याएको खबर शिविरमा फैलियो । अंग्रेज फौजमा रहेका मुसलमान सैनिकहरू झन् निराश

१४४ *ऐजन,* पृ. १८१ ।

हुँदै यस लडाइँमा अंग्रेजहरूलाई कहिल्यै सफलता मिल्ने छैन् भनी कुरा गर्न थाले । नालापानी लडाइँका वीर बलभद्र कुंवर थप सेना लिई रणजोरसिंह थापालाई मद्दत गर्न जैथक आउदै छन् र पश्चिमबाट पनि अमरसिंह थापाले थप सेना मद्दतका लागि जैथक पठाउदै छन् भन्ने हल्ला फैलिएपछि त झन् अंग्रेज फौज खास गरी हिन्दुस्तानी फौजको मुटु काम्न थाल्यो । उनीहरू नाङ्गो खुकुरी लिएर झम्टन पुग्दथे र हिन्दुस्तानी फौज जति बढि संख्यामा भए पनि भागाभाग गर्दै ज्यान बचाउन खोज्द्थे । नेपाल-अंग्रेज युद्धका दौरान यस्तो घटना धेरैपटक दोहोरियो जब गोरखालीहरूको सानो सैनिक टोलीले आफूभन्दा धेरै गुणा बढि रहेको अंग्रेज फौजलाई सजिलैसँग लखेट्द्थे ।

जैथकको किल्लामाथि कब्जा गर्ने सिलसिलामा जनरल मार्टिण्डेलले सुरू गरेको पहिलो अभियान (२७ डिसेम्बर) पूर्णतया असफल भएपछि अब उनले आफ्ना योजनामा परिवर्तन गरे । उनले त्यसपछि शत्रुमाथि सिधा आक्रमण नगरेर चारैतिरबाट घेराबन्दी गरेर रसदपानी रोकेर शत्रुलाई आत्मसमर्पण गराउने नीति अवलम्बन गरे । त्यसपछिका ३/४ महिनासम्म उनले जैथक किल्लाका उत्तरतर्फ रहेका केही डांडाहरूमाथि कब्जा जमाउन लगाए । यस दौरान उनले उत्तरतर्फका नौनी पहाड र कालो पहाड (ब्लैकहिल) माथि कब्जा जमाएर त्यताबाट तोपद्धारा गोलाबारी गर्ने समेत योजना गरे, तर उनले गोरखालीहरूमाथि सिधा आक्रमण गर्ने साहस भने गर्न सकेनन् । झन् जैथकमा बलभद्र कुवंर समेतका थप गोरखाली फौज आइपुगेको खबर पाएपछि त उनले जैथक किल्लामाथि आक्रमण गर्ने योजनालाई पूर्णतया त्यागे । अब उनी केवल घेराबन्दी गरेर शत्रुलाई आत्मसमर्पण गराउने धुनमा बसिरहे । अंग्रेज सेनाले बारम्बार जैथकमाथि सिधा आक्रमण गर्ने अनुरोध उनीसँग गरे तापनि उनले मानेनन् । जसले गर्दा उनको आफ्नो फौजले पनि उनलाई डरछेउवा भनी घृणा गर्न थाल्यो । उनी केवल घेराबन्दीलाई सुदृढ गराउनमा तल्लीन रहे । १ अप्रिल १८१५ मा उनले मेजर रिचार्डसलाई पुनः पिकहिलमाथि कब्जा गर्न पठाए । घेराबन्दी झन् झन् सुदृढ पारियो, तर जनरल मार्टिण्डेलले् जैथक किल्लामाथि भने सिधा आक्रमण गर्न साहस गर्न



सकेनन् । नाकाबन्दीको असर बिस्तारै जैथक किल्लाभित्र रहेका गोरखाली सेनामाथि पर्न थाल्यो । गोरखाली फौजभित्र रहेका कैयौं स्थानीय मानिसहरू मौका पाउनेबित्तिकै किल्लाबाट भागेर अंग्रेज सैनिक शिविरमा पुग्न थाले । त्यस प्रकारको प्रतिकुल परिस्थितिमा पनि काजी रणजोरसिंह थापाले आफ्नो सेनाको उत्साह बढाई किल्लाको रक्षाको पूरा प्रबन्ध मिलाएका थिए ।

तर पश्चिमी क्षेत्रमा जहाँ अमरसिंह थापा स्वयंले लडाइँ सञ्चालन गरिरहेका थिए, स्थिति बिग्रँदै गएर अक्टरलोनीको घेराबन्दीमा परेपछि १५ मे १८१५ का दिन काजी अमरसिंह थापा र मेजर जनरल अक्टरलोनीकाबीचमा एउटा सम्झौता सम्पन्न भयो । उक्त सम्झौताको दोस्रो बुँदामाथि निम्न कुरा उल्लेख थियो :[145]

> "काजी रणजोरसिंह थापाको वीरताको सम्मान गर्दै उनलाई आफ्ना सशस्त्र फौजकासाथ जैथकको किल्लालाई खाली गर्न दिइनेछ । उनीहरूले आ-आफ्नो हातहतियार सैनिक निशान, र एउटा तोपसाथ लग्न पाउने छन् । त्यस बाहेक उनका अरू ३०० जना भारदार र सहायकहरू निसस्त्र भएर आफ्नो व्यक्तिगत र काजीको समेत सम्पत्ति र उनका परिवारहरू समेत सम्मान र सुरक्षापूर्वक साथै जान पाउने छन् ।"

१४५ कक्स, *काजी अमरसिंह थापा र मेजर जनरल अक्टरलोनीकाबीच १५ मई १८१६ मा भएको सम्झौता*, पृ. ६०७ ।

अन्ततः उपर्युक्त सम्झौताअनुसार जैथकको किल्ला रणजोरसिंह थापाले खाली गरेपछि मात्र अंग्रेजहरू खाली किल्लालाई आफ्नो कब्जामा लिन समर्थ भएका थिए। बास्तवमा भन्ने हो महाकाली पश्चिमको युद्ध मोहोडामा अंग्रेजले जित्न नसकेको युद्ध यो मात्र थियो। इतिहासले काजी रणजोर थापालाई राम्रोसँग नचिनेता पनि उनी एक कुशल सैनिक कमाण्डर र एक वीर योद्धा थिए।



## कर्नेल उजिरसिंह थापा



जनरल अमरसिंह थापाका भीमसेन थापा, नयनसिंह थापा, बख्तावरसिंह थापा, अमृतासिंह थापा, रणवीरसिंह थापा, रणबम थापा र रणध्वज थापा नामका छोराहरू थिए।[146] ऐतिहासिकरूपबाट हेर्दा उजिरसिंह थापा मुख्तियार भीमसेन थापाका भाइ नयनसिंह थापाका जेठा छोरा थिए। त्यसो भएरपनि उजिरसिंह थापाका स्थान नेपालको इतिहासमा आफ्नै प्रकारको देखिन्छ। मुख्तियार भीमसेन थापाकै खानदानमा उनका माहिला भाइ नयनसिंह थापाका छोरा माथवरसिंह थापा नेपालका प्रथम प्रधानमन्त्री भएका थिए भने स्वयं नयनसिंह थापा एक वीर योद्धा थिए।

जनरल अमरसिंह थापालाई “छोटा काजी” भनिन्छ। जसले पाल्पा राज्यको पहिलो नेपाली प्रशासन भएर अमरेश्वर मन्दिर निर्माण गरेका थिए। पाल्पाको अधिकारीको रूपमा उनलाई त्यहाँ पठाउँदा अंग्रेजसँग सम्बन्ध तीतो हुनगएको थियो। त्यसका धेरै कारणहरू थिए। पहिलो कारण त अमरसिंह थापा र भीमसेन थापाको अंग्रेजप्रतिको नकारात्मक दृष्टिकोण थियो भने अर्को कारण अंग्रेजहरूको विस्तारवादी नीति थियो। नेपाल दरबारमा अंग्रेजहरूले नेपाललाई हेप्तै-चेप्तै ल्याएको देख्ने लडाकु भारदारहरू युद्ध गरेर धोको पुर्‍याउने पक्षमा थिए। त्यही पक्षको निर्णयलाई राष्ट्रिय निर्णय मानियो। परिणामको नकारात्मक असर त्यो बेला नेपालका भारदारहरूले कल्पना गर्न सकेनन्। युद्धमा मर्नेहरू त मरिहाले, बाँच्नेहरूलाई कति संकट पर्‍यो त्यो इतिहासले देखाँउछ। त्यसको नराम्रो

१४६ वसन्तबहादुर थापा, पादटिप्पणी संख्या १०३, पृ. २०३१।

असरले गर्दा मुख्तियार जनरल भीमसेन थापाको अमानवीय पतन हुन गयो । सन् १८१४ मा नेपाल-अंग्रेज युद्ध भएरै छाड्यो । त्यसलाई शान्तिपूर्वक मित्रता गरी सुल्झाउने बाटो लिइएन । यदि त्यसो गरेको भए पनि अंग्रेजहरूले नेपाललाई कठपुतली बनाएरै छोड्ने थिए । अंग्रेज-नेपाल युद्धले नेपाली बहादुर, वीर, साहस, धैर्य, शौर्य तथा राष्ट्र र राजमुकुटको परिचय दिने वीर गोरखाली नामले विश्वप्रख्यात भए ।

सन् १८१४ को अंग्रेज-नेपाल युद्धका नेपाललाई जति सकारात्मक पक्ष देखिए पनि सुगौलीको सन्धिले नेपालको भू-भागलाई वा नेपाली वीरले आर्जन गरेको भू-भागलाई कुण्ठित एवम् आकुञ्चित पारेर छोड्यो । सुगौलीको सन्धिपछि नेपाललाई नाजुक स्थितिबाट गुज्रनुपरेको थियो । त्यस्तो बेला भीमसेन थापाले राम्रा-राम्रा काम गरेको भन्नुपर्छ । जनरल भीमसेन थापाको सम्मोहित भाषाले नेपाली वीरलाई युद्धको विभीषिकामा पुऱ्याएरै छोड्यो ।[147] दुर्भाग्यवश अमरसिंह थापा (भीमसेन थापाको पिता) को सो युद्धभन्दा पहिले नै मृत्यु भयो । आफ्ना बाबुको मृत्युपछि जनरल भीमसेन थापाले आफ्ना भाइ नयनसिंह थापाको छोरा कर्नेल उजिरसिंह थापालाई पाल्पाको सुरक्षाको निम्ति खटाएर पठाएका थिए । कर्नेल उजिरसिंह थापाको जन्म सन् १७९५ मा भएको थियो । उनका बाबु नयनसिंह थापाको सन् १८०६ मा मृत्यु हुँदा उनी ९/१० वर्षका मात्र थिए । सानै उमेरमा पितृहीन हुनुपरेकोले उनको रेखदेख भीमसेन थापाद्धारा भएको थियो । पाल्पामा तैनाथवाला भएर खटिंदा उजिरसिंह थापा २० वर्षका मात्र थिए ।[148]

१४७ राजाराम सुवेदी, "जनरल भीमसेन थापाको कानुन" *नेपाल कानुन परिचर्चा,* वर्ष ७, अंक १ (२०४०), पृ ६५-६६ ।

१४८ बलरामदार डंगोल, *"उजिर सिंहले तयार गर्न लगाएको जंगी तथा निजामती स्थिति बन्देज" अभिलेख,* वर्ष १, अंक १, (२०४०), पृ. ३५-३६ ।



जनरल अमरसिंह थापाले अंग्रेजको मातहतमा रहेको बुटवल र स्युराज कब्जा गरी सो तराई प्रदेशलाई लिएर अंग्रेजहरूलाई चिढाएका थिए । जोपछि गएर युद्धको तत्कालीन कारण बन्यो । तर त्यही सालको असोजमा अमरसिंह थापाको मृत्यु हुन गएकाले नेपालले पाल्पालाई विशेष ध्यान दिएको थियो । अर्को कारण पाल्पालाई अंग्रेजहरूले पहिलो निशान बनाउने आशंकाले पाल्पाको विशेष तयारी भएको थियो । सुरक्षाको लागि उजिरसिंहले गढी निर्माण गराए । उनी ठाउं-ठउंमा प्रशस्त गढीहरू बनाएर अंग्रेजहरूलाई झुक्याउन चाहन्थे । नेपाल-कम्पनी सरकार युद्धमा तयारीपूर्वक लड्न पाउने नायक उजिरसिंह नै थिए । अमरसिंह थापाले बुटवल कब्जा गरेको ६ महिनासम्म कुनै खलबल भएन । तापनि अंग्रेजहरूले आक्रमण गर्ने चार ठाउंहरूमध्ये पाल्पा पूर्वबाट दोस्रोमा पर्दथ्यो । सन् १८१४ को अंग्रेजसँगको युद्धमा उजिरसिंह थापालाई ३००० सेना दिइएको थियो । अंग्रेजले सन् १८१४ अक्टोबरमा युद्धको घोषणा गरे पनि नेपालमा पहिल्यै उनीहरूले प्रवेश गरे । युद्ध घोषणा भएको २ हप्तापछि जनरल उडले बुटवलतिर बढ्ने आदेश दिएतापनि ढुवानीको व्यवस्था मिलाउँदा ७ हप्ता ढिलो भयो । पाल्पाका राजा पृथ्वीपाल सेनका नोकरहरूले अंग्रेजी सेनालाई छोटो बाटो देखाइदिए । अर्को अंग्रेजी सेना नुवाकोट गढीमा आयो । सो गढीमा उजिरसिंह थापा, लेफ्टिनेन्ट अम्बर अधिकारी, कुम्मेदान कृपासुर थापा, दलखम्ब थापा, सवुज कम्पनी पाँचसय जवान र गुरूबक्स कम्पनीको दुईसय जवान लिई बसेका थिए र काजी वीरभञ्जन पाण्डे करिब ५०० सेनाका साथ शत्रुलाई छल्न बनेको कोठे गढीमा बसेका थिए । पौष २२ गते अंग्रेजबाट युद्ध प्रारम्भ भयो । यस आक्रमणमा पाँच अफिसर र १२८ अंग्रेज सिपाही मरे भने नेपाली ७० जना मारिए ।

नुवाकोट गढीमा अंग्रेजी सेना खेर गएकोले जनरल उडले लडाइँ रोके । रातभरि नेपाली सेनाले अंग्रेज सेनालाई लखटे । अंग्रेजहरूलाई बाटो देखाउने कनकनिधि तिवारीको भाइलाई नेपाली सेनाले पक्री मारे ।[149] बुटवल नजिक जितपुरबाट हार खानुपर्दा उड चिन्तित थिए । तानसेनतिर बढेको दोस्रो बटालियन पनि हार खाएर फर्क्यो । १०० गोरा र ५०० काला भरिया, ३ हजार काला सिपाही डगडगुवामा गई बसेका थिए । उडले नेपाली सेनालाई तराईमा झारी तोपले भुट्ने विचार गरी लुट मच्चाए । तर उजिरसिंहले आफ्नो सेनालाई तराई झारेनन् । अर्को वर्ष सन् १८१५ मा उडले कुसुमघाट पुगी खलंगा निर्माण गरे ।[150] जितगढीमा आक्रमण गर्दा नेपाली चुप लागेर बसेका थिए । अंग्रेज किल्ला नजिकै पुगेको बेलामा ३५० नेपालीले अंग्रेजलाई धपाए । नेपाल-कम्पनी सरकार युद्ध अवधिमा अनेक स्थलहरूमा दुई सरकारका सेनाहरूकोबीच युद्धहरू भए तर उजिरसिंह थापाले नेतृत्व गरेका सेनाले मात्र अंग्रेजी सेनालाई जितगढी युद्धमा हराए । यो घटना नेपालको सैनिक इतिहासमा अतिगौरवशाली घटना हो । दोस्रो हारबाट जनरल उड आउन सकेनन् ।

कर्नेल उजिरसिंह थापाले तैनाथ लिएको ठाउंमा अंग्रेजले एक अङ्गुल जमीन पनि लिन सकेन । युद्ध सकिएपछि उजिरसिंहले तानसेन बजारकोबीचमा प्यागोडा ढांचाको रणउज्जेश्वरी मन्दिर निर्माण गरी तीन तले आफ्नो उचाई बराबरको गजुर अर्पण गरी चाँदीको छत्र ओडाएको १८ हात भएको देवीको मुर्ति स्थापना गराए । उजिरसिंह तथा उनको श्रीमती रणकुमारीको नामबाट रणउजेश्वरी नाम राखिएको थियो । उनले त्यस मन्दिरको

१४९ शर्मा र अरू, पादटिप्पणी संख्या १२३, पृ. ५० ।

१५० डंगोल, पादटिप्पणी संख्या १६७, पृ. ३६ ।



गुठीको पनि व्यवस्था गरे ।[151] त्यस्ता पराक्रमी, साहसी उजिरसिंह थापाको मृत्यु कलिलै उमेरमा अर्थात सन् १८२४ मा भयो ।[152] त्यस्तो कलिलो बैंशमा ठूलो पुरूषार्थ देखाई उजिरसिंह थापा सदाको लागि पाल्पामा नै दिवंगत भए । कर्नेल उजिरसिंहको मृत्युपछि उनको शवसँगै उनकी पत्नी रणकुमारी मुख्यानी सती गइन् । आफू सती जानुभन्दा पहिले उनले रू. २९०५ ।- रकम श्री भगवतीको लागि गुठी राखिदिएकी थिइन् । पछि सो रकमबाट जमीन खरिद गरी गुठी खडा गरिएको अद्यापि छंदैछ । पाल्पा भगवतीको महिमा ठूलो छ । त्यस्तो हुनुको अर्को आधार प्रत्येक वर्ष भाद्रकृष्ण नवमीका दिनमा भगवतीको रथयात्रा हुने चलन उजिरसिंहले चलाएर छोडेको बुझिन्छ । उजिरसिंह थापाले निर्माण गरेको उक्त मन्दिर सन् १९३५ मा भत्कियो । त्यसपछि सो मन्दिर जीर्णोद्धार गर्दा ३ तलाको सट्टामा २ तलेमात्र निर्माण गरिएको छ ।

उजिरसिंहको मृत्यु कलिलो उमेरमा औलो ज्वरो रोगबाट हुनगएको बुझिएको छ । अंग्रेज-नेपाल युद्धपछि पनि उजिरसिंहलाई पाल्पाकै तैनाथवालाको रूपमा थमौती गरिएको थियो । त्यो फुर्सदको समयमा उनले सैनिक तालिम र अभ्यास गरेको कुरा सन् १८२२ मा जंगी तथा निजामती कर्मचारीहरूलाई तालिम दिन मिल्ने गरी एउटा उपयोगी पुस्तकको तयारी गर्न लगाएबाट थाहा हुन्छ । त्यस पुस्तक पुरातत्व विभाग राष्ट्रिय अभिलेखालयमा सुरक्षित गरिएको छ र सो पुस्तकको लगत नं. २/३०७ छ । उजिरसिंहले रचना गरेको सो पुस्तकको आफ्नै छुट्टै किसिमको महत्व रहेको छ ।

१५१ भगेश्वर पंगेनी, पाल्पा गौंडाका तैनाथवाल, (त्रि.वि. अप्रकाशित स्नातकोत्तर इतिहासको शोधपत्र, २०४५), पृ. ३४-३५ ।

१५२ धनवज्र वज्राचार्य (सं.), *त्रिरत्न सौन्दर्य गाथा,* (काठमाडौं : नेपाल साँस्कृतिक परिषद, २०१९), पृ. ६५ ।

कर्नेल उजिरसिंह थापाले रचना गरेको पुस्तक जम्मा ६ परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेदमा कुनै पनि कार्यालयका हाकिमले काम गर्दा र कर्मचारी भर्ना गर्दा ध्यान दिनुपर्ने कुरा छन् । दोस्रोमा हाकिमले पल्टनका जवानको भर्ना गर्दा ध्यान दिनुपर्ने गहकिला कुराहरू छन् । तेस्रो परिच्छेदमा पल्टनका जवानहरूको नियम र अनुशासनमा नबसेमा दण्डको भागी बन्नुपर्ने कुराहरू छन् भने चौथोमा अदालतका ठूला हाकिमले ध्यान पुऱ्याउनुपर्ने कुराहरू छन् । पाँचौ तथा छैठौं परिच्छेदमा कुन कुन प्रकारका अपराधहरू गर्ने अपराधीलाई के कस्ता सजाय गर्ने भन्ने र सजाय गर्दा हाकिमले विशेष ध्यान दिनुपर्ने कुराहरू पनि लेखिएका छन् । विशुद्ध पाण्डुलिपीमा रहेको यस पुस्तकले तत्कालीन जंगी, निजामती तथा न्यायिक क्षेत्रलाई स्पष्ट प्रतिविम्बित गरेको पाइन्छ । सो पुस्तकबाट कर्नेल उजिरसिंह ज्यादै अनुभवी, पूर्ण तालिमप्राप्त, पढलेखमा रूचि राख्ने, न्याय निसाफमा निष्पक्ष न्याय दिने, इमानदार, दुरदर्शी भएको प्रमाणित हुन्छ । वर्तमान कालमा सो पुस्तकको महत्व त्यति नहोला जति सन् १८२२ ताका हुन्थ्यो तापनि कर्नेल उजिरसिंहको त्यो कार्य पछिसम्म रहिरहनेछ । सो पुस्तकमा उनले ठाउं ठाउंमा "इच्छा भगवानको तजबिज कर्नेल उजिरसिंहको" राखी तजबिज पहिलो दोस्रो गर्दै लेखेका छन् ।[153] उनले तयार गरेको तजबिजको छुट्टै पुस्तकाकारमा प्रकाशित भएको छैन् तापनि पत्रिकामा पाठान्तर गरी प्रकाशित भएको छ ।[154]

---

१५३ सुवेदी, पादटिप्पणी संख्या १६६, पृ. ६५-६८ ।

१५४ डंगोल, पादटिप्पणी संख्या १६७, पृ. ३५-५२ । दिनेशराज पन्त, "उजिरसिंह थापाले वि.सं. १८७९ मा बांधेको बन्देज", *पूर्णिमा,* पूर्णाङ्क ८३, (२०४८ चैत्र), पृ. ३७-५९ ।

# कर्नेल "बहादुर" गम्भीरसिंह रायमाझी[155]



गम्भीरसिंह रायमाझी पाल्पामा जन्मेका थिए । उनी सोझा र एकोहोरो हुनुको साथै सुरो र झक्कड मिजासका पनि थिए । वि.सं. १९१४ तदनुसार सन् १८५७ मा यिनी देविदत्त नामक पल्टनमा लेफ्टिनेन्टको पदमा थिए । उतिखेर एउटा पल्टन Right Half र Left Half गरी २ भागबाट बन्दथ्यो । Right Half मा देवीदत्त र Left Half मा नन्दाबक्स थियो । Right Half /Left Half को बारेमा विस्तृत बनावट यस महलको अन्तमा उल्लेख गरिएको छ । उनले Left Half मा नन्दाबक्सलाई कमाण्ड गरेका थिए ।[156] यहींदेखि यिनी समय–समयमा इतिहासका पानामा देखा पर्न थालेका हुन । वि.सं. १९१४ तदनुसार सन १८५७ को अगस्ट महिनामा यिनी देवीदत्त पल्टनबाट भारतमा घटेको सिपाही विद्रोह (Sepoy-Mutiny) दमन गर्नको खातिर हाल भारतको उत्तर प्रदेशको लखनौतर्फ पुगेको थिए । त्यस अवसरमा भारतको जौनपुरबाट करिव ३६ माईल पर चन्दा भन्ने ठाउंमा लेफ्टिनेन्ट गम्भीरसिंह रायमाझीअन्तर्गतका सेनाहरूसँग भारतीय विद्रोहीहरूसँग घमासानको युद्ध भयो । कारणबस रायमाझी आफ्नो टोलीबाट छुट्टिएर एक्लै परे । त्यसपछि दुश्मनले एक्कासी हमला गर्दा एक्लो गम्भीरसिंह रायमाझीले पाँच जवान तोप हान्ने विद्रोही

१५५ सैनिक संग्रहालय छाउनी, काठमाडौ तथा अवकास प्राप्त रथी दान गम्भिरसिंह रायमाझीसंगको अभिलेखबाट र इतिहासकार पुरूषोत्तम शम्शेर राणासँगको कुराकानीबाट तयार गरिएको हो ।

१५६ सैनिक संग्रहालयको युद्धस्मृति कक्षको अभिलेखअनुसार ।



सैनिकहरूलाई खुकुरीले छपाछप काटी मारे भने कतिलाई धपाए । विद्रोहीको तोप समेत कव्जामा लिएका थिए । दुश्मनको तरवारको चोट लागि रायमाझी सख्त घाइते भएका थिए ।

पेटमा तरवारको चोट लागेकोले गम्भीरसिंह रायमाझी जमिनमा पछारीए । आफ्नो आन्द्राभुंडीको केही भाग पेटमा काटिएको ठाउंबाट बाहीर निस्केकोदेखि उनले आफ्नो पिठ्यु पछाडिको झोलाबाट खाना खाने कचौरा (बटुका) झिकी सो कचौरामा आफ्नो आन्द्राभुंडी हाली सो कचौरा समेत पेट भित्र पसाली, पेट काटिएको ठांउमा पटुकाको व्याण्डेज (Bandage) बाधिं विस्तारै–विस्तारै लड्दै, पड्दै, घिस्रदै आफ्नो क्याम्पमा फर्कि आईपुग्न सफल भए । उनको त्यस्तो हालतदेखि तुरून्त औषधि उपचारका निमित्त उनलाई अस्पताल पुऱ्याई उपचार गराइएको थियो । उनको अदम्य साहस र बहादुरीतालाई सम्मान गर्दै विद्रोह दमन गरी सेना नेपालफर्कि काठमाडौ पुगेपछि प्रधानमन्त्री जंगबहादुर राणाले लेफ्टिनेन्ट गम्भीरसिंह रायमाझीलाई नामको अगाडि "बहादुर" लेख्न र भन्न पाउने (मान) खितावको साथै कप्तानको दर्जा समेत दिए । इष्ट इण्डिया कम्पनी सरकारकोतर्फबाट पनि पदक मात्र पाए । जुन पदक तत्काल विद्रोह दमनको निमित्त भारततर्फ गएका सम्पूर्ण सैनिक जवानहरूले पाएका थिए । उक्त विद्रोह दमन कार्यको नेतृत्व करिव १५००० फौज सहित प्रधानमन्त्री जंगबहादुर राणा आफैले गरेका थिए ।

राणाकालमा तराई, पहाडतर्फको शिकार सवारीहरूमा "बहादुर" गम्भीरसिंह रायमाझी अक्सर खटिन्थे । वि.सं. १९२८ तदनुसार सन् १८७१ नोभेम्बरमा गभर्नर जनरल तथा भायसराय लर्ड मेओको निमन्त्रणामा श्री ३ जंग सोनपुर हरिहर क्षेत्रमा जाँदा कप्तान "बहादुर" गम्भीरसिंह रायमाझी पनि साथै गएका थिए । वि.सं. १९३० तदनुसार १८७३ सम्म यिनी कप्तानकै पदमा थिए । पछि वि.सं. १९३७ तदनुसार सन १८८० मा श्री ३

रणोद्धीपसिंह भारततर्फ तिनधाम तिर्थ गर्न जाँदा यिनी पनि साथै गएका थिए र यिनी त्यस अवसरमा मेजरको पदमा थिए ।

वि.सं. १९४१ मार्ग तदनुसार सन १८८४ नोभेम्बरमा भायसराय लर्ड डफरिन चितवनको जंगलमा शिकारको निमित्त आउँदा पनि उनी गएका थिए । त्यस अवसरमा यिनी मेजर पदबाट पदोन्नति भई लेफ्टिनेन्ट कर्नेलको पदमा थिए । अव यिनी “बहादुर” गम्भीरसिंह रायमाझीबाट “बहादुर कर्नेल” को नामबाट प्रख्यात हुन थाले । श्री ३ वीरको समयमा यिनले फुल कर्नेल (Colonel) को पद पाए । श्री ३ देव र श्री ३ चन्द्रको सुरूको शासनकालसम्म यिनी भरदारी भेलाहरूमा सामेल भएको पाइन्छ । यिनले ४ शाह राजाहरूः राजेन्द्र, सुरेन्द्र, पृथ्वी र त्रिभुवन को साथै ५ राणा प्रधानमन्त्रीहरूः जंगबहादुर, रणोद्धीपसिंह वीर शम्शेर, देवशम्शेर र चन्द्र शम्शेरहरूको पालामा काम गरेका थिए ।

माथि उल्लेखित First Half र Second Half को विवरण निम्नअनुसार छ । नेपालले तत्कालिन बृटिश सरकारलाई सन् १८५७ मा भारतमा भएको सिपाही विद्रोह नियन्त्रण गर्न करिव १५,००० फौज पठाएको थियो । ति खट्टिएका फौजलाई रेजिमेन्ट बनाई, एउटा रेजिमेन्टको मातहतमा २ वटा गण राखी पाश्चात्य पाराले सँगठन खडा गरिएको हो । यो विवरण प्रमुख सेनानी डा. प्रेमसिंह बस्न्यातले आफ्नो अध्ययनको सिलसिलामा संकलन गरेका थिए ।[157]

---

१५७ बेलायतको लण्डमा रहेको बृटिश लाईब्रेरीको India Office R/S/130/pp २४१-२४४ को अभिलेखअनुसार उक्त रेजिमेण्टको विवरण प्रस्तुत गरिएको छ ।






<u>रेजिमेन्ट हेडक्वार्टर बृटिश सरकारले दिएको तलब प्रति व्यक्ति प्रति महिना)</u>

१. प्रमुख सेनानी

| | | | |
|---|---|---|---|
| | (रेजिमेन्ट कमाण्डर) | - १ | रू १८०।- |
| २. | कोते हुद्दा | - १ | रू १६।- |
| ३. | बैद्य (डाक्टर) | - १ | रू ४०।- |
| ४. | पिपा जमदार | - १ | रू ७।- |
| ५. | पिपा हवल्दार | - १ | रू ६।- |
| ६. | नाऊ | - १ | रू ५।- |



<u>राईट हाफ र लेफ्ट हाफ प्रत्येकमा हुने संख्या</u>

| | | | |
|---|---|---|---|
| १. | मेजर कप्तान (गणपति) | - १ | रू १२०।- |
| २. | कप्तान (सहायक गणपति) | - १ | रू ६०।- |
| ३. | लप्टन | - १ | रू ४५।- |
| ४. | ऐडजुटेन्ट (ऐटन) | - १ | रू ३०।- |
| ५. | राइटर | - १ | रू १६।- |
| ६. | सुवेदार | - १० | रू ३०।- |
| ७. | सार्जेन्ट | - १ | रू १५।- |
| ८. | जमदार | - १० | रू १५।- |
| ९. | हवल्दार | - २० | रू ११। - |
| १०. | स्टायन्डर्ड बेरर | - २ | रू ११। - |
| ११. | बहिदार | - १ | रू ९।- |
| १२. | अमल्दार | - २० | रू ९।- |
| १३. | पिवट (Pivat) सिपाही | - ४० | रू ८।- |
| १४. | सिपाही | - ३९१ | रू ७।- |
| १५. | पिपा | - ९ | रू ५।- |
| १६. | ड्रमर तथा बग्लर | - ४ | रू ७।- |
| १७. | लोहार (Ironsmith) | - २ | रू ६।- |

| | | | |
|---|---|---|---|
| १८. | मोची | - १ | रू ६।- |
| १९. | धोवी | - १ | रू ६।- |



## सुबेदार चन्द्रबहादुर कार्की (एम.सि.)[158]



तत्कालीन बृटिश सरकारको सहयोगार्थ नेपाल सरकारले सन् १८५७ देखि सैन्य सहयोग दिन सुरू गरेको थियो । यहि क्रममा सन् १९१७ मा तत्कालीन भारतको उत्तर पश्चिम क्षेत्रमा रहेको नर्थ वेष्ट फ्रन्टियरमा बजिरीस्थानी मुसद नामका एउटा जाति थियो । यी मसुदहरूले पहिले देखि नै अंग्रेज सरकारलाई सताइरहेका थिए । बीसौं शताब्दीको सुरूमा लर्ड कर्जनले उत्तर पश्चिम सिमान्त प्रान्तको सिर्जना गरे जसमा मसुदहरूले बसोबास गरेको क्षेत्र पनि समाले गरिएको थियो । तर मसुदहरूले अंग्रेज सरकारको निर्णयलाई स्वीकार गरेनन् र मौका पाउने बित्तिकै अंग्रेजहरू माथि जाईलाग्न यी मसुदहरूले बांकी राखेनन् । अंग्रेज सरकार प्रथम बिश्वयुद्धमा फंसेको अबसर पारी मसुदहरूले अंग्रेज बिरूद्ध वजीरीस्तानमा पूरा तयार भएर संघर्ष सुरू गरे । जसको फलस्वरूप उनीहरूलाई दमन गर्न अंग्रेज सरकारले पनि कडा कारवाही गर्नु पऱ्यो । यस जाति बिरूद्ध गरिएको सैनिक अभियानमा अन्य पल्टनका अतिरिक्त नेपाली फौजको महिन्द्रदलको सहयोग लिइएको थियो ।[159] मसुदहरूबिरूद्धको अंग्रेजी सैनिक अभियान सन् १९१७ को मार्च महिनामा सुरू भएको थियो र करिब ५ महिनापछि यो अभियान समाप्त भएको थियो । यस अभियानको दौरानमा रैफल पल्टनलाई अंग्रेज फौजको त्रिचालिसौ बृगेडमा सामेल गराइएको थियो । यस अंग्रेजी फौजको

---

१५८ सैनिक संग्रहालय, छाउनी, काठमाडौंको अभिलेखअनुसार ।

१५९ टुकर फ्रान्सिस, *गोर्खा दि स्टोरी अफ द गोर्खाज अफ नेपाल,* (लण्डन : कन्स्टेवल एण्ड कम्पनी, सन् १९४७), पृ. १९४ ।

नेतृत्व मेजर जनरल बियनोन (Beynon) को हातमा थियो र चन्द्र शम्शेरको आदेशानुसार दिल्लीमा रहेका बबर शम्शेरले पनि यस अभियानमा भाग लिएका थिए ।[160]

रैफल पल्टन सम्मिलित भएको बृगेडले श्रवाणी (Shrawani) को घाँटी कब्जा गऱ्यो भने महीन्द्रदल सहितको बृगेड खैसरा (Khaisara) तर्फ अगाडि बढ्यो । यस अभियानपछि मसुदहरूको मनोबल निकै कम भयो तैपनि केही समयसम्म संघर्ष भने चली नै रह्यो र अगष्ट महिनामा मात्रै यस क्षेत्रमा पूर्ण रूपमा अंग्रेजहरूको आधिपत्य कायम भयो । यो अभियान सफल हुनामा महीन्द्रदल र रैफलले ठूलो भूमिका खेलेको तथ्यलाई अंग्रेज अफिसरहरूलगायत स्वयं मेजर जनर बियनोनले पनि स्वीकार गरेका छन् ।[161] उक्त सैनिक कारवाहीमा राइफल पल्टनको भने अति नै राम्रो भूमिका रह्यो । उक्त पल्टनका सुबेदार चन्द्रबहादुर कार्कीले देखाउनु भएको अदम्य सहासको कदरस्वरूप तत्कालीन बेलायत सरकारले उहाँलाई मिलीटरी क्रस (एम.सी.) तक्मा प्रदान गरेको थियो । यस अभियानमा राम्रो काम गरेबापत रैफल पल्टनतर्फ कर्नेल धनबिक्रम राणालाई सि.आई.ई. तथा सुबेदार बखानसिं कुंवरलाई अनरेरी इण्डियन डिस्टींगुइस सर्भिस मेडल (Honorary Indian Distinguished Service Medal) प्रदान गरिएको थियो । नेपाली सेनामा मिलिटरी क्रस पाउने पहिलो व्यक्ति सुवेदार चन्द्रबहादुर कार्की हुन । उनको विस्तृत विवरण पाउन सकिएको छैन् ।

---

१६० प्रेम उप्रेती, *नेपाल: ए स्मल नेशन ईन दी मरटेकस अफ इन्टरनेशनल कन्फ्लिकट्स,* (काठमाडौं : पुगो मी, सन् १९८४), पृ. ६६-६७ ।

१६१ बियनोनबाट चन्द्र शम्शेरलाई पत्र, १२ अगष्ट १९१७, परराष्ट्र मन्त्रालय, इ २, पोका नं. ६३ ।



## जमदार होमबहादुर गुरूङ (एम.सी.)[162]



दोस्रो विश्वयुद्धको समयमा श्री कालीबहादुर पल्टनका जमदार होमबहादुर गुरूङले बर्माको चामु र ससक भन्ने ठाउंहरू हुँदै चिन्डविन नदी पार गरी डिफेन्स पोष्टमा बसेका जापानीहरूमाथि हमलाको योजनाअनुसार रातको ११ बजे आफ्नो नेतृत्वमा एक सेक्सन जवानहरू लगी उत्तम योजना र बहादुरीपूर्वक भीषण संघर्ष गरी शत्रुको डिफेन्स पोष्टलाई बर्बाद गर्न सफल भएकोले बृटिश सरकारले उनको बहादुरीको सम्मानको लागि एम.सी. तक्माले विभुषित गरेको थियो । उनले नेपालबाट पनि थुप्रै तक्माहरू पाएका थिए । पछिल्लो समयमा चितवनको नारायणगढ बजारमा बसोबास गर्नु भएका होमबहादुरको विस्तृत विवरण पाउन सकिएको छैन ।

---

१६२ सैनिक संग्रहालयको विवरणअनुसार ।

## प्रमुख सेनानी जगतबहादुर खत्री (एम.सी.)[163]



भक्तपुर जिल्ला नखेल गा.वि.स. निवासी स्व. रत्नवीर खत्रीका नाति, स्व. इनसेन वीरबहादुर खत्रीका छोरा अवकाश प्राप्त प्रमुख सेनानी (अ.प्रा.प्र.से.) जगतबहादुर खत्री मिलिटरी क्रस (एम.सी.) को जन्म वि.सं. १९७९ आषाढ महिनामा भएको थियो। वि.सं. १९९५ मा नेपाली सेनामा भनां भई दोस्रो विश्वयुद्धमा श्री महिन्द्रदल बटालियनमा हवल्दार पदमा बर्मा लडाइँमा उनले भाग लिएका थिए। जगतबहादुर खत्री बृटिश सरकारबाट एम.सी. र अन्य तक्माहरू तथा नेपाल सरकारबाट नेपाल प्रतापवर्धक, गोरखादक्षिणबाहु र अन्य तक्माहरूद्वारा विभुषित भएका थिए।

द्वितीय विश्वयुद्धमा बृटिश सरकारको सहयोगमा नेपालबाट खटिएको फौजहरूमध्ये श्री महिन्द्रदल गण पनि थियो। श्री महिन्द्रदल गणले नेपालबाट खट्टिएपछि देहरादुनमा विभिन्न तालिममा संलग्न भई पहाडी युद्धकला तालिमको सिलसिलामा नर्थ वेष्ट फ्रन्टियर प्रोभियन्सको दगाई किल्ला मालाकाण्ड किल्ला हुँदै लण्डीकोट पुगेको थियो। लण्डीकोटबाट आसाम आई जंगली युद्धकलाको  तालिममा सरिक भएको थियो। भारतको आसामबाट पैदल हिडाई (फोर्स मार्च) गरी करिब ५०० माईल पूर्वतर्फ अगाडी बढेर बर्माको

१६३ बस्न्यात, पादटिप्पणी संख्या १०, पृ. १३२-३३।



मण्डलेबाट १५/१६ माइल पश्चिममा रहेको सिआई गाउँमा महिन्द्रदल गणले इ.सं. १९४३ को फेब्रुअरी महिनामा (फाल्गुण ३ गते) डिफेन्स लिएको थियो।

उल्लेखित डिफेन्समा रहँदा २६८ बृगेडअन्तर्गत रही श्री महिन्द्रदलले काम गरेको थियो। सिआई गाउँको पूर्वपट्टि करिब ३००/४०० गजमा रेल्वे स्टेशनको र रेल स्टेशनबाट करिब ११०० गजमा पूर्वपट्टि करिब २० फिटको अग्लो ढिस्कोमा भएको सुख्खा नालापछाडि जापानी फौजहरू मजबुत डिफेन्स लिई बसेका थिए। उक्त डिफेन्स लिएका स्थानमा हमला गर्ने योजना गरी श्री महिन्द्रदलले डिफेन्स लिएको १७ औ दिनमा अर्थात् १९४३ मार्च महिना (फाल्गुण २० गते) को दिन श्री महिन्द्रदलको डि. कम्पनीको जमदार जगतबहादुर खत्रीलाई बिहान ०१०० बजे एक पटक र ११००/१२०० बजे दोस्रो पटक गरी जम्मा दुई पटक नहर पूर्वपट्टि डिफेन्स लिई बसेका जापानी फौजको रेक्की (खबर संकलन) गर्न पठाएको थियो। महिन्द्रदलको डिफेन्सबाट करिब  १४/१५ सय गज पुर्वपट्टि रहेका उक्त जापानी फौजको डिफेन्स लिएको स्थानलाई हमला गर्न डि. कम्पनी खट्टिएको थियो।

एउटा गण भित्र विभिन्न कम्पनी (गुल्म) हरू हुन्छन। तिनको नाम ए.बि.सि.डि कम्पनी वा क, ख, ग, घ गुल्म गरि दिएको  हुन्छ। डि. कम्पनी कमाण्डर क्याप्टेन गुप्तबहादुर गुरूङको हमला गर्ने योजनाअनुसार हमला गर्ने एच.आवर (हमला सुरू गर्ने समय) भन्दा २० मिनेट अघिबाट आर्टिलरी र अरू मद्दती हतियारद्वारा सपोर्टिङ फायर गराई डि. कम्पनीले हमला गर्दा जमदार जगतबहादुर खत्रीले नेतृत्व गरेको २८ जनाले जापानी डिफेन्समाथि २० फिट अग्लो ढिस्कोमा बनेको सुख्खा नहरलाई पार गरी हमला गर्नुपर्ने भएकोले बहुतै कठिन कार्य थियो। तापनि सो उचाइको सुख्खा नालालाई पार गरी हमला गरिएकोमा जापानी फौजले जवाफी हमला

गरेको थियो । सो प्रत्याक्रमणलाई विफल पारी ठूलो बहादुरीपूर्वक दुश्मनसित गुथम्-गुथ्था युद्ध करिब ४५ मिनेटको अवधिसम्म युद्ध गरी धेरै दुश्मनहरूलाई नोक्सान पार्न सफल भएको थियो । हमलाबाट फर्केर आउँदा २ जना बिरामी घाइते र १ लाशसमेत लिएर आएको हुँदा अर्को १ लाश उही मुख्य युद्ध स्थलमै छुटेको थियो । सो लाश लिन भोलिपल्ट जमदार जगतबहादुर खत्रीको कमाण्डमा ६ जनालाई पठाई उक्त मृतकको लाश र निजको पर्सनल हतियारसमेत फिर्ता ल्याउने काम गरिएको थियो । यसरी डि. कम्पनीका जम्मा ३ जनाको मृत्यु भएको र दुश्मनतर्फ १७ जना मारिएको थियो । जापानी डिफेन्समा अनुमान गरेको भन्दा धेरै नै बढि फौज तैनाथ गरेको थियो । यसरी अदम्य साहस प्रदर्शन गरी युद्धमा दुश्मनको हमला गर्ने योजनासमेतलाई विफल गरिएकोमा जमदार जगतबहादुर खत्रीलाई बृटिश सरकारबाट एम.सी. तक्माले विभुषित गरिएको थियो ।



## प्रमुख सेनानी गुप्तबहादुर गुरूङ (एम.सी.) [164]



प्रमुख सेनानी श्री गुप्तबहादुर गुरूङ, वि.सं. १९६१ मार्ग १० गते गण्डकी अञ्चल, स्याङजा जिल्ला, बहकोट गा.वि.स. काहुलेमा जन्मनुभएको थियो । उहां सुवेदार मनशाहा गुरूङको नाति र लेफ्टिनेन्ट कर्नेल चित्रबहादुर गुरूङको कान्छा छोरा हुनुहुन्थ्यो । कर्णेल चित्रबहादुर गुरूङले सन् १९१४ को प्रथम विश्वयुद्धमा नेपाली सेनाकोतर्फबाट श्री कालीबहादुर गणको नेतृत्व गरी विशेष भुमिका निवारण गर्नुभएको थियो । श्री कालीबहादुर गणमा गुरूङ जातिलाई मात्र भर्ना गरिने परम्परा लेफ्टिनेन्ट कर्नेल चित्रबहादुरले नै सुरू गर्नुभएकोले अझैसम्म उक्त परम्परा कायमै छ । प्र.से. गुप्तबहादुर गुरूङका छोराहरू रथी कृष्णबहादुर गुरूङ र प्र.से. महेन्द्र गुरूङले नेपाली सेनामा सेवा गर्नु भएको छ ।

इनसानको पदबाट नेपाली सेनामा प्रवेश गर्नुभएका श्री गुप्तबहादुर गुरूङले स्वदेश तथा विदेशमा विभिन्न बहादुरी काम गर्नुभएको थियो । द्वितीय विश्वयुद्धको सिलसिलामा बर्माको म्यान्डले शहरबाट पूर्वस्थित सिआई गाउँमा श्री महिन्द्रदल गणले सन् १९४३ फेब्रुअरी महिनामा डिफेन्स पोजिशन लिएको थियो । उक्त डिफेन्स पोजिशनबाट पूर्वतर्फ भएको अग्लो ढिस्कोमाथि बनेको सुख्खा नहरको पछाडीको किनारामा

१६४ *ऐजन*, पृ. १५२-१५६ ।

जापानीहरूले डिफेन्स लिई बसेको थाहा भएपछि सन् १९४३ मार्च २ (फागुन २० गते) जापानी फौजमाथि हमला गर्ने हेतुले "डि" कम्पनीका जमदार जगतबहादुर खत्री क्षेत्रीको कमाण्डमा उक्त जापानी डिफेन्स पोजिशन इलाकामा बिहान ०१०० देखि ११०० बजे २ पटक रेकी पट्रोल (खबर संकलन) पठाएको थियो । हमलाको योजना तयार भएपछि "डि" कम्पनी कमाण्डर, क्याप्टेन गुप्तबहादुर गुरूङको कमाण्डमा निजको "डि" कम्पनीद्वारा उक्त जापानी फौजको डिफेन्स पोजिशनमा आर्टिलरी र मोर्टारको फायर सर्पोटमा हमला गर्दा जमदार जगतबहादुर खत्री क्षेत्री को २८ जनाको प्लाटुनले अग्लो ढिस्कोमा बनेको अग्लो सुख्खा नहर पार गरी दाहिना दिशाबाट हमला गर्दा जापानी दुश्मनले प्रति आक्रमण गरेको थियो । तापनि सो प्रत्याक्रमणलाई विफल पारी दुश्मनहरूको ठूलो संख्यामा नोक्सानी पुऱ्याई बहुतै बहादुरीपूर्वक युद्ध गरी दुश्मनको डिफेन्स पोजिशनलाई सुरक्षा स्थिति बर्बाद पारेकोमा क्याप्टेन गुप्तबहादुर गुरूङलाई Mention in a Dispatch (M.D.), जमदार जगतबहादुर खत्रीलाई M.C., हुद्दा दलबहादुर भट्टलाई IDSM, सि. सुर्यबहादुरलाई M.M. बहादुरी तक्माले विभुषित गरिएको थियो । यस कारवाहीमा जमदार पछि (प्र.से.) जगतबहादुर खत्रीको बहादुरी अतुलनीय थियो ।

श्री महिन्द्रदल गणले बर्मा फ्रन्टको फलो अप कारवाही (Follow Up Operation) को सिलसिलामा बर्माको सोयावो गाउँ हुदै "आवा" पुल कब्जा गरी म्यान्डलेमा डिफेन्स लिई बसेका जापानीहरूमाथि हमला गरी इन्ड भन्ने ठाउंमा डिफेन्स पोजिशन लिई बसेको थियो । उक्त गणको डिफेन्स पोजिशनलाई जापानी फौजले ठूलो बम्बार्डमेन्ट गरी हमला समेत गरेको थियो । तापनि जापानी हमला विफल भएपछि सोही ठूलो संख्याको जापानी फौजहरू मद्रास रेजिमेन्टको डिफेन्स पोजिशनबाट घुस पैठ गरेकोमा Allied Force को बेइज्जत भएको ठानी सो घुसपैठ गरी छिरेको जापानी फौजलाई एम्बुस थापी बर्बाद गर्ने सम्बन्धित बृटिश



कमाण्डरको योजना भयो । महिन्द्रदल गण "डि" कम्पनीका क्याप्टेन गुप्तबहादुर गुरूङको कमाण्डको कम्पनीलाई उक्त छिरेको जापानी फौजलाई एम्बुस थापी बर्बाद गर्ने जिम्मा दिइएको थियो । एक ज्युदै पक्रिएको जापानी मोटरसाइकल चढ्ने सैनिक हल्कारा (Dispatch Rider) लाई सोधपुछ गर्दा जापानी ठूलो संख्याको फौजको क्रियाकलाप (Move) बारे खबर प्राप्त भएकोले इ.स. १९४५ अप्रिल २० को राति ८/९ बजेको समयमा क्याप्टेन गुप्तबहादुर गुरूङको कमाण्डमा "डि" कम्पनी जापानी फौजकोअगाडि बढ्ने इलाकातर्फ प्रस्थान गरेको थियो ।

"डि" कम्पनी फौज गेडान्किन भन्ने ठाउंमा पुग्दा जापानी फौजको हर्कतबारे जानकारी प्राप्त भएको र समयको अभावले गर्दा सो फौजले खाल्टो तयार नगरी खेतका कान्ला, भित्ता र खुल्ला ठाउं तथा विभिन्न चोर बाटोमा स्टप राखी क्याप्टेन गुप्तबहादुर गुरूङको फौजलाई हतारको एम्बुस थाप्ने काम गराइएको थियो । समयको अभावको कारणले गर्दा एम्बुस टोली रसदपानी विनानै मुभ भई आएको हुँदा एक बृटिश मेजरको नेतृत्वमा केही जवानहरूले राशन पुऱ्याउन आएका थिए तर युद्धको परिस्थितिको कारणले गर्दा उनलाई फिर्ता पठाइएन । एम्बुस पोजिशनमा नै राखिएको थियो । जब जापानी फौजको टोली मार इलाकामा आइपुगे तब एम्बुस पोजिशनमा भएका फौजले फायर खोलेका थिए र धेरै जापानीहरूलाई नोक्सानी पारे । कुनै खाल्डोको आडमा नबसेको फौजले विभिन्न हतियारले सुसज्जित र ठूलो संख्याको जापानी फौजसित ३ घण्टासम्म अन्धकार रातमा, विशाल आत्मबल, साहस र पराक्रम, वीरतापुर्वक गुथ्मगुथ्थाको युद्ध गरी धेरै जापानी दुश्मनलाई हताहत गरी र ज्युदै जापानीलाई पक्रेर जंगी कैदी बनाउनसमेत सफल भएका थिए । त्यस एम्बुस कारवाहीमा आफ्नो पक्षमा ३ जना मृत्यु भएको थियो । दुश्मनको धेरै लाशहरू एम्बुस क्षेत्रमा जतातत्तै थिए ।

त्यस एम्बुस कारवाहीमा क्याप्टेन गुप्तबहादुर गुरूङले दुरदर्शितापूर्वक ठूलो जुक्ति, उच्चस्तरको फौजको नियन्त्रण, सवल नेतृत्व, महान धैर्य, विशाल आत्मबल, साहस र पराक्रमपुर्वक एक सुरवीरताको ज्वलन्त उदाहरण प्रदर्शन गर्दै विजय प्राप्त गरेको प्रत्यक्षदर्शी बृटिश मेजरले भोलिपल्ट बिहानै बाहिनी अड्डामा आई सम्पूर्ण विवरण दिएका थिए । उक्त एम्बुस कारवाही बहादुरीताकासाथ सम्पन्न गरेकोले बाहिनी अड्डाले तुरून्तै क्याप्टेन गुप्तबहादुर गुरूङलाई मिलिटरी क्रस (एम.सी.) सिफारिस गर्ने आदेश भएकोले महिन्द्रदल गणले क्याप्टेन गुप्तबहादुर गुरूङलाई एम.सी. तक्माको सिफारिस गरेको पत्र उनै बृटिश मेजर आफैले लिएर आएका थिए र मिलिटरी क्रस (एम.सी.) द्वारा विभुषित गरिएको थियो ।

बृटिश सरकारबाट एम.सी., एम.डि., वार मेडल, डिफेन्स मेडल, बर्मा स्टार र दि १९३९-१९४५ स्टारबाट विभुषित भई नेपाल सरकारकोतर्फबाट मान्यवर नेपाल तारा, नेपाल प्रतापवर्धक, बहादुर पदक, शुभराज्याभिषेक पदक, रजत जयन्ती पदक, दीर्घ सैनिक सेवा पदक र आसाम-बर्माको लडाई पदक तथा मानपदवी, अलङकार पदकहरूले श्री गुरूङ विभुषित हुनुहुन्थ्यो । २००२ साल फागुन महिनामा भारतको दिल्लीमा आयोजित ख्अतयचथ एबचबमभ समारोहमा पनि ले.क. गुप्तबहादुरले भाग लिनुभएको थियो । साथै २००८ सालमा भएको डा. के.आई. सिंह पर्वमा अतिनै सराहनीय रूपबाट योगदान पुर्‍याउनु भएका प्रमुख सेनानी गुप्तबहादुर गुरूङले सैनिक सेवाबाट अवकाश प्राप्त भएपछि तत्काल धौलागिरि अञ्चल, गुल्मी जिल्लाको बडाहाकिमको पदमा नियुक्ति भई जिल्ला प्रशासन कार्यसमेत सफलतापूर्वक सञ्चालन गनुभएको थियो । प्रमुख सेनानी श्री गुप्तबहादुर गुरूङ एम.सी. को वि.स. २०४५ वैशाख १० गते ८४ वर्षको उमेरमा देहवासन भएको थियो ।



## प्रमुख सेनानी शैलेन्द्रबहादुर महत (एम.सी.)[165]



श्री शैलेन्द्रबहादुर महत बागमती अञ्चल, नुवाकोट जिल्लाको खोलेगाउँमा वि.स. १९७६ मा जन्मनु भएको थियो। उहाँको बाजे मेजर कप्तान नारायणबहादुर महतले श्री ३ देव शम्शेरको हजुरिया भई काम गरी पछि पू. १ नं. चौतरा र प. १ नं. नुवाकोटमा बडाहाकिमसमेत भई काम गर्नुभएको थियो भने बुबा महेन्द्रबहादुर महत प्रधान न्यायालयको न्यायाधीश हुनुहुन्थ्यो । मानार्थ महासेनानी श्री महतका भाईहरूमा अ.प्रा. प्रमुख सेनानी मेधेन्द्रबहादुर महत तथा स्व. बुधरेन्द्रबहादुर महत हुनुहुन्छ । श्री महतको विवाह काभ्रेपलाञ्चोक भुगदेउ गाउँ निवासी सुवेदार धर्मध्वज थापाको छोरी अमृता थापासँग भएको थियो ।

श्री शैलेन्द्रबहादुर महतले वि.सं. १९९६ भाद्र ५ गते श्री शेर गणको ७ पट्टी, नं. ३ हुद्दामा भर्ना हुनुभई शेर गणबाट नै दोस्रो महायुद्धमा भाग लिनुभएको थियो । जापान जस्तो शक्तिशाली फौजको विरूद्ध र अतिनै प्रतिकुल परिस्थितिमा पनि शेर गणले बडो बहादुरीतासाथ काम गरेको थियो । त्यतिखेरको खासस्थितिलाई पुनः स्मरण गर्दा श्री महतले शेर गणलाई “बहादुर शेर” को उद्‌गार व्यक्त गर्नु भएको थियो । शेर गणले मरिमेटेर काम गरेको तथ्यलाई प्रकाश नगरी प्रतिकुल परिस्थितीमा पनि शेर गणले बडो बहादुरीका साथ काम गरेको

---

१६५ *ऐजन,* पृ. १३४-१३५ ।

थियो तर अन्य पल्टनका गफाडि अधिकृतहरूको हल्लालाई मात्र प्रचार-प्रसार गरिनुमा उहां बिल्कुलै सहमत हुनु भएन । उहाँको भनाईमा महेन्द्र दल कमाण्ड गर्ने राणा भएका र आ-आफ्नो महत्व बढाउन कर्नेल क्षेत्र विक्रम राणाले महेन्द्रदल पल्टनलाई अंग्रेज गभर्नर जनरल माउण्ट बेटनले “दि फेमस” टाईटल दिएको भन्ने गफ लगाएको र बर्मा फ्रन्टमा लड्ने कुनै पनि पल्टनलाई कुनै पनि टाईटल नदिएको समेत बताएका थिए ।

तत्कालीन बृटिश सरकारको अनुरोधमा नेपालबाट खटि गएको पल्टनहरूमध्ये श्री शेर बटालियन पनि रहेको थियो । सन् १९४४ अप्रिल ५ तारिखका दिन भारतको नागाहिल डिष्ट्रिक (नागाहिल जिल्ला) को ट्रेजरी हिल कब्जा गर्ने बहादुरी काम शेर बटालियनको “बि” कम्पनीले गरेको थियो । सोही “बि” कम्पनी ट्रेजरी हिल कब्जा गर्न दुश्मन विरूद्ध अगाडि बढ्दै जाँदा उक्त कम्पनीको नं. ११ सेनामुख (से.मु.) पति सुवेदार शैलेन्द्रबहादुर महत मातहतका सेनाहरू अचानक दुश्मनको एम्बुसमा पर्न गए । बडो आपतको बेलामा पनि महतले धैर्यताकासाथ दुश्मन विरूद्धको कारवाही गरी दुश्मनलाई सखाप पारे । मिर्मिरे उज्यालो नहुँदै महतको नेतृत्वद्वारा ट्रेजरी हिल कब्जा भएरै छाड्यो । जुन घटना अंग्रेजहरूको लागि जादु गरेको झैं भयो । यस बहादुरी बापत महतले बृटिश सरकारकोतर्फबाट एम.सी. तक्मा पाउनुभएको थियो भने महतले नेपाल सरकारकोतर्फबाट नेपाल प्रताप बर्धक, नेपाल तारा, त्रिशक्तिपट्ट जस्ता उच्च तक्माहरू पाउनुभएको थियो । लामो सैनिक जीवनपछि पनि उहाँले प्रशासक भई नेपालको विभिन्न जिल्लामा काम गर्नु भएको थियो । श्री श्रीनाथ गणको गणपति छँदा कान्तिराजपथ (टिकाभैरब बाटो) निर्माण कार्य र उत्तरी सिमा प्रशासक हुदा मुस्ताङ जिल्लामा भएको खम्पा निशस्त्रीकरण कार्यमा उहाँको अतुलनीय योगदान रहेको छ ।



## सहायक-रथी दयाबहादुर खाँड (एम.सी.) [166]



ललितबहादुर खाँडका नाति, गोविन्दबहादुर खाँडका छोरा सहायक-रथी दयाबहादुर खाँड वि.सं. १९७१ आषाढ १० मा तानसेन पाल्पामा जन्मनु भएको थियो । वि.स. १९९४ वैशाख ६ गते सिधै सुबेदार पदमा नियुक्ति भई सहायक-रथीसम्म पदोन्नति भएर २०२२ साल आश्विन १५ गते उहाँले अवकाश प्राप्त गर्नु भयो र २०४१ कार्तिक ३ गतेका दिन उहाँको स्वर्गारोहण भएको थियो ।

बृटिश सरकारको अनुरोधमा वि.स. १९९६ फाल्गुण २१ गते श्री महिन्द्रदल गण हिन्दुस्थानतर्फ प्रस्थान गरेको थियो । पल्टनले देहरादुनमा केही ट्रेनिङ लिई नर्थवेस्ट फ्रन्टिएरमा माउन्टेन वारफेर ट्रेनिङको लागि दगांई गएर, मालाकाण्ड, नौसेरामा पनि ट्रेनिङ गरी रामगढ आएको थियो । पछि फेरि बंगालमा आई त्यहाँबाट आसाम गएर बसी बर्माको फ्रन्टमा जापानी विरूद्ध लड्न गएको थियो । आसामको विष्णुपुर ट्र्याक (Track) मा उक्त पल्टन बसेको थियो । बर्माको सन्जी-नाक स्थानमा रहेको दुश्मनको डिभिजन हेडक्वार्टरमा हमला गर्नु थियो । जसमा क्याप्टेन दयाबहादुर खाँडकै कम्पनी खटिएको थियो । यस लडाइँमा गएको कम्पनीलाई चारैतर्फबाट दुश्मनले घेरामा हालेका थिए । तर कम्पनी कमाण्डरको कुशल रणनीतिबाट उल्टै दुश्मनलाई नै घेरामा पारेर सो ठाउंमा हमला गरी आफूलाई दिएको टास्क (काम)

१६६ ऐजन, पृ. १५१ ।

सफलताका साथ फत्ते गरेबापत उनलाई “मेन्सन इन ए डिसप्याच” द्वारा कदर गरिएको थियो । त्यस्तै मायोटा नामक डिस्ट्रिकको रेल्वे स्टेशनमा दुश्मनसँगको भिडन्तमा उनले देखाएको बहादुरीको कदरस्वरूप उनलाई बृटिश सरकारले एम.सी. तक्मा प्रदान गरेको थियो । उनी स्वदेशमा नेपाल प्रतापवर्धक, नेपाल तारा तथा अन्य पदक तथा अलङ्कारहरूद्वारा विभुषित भएका थिए । उनी २०१४ सालमा श्री कालीबहादुर बटालियनको कमाण्डिङ अफिसर (सि.ओ.) पनि भएका थिए ।



## सहायक-रथी चुत्रबहादुर थापा (एम.सी)[167]



सहायक-रथी श्री चुत्रबहादुर थापाको जन्म ललितपुर जिल्लाको इमाडोल गाउँमा वि.स. १९७२ चैत्र ७ गते आइतवारको दिन भएको थियो । उहाँको बाजे कुलमानसिंह थापा, बुबा गुञ्जमानसिंह थापा र आमा इन्द्रकुमारी थापा हुनुहुन्थ्यो । पाटन फर्पिङ पिखेल निवासी सार्जेन्ट उदयबहादुर थापाकी छोरी मीनालक्ष्मीदेवीसँग उहाँको विवाह भएको थियो । सहायक-रथी श्री थापाका ३ छोरा र ३ छोरीहरू छन् । उहाँको छोरा श्री ५ महाराजाधिराज वीरेन्द्रवीर विक्रम शाहको ए.डि.सी. उपरथी ताराबहादुर थापा र नाती प्रमुख सेनानी सागरबहादुर थापाले नेपाली सेनामा सेवा गर्नु भएको छ ।

श्री चुत्रबहादुर वि.स. १९९० पौष २२ गते (१९३४ जनवरी ६ तारिख) नेपाली सेनाको सिपाहीमा भर्ना हुनु भई पाँच वर्षसम्म सिपाहीमै रही १९९६ साल असोजमा हुद्दा (हवलदार) मा पदोन्नति हुनुभएको थियो । उहाँको निवासस्थान काठमाडौं जिल्लाको नक्साल नारायण चउरमा दोस्रो विश्वयुद्धमा उहाँले एम.सी. पाउनको बहादुरीबारे २०५३।५।१५ गते लेखकले सोधपुछ गर्न जाँदा उहाँ साह्रै नै बिरामी हुनहुन्थ्यो । झण्डै-झण्डै मृत्युसैयामा हुनुभएको जस्तो देखिने बहादुर लडाकु श्री थापाले सकी नसकी दिनुभएको मौखिक र लिखित विवरणअनुसार उहाँले MC पाउनाका कारणहरू र लडाइँको विवरण तल दिइएको छ ।

---

१६७ *ऐजन*, पृ. १३६ -१४३ ।

तत्कालीन नेपालको एक मात्र र अति घनिष्ठ मित्र अंग्रेजहरूको मागबमोजिम र नेपाल सरकारको निर्णयमुताविक दोस्रो विश्वयुद्धमा अंग्रेजको पक्ष लिई नेपालले सैनिक सहयोग दिने भयो जसमा नेपालबाट २ बृगेड (८ बटालियन) फौज पठाइयो । त्यसमध्ये श्री कालीबहादुर गण पनि तत्कालीन कर्नेल तथा वर्तमान अतिरथी फिल्ड मार्शल श्री नीरशम्शेर राणाका नेतृत्वमा खटिएको थियो । सोही पल्टनको डि कम्पनी, नम्बर १ प्लाटुनको नम्बर १ सेक्सन कमाण्डर भई श्री थापा वि.सं. १९९६ माघ महिना तदनुसार सन् १९३९ को फेब्रुअरी महिनामा हिन्दुस्तानको अवतावाद काकुल भन्ने ठाउंमा रेल मार्गबाट रवाना हुनुभएको थियो ।

नेपाली पल्टनलाई सैनिक तालिम दिनको लागि बृटिश गोर्खा राइफलका तल्ला तहका कमाण्डरहरू र तालिमको सुपरभाइजरको लागि कप्तान मुलाले, छैटौ गोर्खा राइफलका कप्तान म्यालकलिनहरू आएर कालीबहादुर गणलाई विभिन्न किसिमका सैनिक तालिमको साथै बडो कडाइकासाथ पेशावर भन्ने ठाउंमा लगियो । त्यहाँ गर्मी, जाडो, भोक, प्यास, निन्द्रा खप्नसक्ने खालका युद्धकला, हमला गर्ने र डिफेन्स पोजिसनमा रहँदा आफ्नो बचाउ राख्ने, ओभर हेड प्रोटेक्शन सहितका बङ्कर र ट्रेन्चहरू खन्ने र बनाउने आदि कामको कडा तालिम दिइयो । त्यसै बेलामा पल्टनको प्रमोशन हुँदा वि.स. १९९८ अषाढ ३२ गतेका दिन श्री थापा जमदारमा प्रमोशन भई “ए” कम्पनीको नम्बर एक प्लाटुनको, प्लाटुन कमाण्डर हुनुभयो । त्यहाँ काम गर्दा गर्दै अचानक उहाँको डिफेन्स पोजिशनको पूर्वतर्फबाट बृटिश सरकारको विरूद्ध जापानी फौजहरूले हमला गरे ।

मलाया, सिँगापुर, बर्मा आदि बृटिश सरकारका अधीनमा रहेका मुख्य-मुख्य ठाउंहरू र उक्त ठाउंमा सुरक्षा गर्न राखिएका बृटिश सेनाहरूलाई जापानी फौजले कब्जा गरेको हुनाले कालीबहादुर गणलाई सन्



१९४१ को जनवरी महिनामा पुर्व आसाम मणिपुरतर्फ रेल मार्गबाट प्रस्थान गराई मनिपुरको पलेल भन्ने ठाउंमा क्याम्प गरेर राखियो । त्यहाँबाट शत्रुहरूको गतिविधि बुझ्ने, बर्माबाट आएका शरणार्थीहरूलाई सहयोग गरी पहाडको बाटोदेखि मणिपुरको शरणार्थी क्याम्पसम्म ल्याइदिने र बर्मा तर्फजाने बाटो बनाउने काममा लगाइयो । सो समयमा पल्टनको सुपरभाइजर काम गर्ने ले.क. अंग्रेज डब्लु. एफ. स्कर्ट उमेरको हदले एक्टिभ एरियामा जान नमिल्ने भएकोले उहांको ठाउंमा गोर्खाली पल्टनकै बृटिश अफिसर ले.क. क्याम्पवेल आए । त्यतिकैमा जापानी फौजहरू बर्माको चिनउइन नदी पार गरी आसाम मणिपुरतर्फ आउने पहाडका विभिन्न बाटो हुंदै मणिपुर कोहिमातर्फ बढ्दै र हमला गर्दै आएका हुनाले श्री कालीबहादुर गणलाई पलेल क्याम्पबाट लैठान रोडको जंगली बाटो गरी आउने शत्रु सेनाहरूलाई रोकथाम गर्नको लागि सन्सक पहाडतर्फपठाइयो ।

केही समयसम्म ककचिङ भन्ने ठाउंमा क्याम्प गरी बन्दोबस्त गरिरहेकै बेलामा सन् १९४३ मार्च ३ तारिखका दिन श्री कालीबहादुर गणका अफिसर कमाण्डिङ कर्णेल नीरशम्शेर राणा मेजर जनरलमा प्रमोशन हुनुभई नेपाली रेजिमेन्टको नं. १. ब्रिगेडको लिहाजो (सम्पर्क) जर्नेल हुनु भएर नर्थ वेष्ट फ्रन्टीएरको रावलपिण्डि भन्ने ठाउंमा जानुभयो । त्यसपछि पल्टनको कमाण्डिङ मा ले.क. बलदेवशम्शेर राणा भए । श्री कालीबहादुर पल्टन सन्सक, चामु, चसद् भन्ने पहाडमा गई डिफेन्स गरी शत्रुहरूको गतिविधि बुझी शत्रुहरू डिफेन्स पोजिशनतर्फ बढ्दै आएको सुराक पाइयो । श्री कालीबहादुर गणलाई पनि एकत्रित गरी पुरै पल्टन सन्सकको डिफेन्स पोजिशनमा जम्मा गरिरहेका बेला शत्रु पक्षले उनीहरूमाथि हमला गरेको हुनाले सात दिनसम्म शत्रुसँग घमासानको युद्ध भयो । त्यही बेला आफनो डिफेन्स पोजिशनलाई जापानीहरूबाट कब्जा गर्न र अगाडि बढ्नसमेत नदिई रोक्ने काम गरेकोले जमदार होमबहादुर गुरूङले एम.सी. प्राप्त गर्नुभएको थियो । सोही समयमा १६२ ब्रिगेडबाट कुनै किसिमका सहयोग प्राप्त गर्न नसकी ब्रिगेडले सहयोग दिन नसक्ने भई

उक्त पल्टनलाई आफुखुशी सन्सकको पोजिशनबाट पछाडि हटेर आई मनिपुरको ककचिङ भन्ने ठाउंमा जम्मा हुनु भन्ने ब्रिगेड कमाण्डरको आदेश आयो । अब सन्सकको पोजिशनबाट ट्याक्टिकल तरीकाले फिर्ता भै भयानक अग्ला पहाडको बाटो पार गर्दै आउदा स्थानीय जनताहरूको पुर्ण सहयोग पनि पाए । हप्तौ दिनपछि केही जवानहरूलाई गुमाएर ककचिङ भन्ने ठाउंमा उक्त गण एकतृत भयो ।

त्यसपछि केही दिनसम्म आराम गरी नपुग भएको हातहतियार तथा लत्ताकपडा पुरा गरेर उक्त गण ५ डिभिजनको २५ औं ब्रिगेडमा समावेश भयो र सिताकोपी भन्ने ठाउंमा बृटिश सेनाहरूलाई रासन पानी सप्लाई गर्ने काम गरी बर्मातर्फजाने "तामु रोडको" बाटोतर्फ अगाडि बढ्यो । यसरी बढ्दै जांदा बीच बाटोमा पर्ने सेनाम टेंगोफल र लङ ट्री हिल भन्ने ठाउंको अग्ला पहाडमा शत्रु पक्षका सेनाहरूले डिफेन्स लिई, कब्जा गरी बलियो पोजिशन बनाई बसेका हुनाले निकै समयसम्म हाम्रो पुरै ब्रिगेड अगाडि बढ्न सकेन । त्यहीं रोकिन गई दुश्मनको फायरबाट हाम्रो ब्रिगेडले प्रशस्त मात्रामा गोलीगट्ठा, बमहरूका साथै थुप्रै व्यक्तिहरू पनि गुमाउनु परेको थियो ।

पलेल भन्ने ठाउंको हाम्रो हवाई मैदानलाई शत्रु सेनाको डिफेन्स पोजिसन रहेको लङ ट्री हिलबाट सजिलैसँग रजिष्टर गरी आर्टिलरी र फोरइन्च मोर्टरका बमहरूबाट मार गर्न सक्ने स्थिति थियो । त्यसकारण हाम्रो तर्फको हवाइजहाजहरू पलेलको हवाई मैदानबाट उड्न र अवतरन गर्न ज्यादै कठिन परी कतिपय हवाइजहाजहरूको नोक्सानी समेत भइसकेको थियो । "लङ ट्री हिल" र "टेंगोफल" भन्ने ठाउं कालीबहादुर गणको जिम्मेवारी एरियामा परेको थियो । शुत्र पक्षको सबैभन्दा अगाडिको र खतरनाक डिफेन्स पोजिशन "लङ ट्री हिल" का शत्रुहरूलाई मार्ने र भगाउने काम गरी उक्त पोजिशन कब्जा गर्नुभन्ने बटालियन कमाण्डरबाट



"ए" कम्पनी कमाण्डरलाई आदेश प्राप्त भयो । आदेशअनुसार कम्पनी कमाण्डरले पनि तत्काल जमदार चुत्रबहादुरलाई उनंका मातहतका सेनाहरू सहित खटाई "लङ ट्री हिल" मा डिफेन्स लिई बसेका शत्रुहरूलाई बर्बाद गरी उक्त पोजिशन कब्जा गर्नुभन्ने आदेश भयो । जमदार चुत्रबहादुरले आफनो मातहतका बहादुर सेनाहरूलाई साथमा लिएर सन् १९४३ को जुन ११ तारिखका दिन हमला गर्ने योजनाअनुसार पूर्ण तयार गरी आफुले कब्जा गर्नुपर्ने अब्जेक्टिभतर्फ एडभान्स गर्दै जांदा आई पर्ने दुस्मनको बाधालाई पार गरी अगाडि बढ्ने योजना बनाई सोहीबमोजिम आदेश दिनुभयो । तोकिएको समयमा अगाडी बढी शत्रुहरूको पोजिशन लङ ट्री हिलतर्फ लुकिछिपी छिटो चालमा अगाडि बढ्दै जांदा शत्रु सेनाको पोजिशनदेखि करिब तीन सय गजको दुरीसम्म पुगी डेड ग्राउण्ड (दबेको जमिन) परेको ठाउंमा सेनाहरूलाई अलराउण्ड डिफेन्स पोजिशनमा राख्नुभयो । त्यसपछि उनलें दुई जवान स्कर्टलाई साथमा लिएर त्यस ठाउंको भु-बनावटको साथै शत्रुहरूको गतिविधि, संख्या र कमजोरी पक्षको खबर सङ्कलन गरे । उहांले बडो धैयपुर्वक आफुले सिकेका युद्धकलाबमोजिम हमला गर्ने तरिकालाई निश्चित ढंगले सोच विचार गरेर छिटो हमला गर्ने योजना बनाएका थिए ।

त्यस बेला शत्रुसेनाहरू आ-आफना हातहतियार र इक्युप्मेन्टहरू एक ठाउंमा जम्मा गरी सेन्ट्रीहरूको रेखदेखमा छोडेर डिफेन्स पोजिशनलाई अझै बलियो बनाउने उद्देश्य लिएर रूखहरू काटेर ल्याई ओभर हेड प्रोटेक्शन सहितका बंकर र ट्रेन्चहरू बनाउन लागेका थिए । सोही मौका छोपी उनले बनाएको एट्याक प्लानबमोजिम आफ्ना बहादुर सेनाहरूलाई "छिटोसँग अगाडि बढ्ने र शत्रुहरूलाई मारेर दुश्मनको पोजिशन कब्जा गर्ने" भन्ने आदेश दिई मध्यदिनमै अचानकसँग दिनको हमला गरी शत्रुहरूको डिफेन्स पोजिशनभित्रै पसेर २० जनाभन्दा बढी शत्रुहरूलाई मारी बांचेकाहरूलाई भगाई उक्त पोजिशन र थुप्रै हातहतियार

कब्जासमेत गरे । अब आफ्नो सेनाहरूलाई उनले अलराउण्ड डिफेन्स पोजिशनमा राख्नुभयो । त्यसको केही समयपछि नै लङ ट्री हिल नजिकैको टेंगोफल भन्ने ठाउंको शत्रुको पोजिशनबाट उहांका सेनाहरूमाथि मेसिनगन र फोरइञ्च मोटारहरूबाट जोडतोडकासाथ फायर गरी जापानीहरूले प्रत्युतर हमला गरे । उनीसँग भएको फायरपावर पनि कम भइसकेको र सेनाका दुई जवान सिपाही पनि शत्रुको मारबाट घाइते भइसकेकोले उक्त पोजिशन धान्न नसक्ने ठहराई ले व्याक पोजिशनमा (बैकल्पिक युद्ध स्थल) फिर्ता भए । घाइते दुईजनालाई साथमा लिई पछाडि हटेर सबै फौज सकुशल कम्पनी हेडक्वाटरको डिफेन्स पोजिशनमा आइपुगे । सोही विवेकी, बहादुरी र जोखिमपुर्ण कार्य गरेको कदरस्वरूप बृटिश सरकारबाट श्री चुत्रबहादुर थापालाई एम.सी. को बहादुरी पदक, घाइते भएका दुईजनालाई एम.एम. (मिलिटरी मेडल) पदक तथा सहायक (टु आई सी) हवलदार एकजना र सेक्सन कमाण्डर अमलदार एकजनालाई मेन्सन डिस्प्याच तक्माको बहादुरीसमेत प्राप्त भएको थियो ।

त्यसपछि बर्मातर्फ जाने "तामु रोडको" बाटो ५ औं डिभिजनको पुरै शक्ति लगाई खुला गरियो । साथै २५ औं ब्रिगेडले, भागेर पछाडि हटेर गइरहेका शत्रु सेनाहरूको पिछा गर्दै "यु रिभर" (U River) पार गरी चीनडउइन नदीको अग्लो किनारा "हैलौं" भन्ने ठाउंसम्म पुगे । त्यहां भएको बन्दरगाहबाट भागी जाने शत्रुसेनाहरूलाई बर्बाद गर्ने र भाग्न नदिने ल्बकिंग पोजिशन तयार गरी फौजहरू बसे । सैनिक कारवाहीबाट थकित श्री कालीबहादुर गणलाई बृटिश सरकारको भारतीय सेना मध्यको "चमार" भन्ने बटालियनले बदला गरेको हुनाले त्यहांबाट पुरै पल्टन पछाडि हटी बंगलादेशको "कोमिला" भन्ने ठाउंमा आई आराम तथा साधारण परेड गरी बस्यो । सोही बेला जापान सरकारबाट युद्ध रोक्ने घोषणा भएको हुनाले युद्ध बन्द भएको खुशीयालीको परेड पनि कोमिलामानै मनाएर नेपाली पल्टन आफ्नो देश नेपालतर्फ फर्कने क्रममा डिपो रहेको



ठाउं मजफरपुरमा आएर बृटिश सरकारबाट बिदावारी भयो । वि.सं. २००१ श्रावण ३ गते तदअनुसार सन् १९४६ अप्रिल १९ का दिन नेपाली फौज विश्वयुद्धबाट फर्केर आएको थियो । उक्त सैनिक कारवाहीमा कालीबहादुर गणबाट वीरगती पाउनेहरूको विवरण आसाम, कोहिमा र इम्फाल मणिपुरको सिमेट्रीमा उल्लेखीत भए अनुसार निम्न छ :-

**कोहिमा सिमेट्री** : हुद्दा कृष्णबहादुर गुरूङ, हुद्दा मानबहादुर गुरूङ, हुद्दा रत्नबहादुर गुरूङ, लेस नायक मानबहादुर गुरूङ, सीपाही इन्द्रबहादुर गुरूङ, सीपाही लालबहादुर गुरूङ, सीपाही मुक्तबहादुर गुरूङ

**इम्फाल सिमेट्री** : जमदार तेजबहादुर थापा, सीपाही बम्बबहादुर गुरूङ, सीपाही वीरध्वज गुरूङ, सीपाही धनु गुरूङ, सीपाही तेजबहादुर गुरूङ, सीपाही कुलबहादुर गुरूङ, सीपाही पद्मबहादुर गुरूङ, सीपाही शेरबहादुर खत्री, सीपाही तेजबहादुर गुरूङ, सीपाही कृष्णबहादुर गुरूङ, नन कम्बान्डियन्ट र्वव नाथ

**अन्य पल्टनहरूबाट मृत्यु हुनेहरूको कुल संख्या :**

| | | | |
|---|---|---|---|
| (क) | महेन्द्रदल गणका | - | १४ जना |
| (ख) | शेर गणका | - | २१ जना |
| (ग) | पायनियर गणका | - | १७ जना |

**नेपाल फर्केपछिको विवरण**

त्यसपछि वि.स. २००३ चैत्र २८ गते, सन् १९४७ अप्रिल १० का दिन श्री चुत्रबहादुर थापा सुवेदारमा प्रमोशन भएका थिए । उनको अनुशासन, बहादुरी तथा कर्तव्यपरायणतालाई मुल्याङ्कन गरी वि.स. २००७ पौष २९ गते (सन् १९५१ जनवरी ७) का दिन श्री थापा सेकेण्ड लेफ्टिनेन्टमा कमिशन हुनुभयो । वि.स. २००८ वैशाख १ गते (सन् १९५१ जुलाई ७) को दिनबाट कालीबहादुर पल्टन रोयल गार्डको लागि नारायणहिटी राजदरबार प्रवेश गरेको हो । त्यही वर्ष आषाढ २२ गते (सन् १९५१ सेप्टेम्बर ७) का दिन राजा त्रिभुवनबाट उनको वंश वगाले थापाहरूको कदरस्वरूप उनलाई डबल प्रमोशन गरी सेकेण्ड लेफ्टिनेन्टबाट कप्तान दर्जा र पल्टनको एड्जुटेन्ट अफिसर पद पाएका थिए । उहांको कार्यशैली राम्रो भएको हुनाले राजाबाटै वि.स. २००९ भाद्र ३ गते (सन् १९५२ अगस्त १९) मा उक्त पल्टनको टु.आई.सी. र मेजर दर्जामा पदोन्नति पाउनु भयो ।

सेनानीबाट राजाको ए.डि.सी. भै ३४ वर्षसम्म नेपाली सेनाको अविच्छिन्न सेवा गरी २०२३ साल वैशाख ५ गते (सन् १९६६ अप्रिल १९) मा सहायक रथीको दर्जाबाट निवृत्तिभरणमा अवकाश भए । २०३१ सालको असोजमा दोस्रो विश्वयुद्धको आसाम बर्मा फ्रन्टमा वीरगति प्राप्त गर्ने श्री कालीबहादुर, श्री महेन्द्रदल र श्री शेर पल्टनका अफिसर, जवानहरूको चीहान (सीमेट्रि) मा श्रद्धान्जली अर्पण गनं. उनको नेतृत्वमा ३ जना अफिसरसहित आसाम, मणिपुर, कोहिमाको सीमेन्ट्रीमा गएर उनले युद्ध गर्दा शत्रुसँग लडेका ठाउं (विशेषतः एम.सी. प्राप्त गरेको) लङ ट्री हिल, सेनाम, टेंगोफल सन्सक आदि पुनरावलोकन गरी शहीदहरूले वीरगति प्राप्त गरेको ठाउंमा माल्यार्पण र श्रद्धान्जलि अर्पण गरी स्वदेश फर्केका थिए । त्यसै गरी सहायक-रथी श्री थापा १९ र २० अगस्त १९९५ को दिन बेलायतको लण्डनमा आयोजित द्वितीय विश्वयुद्धको समाप्तिको ५० औं वार्षिकोत्सव तथा ख्अतयचथ इखभच व्बउबल म्बथ ९ख्व म्बथ० कार्यक्रममा नेपाली सेनाको तर्फबाट द्वितीय



विश्वयुद्धमा लडेका ध्बच खभतभचबलक को रूपमा प्रतिनिधित्व गर्न गएका थिए । अ.प्रा. उपरथी क्षेत्रविक्रम राणा लगायत अन्य दर्जासमेत गरी जम्मा ५ जना उक्त कार्यक्रममा गएका थिए । वि.स. २०५३ कार्तिक ५ गते विजयादशमीको दिन बिहान १०:३० बजे वीर योद्धा सहायक-रथी चुत्रबहादुर थापाको देवसान भएको थियो ।

२०३८ साल बैसाखबाट राज सभाको सदस्य समेत हुनु भएका सहायक-रथी चुत्रबहादुर थापाले पाउनुभएका पदक तथा तक्माहरूमा प्रसिद्ध प्रवल गोरखादक्षिणबाहु, प्रसिद्ध मान्यवर नेपाल तारा, प्रसिद्ध त्रिशक्ति पट्ट, नेपाल प्रतापवर्धक, बहादुरी मेडल, श्री ५ महेन्द्र राज्याभिषेक पदक, श्री वीरेन्द्र राज्याभिषेक पदक र दीर्घ सेवा पदक । त्यसै गरी विदेशीमा एम.सी. पदक, सी.भि.ओ. मेडल, सन् १९३९ देखि १९४५ सम्मको मेडल, सन् १९३९ देखि १९४५ सम्मको स्टार, डिफेन्स मेडल र बर्मा स्टार रहेका छन ।

## प्रमुख सेनानी श्री बलबहादुर सिलवाल (एम.सी.)



काठमाडौं जिल्ला, थानकोट वनस्थली निवासी स्व. रणशुर सिलवालका नाति स्व. भक्तवीर सिलवालका छोरा तत्कालीन कम्पनी कमाण्डर क्याप्टेन बलबहादुर सिलवालको जन्म वि.सं. १९६१ चैत्र ७ मा जन्म भई १९ वर्षको उमेरमा नेपाली सेनामा भर्ना भएका थिए । लेफ्टिनेन्ट कर्नेलको दर्जासम्म पदोन्नति भई श्री श्रीनाथ बटालियनको पहिलो कमाण्डिङ (गणपति) हुनु भयो । ३२ वर्षसम्म अविच्छिन्न नोकरी गरी सेनाबाट निवृत्तिभरणमा जीवन बिताई ८१ र्वषको उमेरमा २०४२ फाल्गुण १८ गते उनको स्वर्गारोहण भएको थियो ।

द्वितीय विश्वयुद्धमा लडाइँ लड्दा बृटिशको नं. २६८ बृगेड कमाण्डरको आदेशअनुसार बर्माको अनामियो नजिक नाटमी भन्ने स्थानमा महिन्द्रदल पल्टनको बि. कम्पनीमा करिब ८० जवान फौजले जापानी सेनाको दुई मिडियम ट्याङ्क, ए.टी. काटुनहरूसहित करिब ६०० जवानको फौजफिर्ता हुने क्रममा १९ मे १९४५ को राति २१०० बजेदेखि २३०० बजेको समयभित्र दुश्मनलाई एम्बुस थापी आफ्नोतर्फबाट १ जवान पनि नोक्सान नगराई जापानीतर्फ अन्दाजी ५७ जवानको मृत्यु, ८० जवान घाइते गराई अप्रेशन सफल गराए बापत एम.सी., बर्मा लडाइँ पदक, बर्मा स्टार, जस्ता विभिन्न पदकहरूद्वारा क्याप्टेन सिलवाल विभुषित हुनु भएका थिए । साथै स्वदेशबाट पनि नेपाल प्रतापवर्धक, मान्य नेपाल तारा र अन्य पदकहरूबाट विभुषित भए ।



उनको छोराहरू प्र.से. झंकबहादुर सिलवाल, प्र.से. अमिर सिलवाल र सेनानी राजेन्द्र सिलवालले नेपाली सेनामा सेवा गर्नु भएका छन । सह-सेनानी विकास सिलवाल बलबहादुर सिलवालको नाती र अमीर सिलवालको छोरा पनि नेपाली सेनामा कार्यरत छन् ।[168]

१६८ *ऐजन,* पृ. १५० ।